सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

७ पुस २०८०, शनिबार (23 Dec 2023, Saturday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २४३ ■ पृष्ठ १२ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

झ ना नयाँ

सम्बन्ध



रामशरण-प्रकाशशरण

एकै नदीका दुई किनारा

नेविसंघका पूर्वमहामन्त्री, अध्ययनशील छवि, अर्थशास्त्रमा पिएचडी, राष्ट्रिय योजना आयोग हुँदै अर्थ मन्त्रालय सम्हालेका, अन्तर्राष्ट्रिय अध्ययन र अनुभव दुवैका साझा परिचय। कांग्रेसको राजनीतिमा भने स्पष्ट विपरीत धारका यात्री। रामशरण कोइराला खेमा र प्रकाशशरण देउवा खेमा।



सफलता

नेपाल सरकारकी

कान्छी सचिव !

२४ चैत ०६६ मा उपसचिवबाट निजामती सेवा छिरेकी सरिता दवाडीले १४ वर्ष पुग्न चार महिना बाँकी छँदै सचिवमा फड्को मारिन्। अबको पाँच वर्षपछि सचिवबाट सेवानिवृत्त हुँदा उनको कार्यावधि १९ वर्षभित्र हुन्छ। त्यसैले उनी पेन्सनबाट वञ्चित हुनेछिन्। 'निजामतीमा आएपछि पेन्सन खान्छु भन्ने त थियो,' उनी भन्छिन्, 'तर, अहिले बढुवा हुनैपर्ने स्थिति बन्यो।'

कलाकार मदनदास श्रेष्ठका

सात किस्सा

दरबारको डाइटले

पखाला लाग्यो



रेडियो नाटकका प्रवर्द्धक श्रेष्ठको जीवन भोगाइ रोचक र प्रेरणादायी छ।



अविवाहित जीवन

श्रीमती, परिवार भइदिए हुन्थ्यो भन्ने लाग्छ

रामहरि खतिवडा, कांग्रेस नेता

'क्याम्पस पढ्दा केटी साथीहरूले फ्लाइङ किस पनि दिन्थे। तर, वास्तै गरिनँ।'

आठ अर्ब ७४ करोड विद्युत् महसुल नतिर्ने चार उद्योगको लाइन काटियो

देश लोडसेडिङको चरम मारमा रहेका वेला ६१ उद्योगले डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत उपभोग गरेको विद्युत्को २१ अर्ब ८८ करोड बक्यौता छ, प्रधानमन्त्रीको निर्देशनलगत्तै विद्युत् प्राधिकरणले बक्यौता उठाउन आक्रामक पहल थालेको छ



■ जगदम्बा स्टिल

बक्यौता रकम : **४ अर्ब १४ करोड**



■ रिलायन्स स्पिनिङ मिल्स

बक्यौता रकम : **१ अर्ब ९४ करोड**



■ घोराही सिमेन्ट

बक्यौता रकम : **१ अर्ब ३६ करोड**



■ अर्घाखाँची सिमेन्ट

बक्यौता रकम : **१ अर्ब ३० करोड**

मिलन विश्वकर्मा/नयाँ पत्रिका

बक्यौता महसुल उठाउन नेपाल विद्युत् प्राधिकरण आक्रामक बनेको छ। प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेका जगदम्बा स्टिल, रिलायन्स स्पिनिङ मिल्स, घोराही सिमेन्ट र अर्घाखाँची सिमेन्टको शुक्रबार काटेको छ। यी उद्योगहरूको आठ अर्ब ७४ करोड महसुल बक्यौता थियो।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले बिहीबार मात्रै प्राधिकरणलाई डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल नतिर्ने उद्योगको लाइन काट्न निर्देशन दिएका थिए। ठूलो रकम बक्यौता भएकाबाट कारबाही सुरु गर्न प्रधानमन्त्रीको सुझाव थियो। सोहीअनुसार प्राधिकरणले पहिलो चरणमा धेरै बक्यौता भएका उद्योगको लाइन काटेको हो।

प्राधिकरणका अनुसार जगदम्बा स्टिलको बक्यौता सबैभन्दा धेरै छ। जगदम्बाको मात्रै चार अर्ब १४ करोड रुपैयाँ महसुल बक्यौता छ। त्यस्तै, रिलायन्स स्पिनिङ मिल्सको एक अर्ब ९४ करोड, घोराही सिमेन्टको एक अर्ब ३६ करोड र अर्घाखाँची सिमेन्टको एक अर्ब ३० करोड बक्यौता छ। लाइन काटिएपछि यी उद्योगमा लाइटिङ लोडसमेत दिइएको छैन।

महसुल नतिर्ने अन्य उद्योगको पनि क्रमशः लाइन काट्दै जाने प्राधिकरणको योजना छ। 'पहिलो चरणमा सबैभन्दा धेरै बक्यौता भएकै उद्योगबाट लाइन काट्न सुरु गरेका छौं। बक्यौता नतिर्ने अन्य उद्योगको पनि चरणबद्ध रूपमा लाइन काट्ने योजनामा छौं,' प्राधिकरणका उपकार्यकारी निर्देशक मनोज सिलवाललेे भने।

प्राधिकरणका अनुसार ६१ उद्योगले डेडिकेटेड फिडर र ट्रंक लाइनको २१ अर्ब ८७ करोड ८५ लाख रुपैयाँ तिर्न बाँकी छ। यो गत आर्थिक वर्षसम्मको बक्यौता हो। चालू आवको ब्याज तथा जरिवाना थपिँदा यो रकम अझ धेरै हुन्छ।

» पृष्ठ २ मा क्रमशः

धेरै बक्यौता भएका उद्योगहरूबाट लाइन काट्न सुरु गरेका छौं



● **मनोज सिलवाल**, उपकार्यकारी निर्देशक, नेपाल विद्युत् प्राधिकरण

पहिलो चरणमा सबैभन्दा धेरै बक्यौता भएकै उद्योगहरूबाट लाइन काट्न सुरु गरेका छौं। बक्यौता नतिर्ने अन्य उद्योगको पनि चरणबद्ध रूपमा लाइन काट्ने योजनामा छौं।

विद्युत् प्रयोग गरेको प्रमाण दियो भने पैसा तिर्न तयार छौं



● **साहिल अग्रवाल**, अध्यक्ष, जगदम्बा स्टिल

प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेको प्रमाण दिन्छ भने पैसा तिर्न तयार छौं। प्रयोग नै नगरेको बिजुलीको पैसा कुनै पनि हालतमा तिर्दैनौं। अब उद्योगको चाबी सरकारलाई बुझाउनुको विकल्प छैन।

कुन 'प्रोफाइल' हुन् लाइन काटिएका उद्योग ?

विद्युत् प्राधिकरणले लाइन काटेका चार उद्योग देशकै ठूला उद्योगमध्येका हुन्। यिनको वार्षिक नाफा पनि ठूलै रकममा हुने गर्छ। जगदम्बा स्टिल देशकै ठूलो स्टिल कम्पनी हो। सन् १९९४ मा स्थापना भएको यो उद्योगले ०७८/७९ मा ५० अर्ब र ०७९/८० मा ४० अर्बको कारोबार गरेको थियो। चालू आवमा पनि ४० अर्बभन्दा माथिको कारोबार हुने अनुमान छ। साथै, नाफा रकम पनि मोटो नै हुने गर्छ। प्राधिकरणलाई सबैभन्दा धेरै महसुल तिर्ने ग्राहक हो जगदम्बा। यो उद्योग एक्लैले वार्षिक दुई अर्बभन्दा धेरै विद्युत् महसुल तिर्दै आएको छ।

त्यस्तै, सन् २००९ मा स्थापना भएको घोराही सिमेन्टले केही महिनाअघि मात्रै तीन सय ३५ रुपैयाँ प्रिमियमसहित चार सय ३५ रुपैयाँमा आइपिओ जारी गरेको थियो। सन् १९९४ देखि सञ्चालनमा आएको रिलायन्स स्पिनिङ मिलले त बुक बिल्डिङबाटै आइपिओ निष्कासन गर्ने गरी नेपाल धितोपत्र बोर्डमा ३१ असार ०७९ मा आवेदन दिइसकेको छ। यसको आइपिओमा सहभागी हुन संस्थागत लगानीकर्तालाई प्रतिकित्ता ६ सय आठदेखि नौ सय १२ रुपैयाँसम्मको रेन्ज तोकिएको छ। सन् १९९८ मा डेस्टिनी इन्डस्ट्रीका नाममा सुरु भएको उद्योग सन् २०११ देखि अर्घाखाँची सिमेन्टमा परिणत भएको थियो। पछिल्लो समय सिमेन्ट निर्यात गरिरहेको अर्घाखाँचीले वार्षिक ठूलो रकममा कारोबार गर्दै आएको छ।

टिआरसी विधेयकमा शीर्ष तहमै सहमति खोज्नुपर्ने संसदीय समितिको निष्कर्ष

शीर्ष नेतृत्वसँग संवाद गर्ने जिम्मा समिति सभापति, मन्त्री र सचेतकलाई

नयाँ पत्रिका

संसदीय समितिले संक्रमणकालीन न्याय (टिआरसी)सम्बन्धी विधेयकका टुंगिन बाँकी विषयमा शीर्ष नेतृत्वबाटै सहमति खोज्नुपर्ने निष्कर्ष निकालेको छ। कानुन, न्याय तथा मानव अधिकार समितिको शुक्रबार बसेको बैठकले राजनीतिक सहमतिकै आधारमा विधेयकलाई टुंग्याउने निर्णय गरेको हो। यसका लागि राजनीतिक

» पृष्ठ २ मा क्रमशः

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



कानुन, न्याय तथा मानव अधिकार समितिको शुक्रबार बसेको बैठक। तस्बिर : **अमुल थापा**

बैठकमा कसले के भने ?



जीवन परियार महेश बर्तौला पूर्णबहादुर घर्ती

कांग्रेस सांसद जीवन परियारले नटुंगिएको विषय टुंग्याउन समिति सभापतिले आवश्यक पहल लिनुपर्ने बताए। एमाले सचेतक महेश बर्तौलाले पनि विधेयकका विषयवस्तु राजनीतिक प्रकृतिको हुँदा छलफल खुला राख्नुपर्ने धारणा राखे। यद्यपि, सहमति जुट्न नसके संसद्भित्रका विधिहरूबाट पनि जान सकिने उनको भनाइ थियो। माओवादी सांसद पूर्णबहादुर घर्तीले राजनीतिक सहमतिकै बाटोबाट हल गर्नुपर्ने बताए।

प्राकृतिक स्रोत दोहनका आरोपितलाई सफाइ दिने फैसलाविरुद्ध अख्तियार सर्वोच्चमा

अख्तियारको पुनरावेदनमा भनिएको छ–



नयाँ पत्रिका

प्राकृतिक स्रोत दोहन गरी बेहिसाब तरिकाले राज्यलाई हानि-नोक्सानी पुऱ्याएको, कानुनी व्यवस्थाको अनदेखा गरी राज्यलाई एक अर्ब २४ करोड ४५ लाख हानि पुऱ्याएको, प्रतिवादीबीच राजस्व चुहावटमा सहमति र मिलेमतो देखिएको, बदनियत राखेको र यस्तो कार्य प्रमाणद्वारा नै पुष्टि भइसकेकोमा विशेषको फैसला कानुनसम्मत नभएकाले बदरभागी छ।

प्राकृतिक स्रोत दोहन गरेको अभियोगमा दायर गरेको मुद्दाका सबै आरोपितले विशेष अदालतबाट सफाइ पाएपछि उक्त फैसलाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गरेको छ। झन्डै सवा अर्ब बिगो दाबीसहित २७ जनालाई प्रतिवादी बनाएर दायर गरेको मुद्दामा विशेष अदालतले सफाइ दिएपछि अख्तियार बिहीबार पुनरावेदनमा गएको हो।

अनुमति पाएभन्दा अधिक परिमाणमा खानीबाट सिमेन्ट निकालेर प्राकृतिक स्रोत दोहन तथा राजस्व चुहावट गरी भ्रष्टाचार गरेको ठहर गर्दै अख्तियारले खानी तथा भूगर्भ विभागका तत्कालीन महानिर्देशक रामप्रसाद घिमिरेसहित कर्मचारी, सिमेन्ट उद्योग र सञ्चालकहरूसहित २७ जनालाई प्रतिवादी कायम गर्दै १२ माघ ०७८ मा विशेषमा मुद्दा दायर गरेको थियो। उपमहानिर्देशक रहँदा घिमिरेसहितका कर्मचारीले सिमेन्ट उद्योगसँगको मिलेमतोमा राजस्व चुहावट गरी नेपाल सरकारलाई नोक्सानी पुऱ्याएको अख्तियारको अभियोजनमा उल्लेख थियो। त्यसक्रममा अख्तियारले घिमिरेसहित नौ कर्मचारी, नौ सिमेन्ट कम्पनी र तिनका सञ्चालकलाई प्रतिवादी कायम गरेर मुद्दा दायर गरेको थियो।

अनुमति लिएभन्दा बढी परिमाणमा चुनढुंगा खानी दोहन गरेको भन्दै सबैभन्दा बढी पशुपति मुरारका सञ्चालक रहेको सिद्धार्थ मिनेरल्स प्रालिलाई ४९ करोड ४५ लाख रुपैयाँ बिगो दाबी गरिएको थियो। अख्तियारले शरद गोयल सञ्चालक रहेको मारुती सिमेन्ट्समाथि साढे २० करोड, विष्णुप्रसाद न्यौपाने सञ्चालक रहेको सर्वोत्तम सिमेन्टलाई १६ करोड ३१ लाख र ऋषि अग्रवाल सञ्चालक रहेको अन्नपूर्ण क्वेरिजलाई ११ करोड १७ लाख रुपैयाँ बिगो माग दाबी गर्दै मुद्दा दायर गरेको थियो। यसैगरी, युनाइटेड सिमेन्ट्स प्रालि तथा सञ्चालक नरेश दुगडसँग नौ करोड ६९ लाख र सोनापुर मिनेरल्स एन्ड आयल लिमिटेड तथा सञ्चालक निपेश तायलसँग ६ करोड ९८ लाख रुपैयाँ बिगो माग दाबी गर्दै मुद्दा दायर भएको थियो। अख्तियारले डोलोमाइट चुनढुंगा उद्योग र सञ्चालक मानबहादुर श्रेष्ठमाथि पाँच करोड ४३ लाख तथा कञ्चन क्वेरिज प्रालि र सञ्चालक भीमबहादुर थापा क्षेत्रीमाथि तीन करोड आठ लाख रुपैयाँ बिगो माग गर्दै मुद्दा दायर गरेको थियो। उदयपुर मिनेरल्स टेक प्रालिका प्रबलजंग पाण्डे र उनको उद्योगलाई एक करोड ७९ लाख रुपैयाँ बिगो माग दाबी गर्दै प्रतिवादी बनाइएको थियो।

त्यस्तै, खानी तथा भूगर्भ विभागका तत्कालीन महानिर्देशक रामप्रसाद घिमिरेविरुद्ध एक अर्ब २४ करोड ४५ लाख बिगो मागदाबी गरिएको थियो। सुपरिटेन्डेन्ट माइनिङ इन्जिनियर जयराज घिमिरे र कानुन उपसचिव सपना अधिकारीविरुद्ध पनि त्यति नै बिगो कायम गरिएको

» पृष्ठ २ मा क्रमशः

बुढानीलकण्ठ निवास सर्ने 'साइत' कुर्दै देउवा

वास्तुको दोष मेट्न प्रवेशद्वारको संरचना फेरबदल गरी तामाका तार र क्रिस्टल राखियो

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

गत वर्ष १० पुसमा राजनीतिक समीकरण बदलिँदा काङ्ग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्रीबाट प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतमा पुगे। बालुवाटार छाडेर उनी बुढानीलकण्ठ निवास गएनन्, धुम्बाराहीस्थित कूटनीतिज्ञ कुलचन्द्र न्यौपानेको घर भाडामा लिएर सरे। कारण थियो, निजी निवासको मर्मत। साथै, ज्योतिषको 'सल्लाह'।

एक वर्षदेखि जारी देउवानिवास मर्मत कार्य लगभग अन्तिम चरणमा छ। तर, मर्मतका कारणले मात्रै देउवा घर सर्न भने रोकिएका होइनन्। यसमा उनको ज्योतिष परामर्शले पनि काम गरेको छ। उनी प्रायः ज्योतिषीको सल्लाहअनुसार 'मुभ' गर्ने गर्छन्। देउवाले परामर्श गरिरहेका ज्योतिष तथा वास्तुविज्ञ सुरेशचन्द्र रिजालका अनुसार आफूसँगको परामर्शका आधारमा बालुवाटारबाट बाहिरिनेदेखि वास्तु मिलाएर मर्मत र घर सर्ने साइतको खोजी भइरहेको छ। पछिल्लो समय घर सर्ने साइतका लागि पनि उनीसँग देउवाले परामर्श गरेका थिए।

'बुढानीलकण्ठ शेरबहादुर देउवालाई भाग्योदय गराउने ठाउँ हो। त्यहाँको घर आफैंमा वास्तुसम्मत छ, तर ग्रह परिवर्तन भएअनुसार वास्तुमा पनि फेरबदल गर्नुपर्ने हुन्छ। त्यहीअनुसार अहिले घरको संरचनामा सामान्य परिवर्तन गर्न लागिएको हो। पछिल्लो समय

» पृष्ठ २ मा क्रमशः





बुढानीलकण्ठस्थित घरको मुख्यद्वार (गेट)को संरचना पूर्ण रूपमा फेरबदल गर्ने गरी काम भइरहेको छ। साथै, घरका भित्री र बाहिरी संरचनामा केही परिवर्तन गरिएको छ। घरको छतमा रहेको स्विमिङ पुलको उचाइ र संरचनामा परिवर्तन गरिएको छ। प्रवेशद्वारमा वास्तुको दोष मेट्न तामाका तार र क्रिस्टल राखेर वास्तुसम्मत बनाउन लागिएको छ। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

■ शेरबहादुर देउवाले परामर्श गरिरहेका ज्योतिष तथा वास्तुविज्ञ सुरेशचन्द्र रिजाल भन्छन्-

वास्तु मिलाएर मर्मत र घर सर्ने साइतको खोजी भइरहेको छ



बुढानीलकण्ठ शेरबहादुर देउवालाई भाग्योदय गराउने ठाउँ हो। त्यहाँको घर आफैंमा वास्तुसम्मत छ, तर ग्रह परिवर्तन भएअनुसार वास्तुमा पनि फेरबदल गर्नुपर्ने हुन्छ। त्यहीअनुसार अहिले घरको संरचनामा सामान्य परिवर्तन गर्न लागिएको हो। मर्मत चलिरहेका वेला पनि एक-दुईपटक वास्तुसम्मत भए-नभएको बुझ्न बुढानीलकण्ठ गएको छु। जुन दिन देउवा साइत गरेर बुढानीलकण्ठ जानुहुन्छ, त्यसले उहाँलाई थप शक्तिशाली बनाउँछ। ग्रहका सबै अवस्थालाई हेरेर बालुवाटारबाट धुम्बाराही र धुम्बाराहीमा केही समय होल्ड गरिएको हो।

■ देउवाका स्वकीय सचिव भानु देउवा भन्छन्-

वास्तुले होइन, मर्मतमा ढिलाइ भएर हो



वास्तुसम्मत काम भइरहेकाले सर्न ढिलाइ भएको होइन। मर्मतको काम नसकिएकाले ढिलाइ भएको हो। वास्तुसम्मत बनाउन लागिएको भन्ने होइन। सामान्य मर्मतसम्भारको काम हो। एक महिनाअघि नै सर्ने कुरा थियो काम नसकिएकाले रोकिएको हो।

नापतौल यन्त्रमै कैफियत

तर, जनशक्ति न्यून हुँदा अनुगमनमा कमी

बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

बाँकेमा चार महिनाको अवधिमा नापतौल यन्त्र कैफियत गर्ने पाँच सय ६९ वटा फर्म, कम्पनी र व्यापारीलाई कारबाही गरिएको छ। चालू आर्थिक वर्षमा ६ सय ९८ वटा नापतौल यन्त्र जाँच गर्दा पाँच सय ६९ वटा फर्म, कम्पनी र व्यापारीलाई कारबाही गरिएको गुणस्तर तथा नापतौल कार्यालय नेपालगन्जका प्रमुख कमल ओझाले बताए।

नापतौल यन्त्र नवीकरण नगर्ने, ढिलो गरी नवीकरण गर्ने र दर्ता तथा जाँच नगराएकालाई कारबाही गरिएको ओझाले जानकारी दिए। उनका अनुसार चालू आर्थिक वर्षको चार महिनामा एक सय १९ फर्मको अनुगमन गरिएको थियो। 'नापतौल यन्त्र दर्ता तथा पटक-पटक जाँच गराउनुपर्छ भन्ने जानकारी नभएको देखिन्छ,' उनले भने, 'जानीजानी नआउनेको संख्या पनि धेरै छ। एकपटक जाँच गराएपछि सधैँका लागि हुन्छ भन्ने मानसिकता भएको पनि देखिन्छ। लापरबाहीका कारण समयमा नगराएको पनि देखिन्छ।'

> लुम्बिनी प्रदेशका बर्दिया, बाँके, दाङ, रुकुम पूर्व, रोल्पा र प्युठानका बजारमा प्रयोग हुने नापतौल यन्त्रको अनुगमन गर्ने जिम्मा गुणस्तर तथा नापतौल कार्यालय नेपालगन्जले पाएको छ। ६ जिल्लाका बजार अनुगमन गर्नुपर्ने कार्यालयमा कर्मचारी भने दशजना मात्र छन्।

त्यस्तो कारबाहीबाट १२ लाख ७९ हजार सात सय ५९ रुपैयाँ राजस्व संकलन भएको छ। गुणस्तर तथा नापतौल कार्यालयले गत आर्थिक वर्ष एक हजार सात सय ४० वटा नापतौल यन्त्रको जाँच गर्दा एक हजार चार सय ७९ जनालाई आर्थिक जरिवाना गरेको थियो। जरिवानाबाट ५२ लाख ४५ हजार सात सय ६२ रुपैयाँ राजस्व संकलन भएको कार्यालय प्रमुख ओझाले बताए।

गुणस्तर तथा नापतौल कार्यालय नेपालगन्जले लुम्बिनी प्रदेशका बर्दिया, बाँके, दाङ, रुकुम पूर्व, रोल्पा र प्युठानका बजार हेर्दै आएको छ। ६ जिल्लाका सबै ठाउँको नापतौल यन्त्र जाँच गर्ने जिम्मा पाएको कार्यालयमा जम्मा १० जना कर्मचारी मात्र कार्यरत छन्। 'कार्य क्षेत्र ठूलो छ, तर स्रोत-साधन र जनशक्ति एकदमै थोरै छ। एकातिर हेर्‍यो अर्कोतिर छुट्छ,' उनले भने, '३७ वर्ष पुरानो सवारीसाधनले काम चलाइराख्या छौँ। कोहलपुर पुग्नसमेत मुस्किल पर्छ।'

पछिल्लो चार महिनामा ६ जिल्लामा रहेका मुख्य बजारका व्यापारीले नापतौल यन्त्र जाँच गराएको ओझाले जानकारी दिए। बजारबाहिरको क्षेत्रमा भने कार्यालयको पहुँच नपुगेको उनको भनाइ छ। 'मुख्य बजारका फर्म, व्यापारी र कम्पनीले नियमित रूपमा जाँच गराए पनि गाउँ र दुर्गम क्षेत्रमा जाँच गराउनेको संख्या एकदमै न्यून छ,' उनले भने।

नापजाँचका क्रममा अन्य क्षेत्रभन्दा तरकारी र मासु व्यवसायीले नापतौलमा कैफियत गरेको पाइएको छ। कतिपय ठाउँमा अहिले पनि ढुंगाको प्रयोग हुने गरेको छ। 'नापतौल गर्न अहिले पनि ढुंगा, भारतीय ढक, काठको डन्डी, सुनचाँदी खरिद-बिक्री गर्दा ग्राम, मिलिग्राममा मात्र तौल गर्ने तथा तोला, आना, मासा, रती (लालगेडी) लगायत अवैध सामान प्रयोग गरेको पाइन्छ,' उनले भने, 'नापतौल वा नाप्ने, तौलने यन्त्रहरू खरिद गर्दा आधिकारिक विक्रेताबाट बिल लिएर खरिद नगरेको देखिन्छ।'

भुलसुधार

उपकार लघुवित्त वित्तीय संस्था लि. ले पाँचौ वार्षिक साधारणसभा सम्बन्धी सूचना मिति : २०८०/०९/०६ गते प्रकाशित गरेको सूचनामा
१. पाँचौ वार्षिक साधरणसभाका लागि यस वित्तीय संस्थाको मिति २०८० साल पुष १८ गते १ दिन सेयर दाखिला खारेज दर्ता बन्द रहनेछ। साथै नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८०/०९/१८ गतेसम्म कारोबार भई प्रचलित कानुन बमोजिम वित्तीय संस्थाको सेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेण्ट बैंकिङ लिमिटेड काठमाडौंमा प्राप्त विवरणको आधारमा कायम सेयर धनिहरू मात्र साधारणसभामा भाग लिन, मतदान गर्न योग्य हुनेछन। हुनुपर्नेमा अन्यथा भएकोले भुल सुधार गरियो।

Upakar Laghubitta Bittiya Sanstha Limite
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
उपकार Head Office Kohalpur-11 Banke

सच्चाइएको सम्वन्धमा

यस रिलायन्स फाइनान्स लि.को मिति २०८०/०९/०६ गते प्रकाशित **रिलायन्स फाइनान्स लिमिटेडका ऋण नतिर्ने ऋणीलाई कर्जा चुक्ता गर्ने १५ दिने अत्यन्त जरुरी सूचनामा** (प्रकाशित मितिः २०८०/०९/०६) हुनुपर्नेमा अन्यथा भएकोले यो सूचना प्रकाशित गरिएको छ।

RELIANCE FINANCE LIMITED
रिलायन्स फाइनान्स लिमिटेड
वित्तीय सेवाको अर्को परिभाषा

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नो बैंक

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

सिंहदरबारप्लाजा, काठमाडौं

वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८०/०९/०७ गते)

यस बैंकको सञ्चालक समितिको मिति २०८०/०९/०६ गते बसेको २६५४ औं बैठकको निर्णयानुसार बैंकको **१८ औं वार्षिक साधारण सभा** निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७(२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिका लागि यो सूचना प्रकाशन गरिएको छ।

(क) साधारण सभा हुने मिति, समय र स्थान :
मिति : २०८०/०९/२९ गते, आइतबार।
समय : दिनको २:०० बजे।
स्थान : दरबारमार्ग स्थित राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको सभा हल।

(ख) छलफलका विषयहरु :

(अ) साधारण प्रस्तावहरु

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नुहुने बैंकको आ.व.२०७९/८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८० आषाढ मसान्तको वित्तीय स्थितिको विवरण, मिति २०७९/०४/०१ देखि २०८०/०३/३१ सम्मको नाफा तथा नोक्सान विवरण, सोही अवधिको नगद प्रवाह विवरण तथा शेयरधनी कोष परिवर्तनको विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने।
(३) सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप बैंकको २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता शेयर पूंजी रु.१५,६३,७३,७७,०५५।- (अक्षरेपी रु. पन्ध्र अर्ब त्रिसठ्ठी करोड त्रिहत्तर लाख सतहत्तर हजार पचपन्न मात्र) को ५.५० (पांच दशमलव पांच शुन्य।) प्रतिशतले हुने रु ८६,००,५५,७३८।- (अक्षरेपी रु. छयासी करोड पचपन्न हजार सात सय अड्तीस मात्र।) नगद लाभांश (कर प्रयोजन सहित) वितरण गर्न स्वीकृति प्रदान गर्ने।
(४) आ. व. २०८०/८१ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने तथा निजहरुको पारिश्रमिक निर्धारण गर्ने।

(आ) विशेष प्रस्तावहरु:

(इ) विविध

साधारणसभा सम्बन्धी अन्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनको निमित्त मिति २०८०/०९/१८ गते शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्स्चेन्ज लि.मा मिति २०८०/०९/१७ गतेसम्म कारोबार भई नियमानुसार शेयर नामसारी भएका शेयरधनीहरुले मात्र यस साधारण सभामा सहभागी हुन तथा आ.व. २०७९/०८० को लाभांश पाउन योग्य हुनेछन्।
२. साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र वा हितग्राही नं. तथा आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ।
३. शेयरधनी महानुभावहरुको उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका साधारण सभा हुने दिन दिउंसो १:०० बजे देखि २:०० बजे सम्म खुल्ला गरिनेछ।
४. साधारणसभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ७२ घण्टा अगाडि बैंकको केन्द्रीय कार्यालय स्थित सञ्चालक समितिको सचिवालयमा दर्ता गराई सक्नुपर्नेछ। बैंकको शेयरधनी बाहेक अरुलाई प्रोक्सी दिन र एकभन्दा बढी व्यक्तिलाई आफ्नो शेयर विभाजन गरी तथा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन, यसरी दिइएको प्रोक्सी सबै बदर हुनेछन्।
५. एकजना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ। तर प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधि पत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधि पत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रीय कार्यालयमा सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधिलाई स्वत: बदर भएको मानी पछिल्लो प्रतिनिधि (प्रोक्सी) लाई मान्यता दिईनेछ।
६. प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधि (प्रोक्सी) स्वत: बदर हुनेछ।
७. बुँदा नं. ३, ४ र ५ मा उल्लेखित दिन कुनै सार्वजनिक बिदा पर्न गएमा पनि सो दफाहरुमा उल्लेखित प्रयोजनको निमित्त कम्पनीको कार्यालय खुल्ला रहनेछ।
८. एकभन्दा बढी व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्वसम्मतबाट प्रतिनिधि चयन गरिएको एकजनाले मात्र वा लगत किताबमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नेछ।
९. नाबालक वा मानसिक सन्तुलन ठीक नरहेको शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भइसकेका महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
१०. संगठित संस्थाका शेयरधनी भएमा त्यस्ता संगठित संस्थाद्धारा मनोनित व्यक्तिले ल्याउने गरी प्रोक्सी फारम संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत हुनु पर्नेछ।
११. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालयस्थित सञ्चालक समितिको सचिवालयमा सम्पर्क राख्न अनुरोध गरिन्छ। साथै अन्य जानकारीका लागि बैंकको वेवसाईट www.rbb.com.np मा हेर्न सकिनेछ।

संचालक समितिको आज्ञाले,
कम्पनी सचिव

आठ अर्ब...

पृष्ठ १ बाट क्रमशः

शिवम् सिमेन्टको मात्रै दुई अर्ब ३० करोडहाराहारीमा बक्यौता छ। तर, शिवम्ले अदालतबाट मुद्दा जितेको छ। सोही कारण तत्काललाई उक्त उद्योगको लाइन नकाटिएको प्राधिकरणको भनाइ छ।

प्राधिकरणले यसअघि ०७६ फागुनमा पनि बक्यौता नतिर्ने उद्योगको लाइन काटेको थियो। तर, राजनीतिक तथा सरकारकै दबाबमा तत्कालका लागि लाइन जडान गरिएको थियो। उल्टै प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङलाई स्पष्टीकरण सोधिएको थियो। अहिले भने प्रधानमन्त्रीकै निर्देशनमा लाइन काटिएको हो।

नेपालमा चरम लोडसेडिङ भएका वेला प्राधिकरणले ६५ प्रतिशतभन्दा बढी शुल्कमा उद्योगहरूलाई डेडिकेटड फिडर र ट्रंक लाइनबापत न्यूनतम २० घन्टा विद्युत् उपलब्ध गराएको थियो। यो सोहीअन्तर्गतको बिजुलीको बक्यौता हो।

प्राधिकरणले यसअघि लाइन काट्ने चेतावनीसहित पटक-पटक बक्यौता तिर्न सार्वनिक सूचना प्रकाशन गरिसकेको छ। पछिल्लोपटक गत ५ मंसिरसम्मको समय दिएर प्राधिकरणले बक्यौता तिर्न भनेको थियो, तर उद्योगहरूले बक्यौता तिरेका थिएनन्। राजनीतिक नेतृत्वको पूर्ण समर्थन नहुँदा प्राधिकरणले थप कदम उठाउन सकेको थिएन। अहिले प्रधानमन्त्रीकै साथ पाएपछि आफूहरू लाइन काट्न अघि सरेको प्राधिकरणका एक अधिकारीले बताए।

'बक्यौता तिर्न पटक-पटक उद्योगहरूलाई पत्राचार गर्ने तथा सार्वजनिक सूचना निकाल्ने काम गरेका थियौँ। तैपनि उनीहरूले बक्यौता तिरेका थिएनन्। त्यसअनुसार हामीलाई लाइन काट्नका लागि पर्याप्त कानुनी आधार तयार भइसकेको थियो,' ती अधिकारीले भने, 'तर, सरकारबाट पूर्ण समर्थन नहुँदा लाइन काट्न सकिएको थिएन। अहिले प्रधानमन्त्रीले नै निर्देशन दिएपछि हामीलाई बक्यौता उठाउन लाइन काट्नेसम्मका कदम चाल्न सहज भयो। अब बक्यौता नतिर्ने अन्य उद्योगको पनि चरणबद्ध रूपमा लाइन काट्छौँ।'

मिटर रिडिङ भएको १५ दिनसम्म महसुल नतिरेमा १६औँ दिनदेखि थप दस्तुर लाग्ने कानुनी व्यवस्था छ। मिटर रिडिङ भएको मितिले १६औँ देखिदेखि ३० औँ दिनसम्म पाँच प्रतिशत, ३१औँ दिनदेखि ४०औँ दिनसम्म १० प्रतिशत र ४१औँ दिनपछि २५ प्रतिशतका दरले थप दस्तुर लाग्ने व्यवस्था छ। यसरी २५ प्रतिशतका दरले थप दस्तुर लागेको ६०औँ दिनसम्म पनि बक्यौता महसुल नबुझाएमा लाइन काट्ने व्यवस्था छ। डेडिकेटड फिडर र ट्रंक लाइनको बक्यौता नतिरेका उद्योगको हकमा यो चरण पार भइसकेको छ। लाइन काटेको ६ महिनासम्म पनि बक्यौता महसुल नबुझाउने उपभोक्तालाई कालोसूचीमा राख्ने प्राधिकरणको तयारी छ।

उद्योगीहरू भन्छन्- बिजुली प्रयोग गरेको प्रमाण दिए मात्रै पैसा तिर्छौँ

प्राधिकरणले लाइन काटेसँगै उद्योगीहरू चिन्तित बनेका छन्। उचित निकास नखोजी लाइन काट्न प्राधिकरणको कदम गलत भएको उनीहरूको भनाइ छ। त्यसमाथि उद्योग चल्ने सिजनका वेला लाइन काट्दा उद्योगलाई मात्रै नभएर समग्र अर्थतन्त्रमै नकारात्मक असर पर्ने उनीहरूको दाबी छ।

अर्घाखाँची सिमेन्टका सञ्चालक पशुपति मुरारकाले प्राधिकरणको कदम उचित नभएको बताए। सहमतिमा उचित निकास निकाल्नुपर्नेमा प्राधिकरण एकतर्फी रूपमा अघि बढ्दा झन् समस्या आउने उनले बताए। प्राधिकरणले उद्योगलाई बन्द नै हुने अवस्थामा पुऱ्याएर बक्यौता असुल गर्न खोज्नु गलत भएको उनको गुनासो छ। 'प्राधिकरणले लाइन काटी नै सक्यो, अब त के नै गर्न सकिन्छ। यसमा हाम्रो कुनै थप प्रतिक्रिया छैन,' उनले भने, 'यद्यपि, अब कसरी अघि बढ्ने भन्ने विषयमा छलफल गरेर अघि बढ्छौँ।'

प्राधिकरणले विद्युत् प्रयोग गरेको प्रमाण दिए आफूहरूले पैसा दिन तयार रहेको मुरारकाले बताए। 'हामीले जे-जति बिजुली प्रयोग गरेका छौँ, त्यसको पैसा तिरिसकेका छौँ। पछि पठाएको फर्जी बिलको भुक्तानी गर्ने कुरा आउँदैन,' उनले भने, 'यदि, प्राधिकरणले डेडिकेटड फिडर र ट्रंक लाइनको बिजुली प्रयोग गरेको प्रमाण दिन्छ भने सम्पत्ति बिक्री गरेर भए पनि बक्यौता भुक्तानी गर्छौँ।'

जगदम्बा स्टिलका अध्यक्ष साहिल अग्रवालले पनि प्रमाणविना कुनै पनि हालतमा पैसा नतिर्ने बताए। 'प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनबाट विद्युत् प्रयोग गरेको प्रमाण दिन्छ भने पैसा तिर्न तयार छौँ,' उनले भने, 'प्रयोग नै नगरेको बिजुलीको पैसा कुनै पनि हालतमा तिर्दैनौँ।' उद्योग नै बन्द गराएर पैसा उठाउन खोज्नु गलत प्रवृत्ति भएको उनको भनाइ छ। प्राधिकरणको कदम समग्र औद्योगिक क्षेत्रका लागि दुःखद भएको उनले बताए।

'यो त सरासर उद्योग नै बन्द गराउन खोजेको देखियो। अब उद्योगको चाबी सरकारलाई बुझाउनुको विकल्प छैन। उद्योगमा हजारौँ मजदुर छन्। बैंकमा अर्बौं कर्जा छ। अब उद्योग नै बन्द गर्ने अवस्था आएपछि कर्मचारीलाई कसरी तलब दिने ? बैंकको कर्जा कसरी तिर्ने ?' अग्रवालले भने, 'उद्योगको चाबी सरकारलाई बुझाउँछौँ। प्राधिकरणको बक्यौता, कर्मचारीको तलब र बैंकको ऋण पनि सरकारले नै जिम्मा लियोस्।'

त्यस्तै, घोराही सिमेन्टका लगानीकर्ता रामचन्द्र संघाईले भने, 'प्रयोग नै नभएको बिजुलीको पैसा तिर्ने कुरा आउँदैन। प्राधिकरणले डेडिकेटेड र ट्रंक लाइनबाट बिजुली प्रयोग गरेको प्रमाण दिन्छ भने हामी पैसा तिर्न तयार छौँ। त्यसमाथि यतिका ठूलो पैसा कुनै पनि उद्योग तिर्न सक्दैन। अब सरकारलाई उद्योगको चाबी बुझाउनुको विकल्प छैन।'

उद्योग बन्द हुँदा पर्न सक्छन् यस्ता असर ?

उद्योगका लागि विद्युत् अनिवार्य कच्चा पदार्थ हो। उद्योगमा हुने मेसिनलगायत उपकरण चलाउन विद्युत् अनिवार्य चाहिन्छ। विद्युत् नभए उद्योग स्वतः बन्द हुन्छ। अहिले प्राधिकरणले लाइन काटेसँगै चार उद्योग नचल्ने अवस्थामा पुगेका छन्। त्यसको असर देखिनेछ।

हिउँदका कारण यो समयमा निर्माणको गतिविधि बढी हुन्छ। त्यसले गर्दा सिमेन्ट, डन्डीजस्ता निर्माण सामग्री उत्पादन गर्ने उद्योग पनि यही वेला बढी चल्छन्। तर, यही वेला लाइन काटिँदा निर्माण सामग्रीको अभाव भई निर्माण गतिविधि प्रभावित हुने र अर्थतन्त्रमै नकारात्मक असर पर्ने उद्योगीहरूको दाबी छ। साथै, मूल्यवृद्धि हुने सम्भावनासमेत रहेको उनीहरूको भनाइ छ।

के हो डेडिकेटेड फिडर र ट्रंक लाइन विवाद ?

नेपालमा लोडसेडिङ भएका वेला प्राधिकरणले प्रचलितभन्दा ६५ प्रतिशत महँगो महसुल दरमा उद्योगलगायत अत्यावश्यक क्षेत्रमा दैनिक न्यूनतम २० घन्टादेखि २४ घन्टासम्म नै विद्युत् उपलब्ध गराएको थियो। विशेषगरी साउन ०७२ साउनदेखि ३१ वैशाख ०७५ सम्म डेडिकेटेड फिडर र ट्रंक लाइनमार्फत बिजुली दिइएको थियो। ३१ वैशाख ०७५ यता भने लोडसेडिङ अन्त्य भएको थियो।

तर, कानुनअनुसार प्राधिकरणलाई विद्युत् महसुल दर तोक्ने अधिकार थिएन, छैन। त्यसैले प्राधिकरणले ०७२ असारमा निर्धारण गरेको डेडिकेटेड फिडर र ट्रंक लाइन महसुल दर अनुमोदनका लागि तत्कालीन विद्युत् महसुल निर्धारण आयोगमा पठायो। आयोगले २९ पुस ०७२ मा मात्रै त्यो अनुमोदन गऱ्यो। तर, त्यो कहिलेदेखि लागू गर्ने भनेर मिति तोकिएन।

त्यस्तो अवस्थामा उद्योगहरूले आयोगबाट अनुमोदन भएको मितिदेखि मात्रै लागू गर्नुपर्ने भनेर पहिलाको महसुल तिरेका छैनन्। यही विषयमा शिवम् सिमेन्टले सर्वोच्चमा रिट हालेको थियो। सर्वोच्चले त्यसमा २९ पुस ०७२ पछिको मात्रै डेडिकेटड फिडर र ट्रंक लाइनबापतको महसुल लिन भन्यो। तर, अन्य उद्योगको हकमा के हुने भनेर सर्वोच्चको फैसलाले खुलाएन। त्यसैले गर्दा यो विषय विवादमा छ।

२९ पुसदेखि ०७५ वैशाखसम्म (लोडसेडिङ अवधि)को महसुल पनि विवादमा छ। किनकि त्यसबीचमा कतिपय उद्योगले यस्तो बिजुली प्रयोग नगरे पनि डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार बिल आएको दाबी गरेका छन्।

लोडसेडिङ अन्त्य भएपछि (वैशाख ०७५)को अवस्थामा भने यो प्राविधिक रूपमा दुविधामा छ। लोडसेडिङ सकिएपछि उद्योगहरूले सामान्य रूपमा नै बिजुली पाएका छन्। तर, प्राधिकरणहरूले भने डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार नै बिल पठाएको छ। किनकि प्राधिकरणसँग विद्युत् महसुल दर निर्धारण गर्ने अधिकार नभएपछि लोडसेडिङ अन्त्य भए पनि डेडिकेटेड र ट्रंक लाइनको विद्युत् महसुल दर खारेज गर्न सकेन। साथै, त्यसवेला आयोग पनि खारेज गरेर विद्युत् नियमन आयोग स्थापना गर्ने तयारी थियो। त्यसपछि प्राधिकरणले लोडसेडिङ सकिएपछि पनि डेडिकेटेड फिडर र ट्रंक लाइनको महसुल दरअनुसार नै बिल पठायो। पछि सरकारले ०७७ असारदेखि लागू हुने गरी नयाँ विद्युत् महसुल दर ल्याएर यसलाई हटायो। त्यसपछि भने प्राधिकरणले डेडिकेटेड फिडर र ट्रंक लाइनअनुसार बिल पठाउन छोडेको छ।

टिआरसी...

पृष्ठ १ बाट क्रमशः

नेतृत्वसँग संवाद गर्न समिति सभापति, कानुनमन्त्री र दलका प्रमुख सचेतक र सचेतकलाई जिम्मा दिइएको छ।

बैठकपछि समिति सभापति विमला सुवेदीले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयकमा शीर्ष राजनीतिक तहबाट सहमति जुटाएर टुंगोमा पुऱ्याउन प्रयास गरिने बताइन्। विधेयकमाथि दफावार छलफल गरी उपसमितिले बुझाएको प्रतिवेदनमाथि बैठकमा छलफल भएको थियो। उपसमितिले टुंग्याउन नसकेका चारवटा विषय थाती राखेर मूल समितिमा २३ असोजमा प्रतिवेदन बुझाएको थियो।

उपसमितिको प्रतिवेदनमाथिको छलफलमा भाग लिने सांसदहरूले शान्ति प्रक्रियासँग जोडिएको विशिष्ट खालको विधेयक भएकाले सहमतीय प्रक्रियाबाट टुंग्याउनुपर्ने धारणा राखेका थिए। एमाले सांसद प्रतीक्षा तिवारीले राजनीतिक परिवर्तनमा संलग्न दलबीच आपसी छलफल, संवाद र सहकार्य गर्दै सहमतिबाट टुंग्याउनुपर्ने बताइन्। विपक्षी दलको नेताले प्रधानमन्त्रीलाई भेटेर टिआरसी टुंग्याउन सक्रिय भएर लागिरहेको बताउँदै उनले गम्भीर विषय भएकाले समितिमा अल्झाउनेभन्दा शीर्ष तहको सहमतिकै आधारमा जानुपर्नेमा जोड दिइन्।

कांग्रेस सांसद जीवन परियारले नटुंगिएको विषय टुंग्याउन समिति सभापतिले आवश्यक पहल लिनुपर्ने बताए। 'पीडितले कहिलेसम्म ढिलो गर्ने हो भनेर प्रश्न उठाइरहेका छन्। विवादित विषयमा सहमति जुटाएर छिटोभन्दा छिटो अगाडि सार्ने गरी पहल गर्न अनुरोध छ,' उनले भने।

एमाले सचेतक महेश बर्तौलाले पनि विधेयकका विषयवस्तु राजनीतिक प्रकृतिको हुँदा छलफल खुला राख्नुपर्ने धारणा राखे। यद्यपि, सहमति जुट्न नसके संसद्भित्रका विधिहरूबाट पनि जान सकिने उनको भनाइ थियो। 'राजनीतिक पक्षसँग संवाद र सहजीकरणको अग्रसरता रहोस्। यसका लागि समिति सभापति र मन्त्री हुनुहुन्छ। भएन भने संसदीय प्रक्रिया छँदै छ,' उनले भने।

माओवादी सांसद पूर्णबहादुर घर्तीले राजनीतिक सहमतिकै बाटोबाट हल गर्नुपर्ने बताए। 'शान्ति प्रक्रियाका हस्ताक्षरकर्ता सत्तामा मिल्ने, तल किन नमिल्ने ? पीडित र पीडक मिलेर बसेका छन्। तर, न्याय होस् भन्ने मात्रै हो,' उनले भने, 'राजनीतिक नेतृत्वबीच सहमति लिएर अगाडि बढ्नुपर्छ। सहमतिकै बाटोबाट हल हुने गरी सभापति, मन्त्री, प्रमुख सचेतकले पहल गर्नुहुनेछ।'

एकीकृत समाजवादीका शेरबहादुर कुँवरले यसअघि पनि दलका सचेतकलाई शीर्ष नेतृत्वसँग संवाद गर्न म्यान्डेट दिएको भन्दै फेरि पनि सहमतिकै वातावरण बनाउन छलफल गर्नुपर्ने बताए।

कानुनमन्त्री धनराज गुरुङले टिआरसीमा सहमति खोज्न शीर्ष तहमा पटक-पटक छलफल भए पनि निष्कर्षमा नपुगेको बताए। 'शीर्ष तहमा पटक-पटक गम्भीर छलफल भएको छ। तर, फेरि छलफल गर्ने सहमतिबाहेक यो विषय टुंगोमा पुगेको छैन,' उनले भने। उनले सबै एकजुट भएर शान्ति सम्झौता भएकोमा कानुन पारित गर्दा बहुमतीय प्रक्रियाबाट गए सन्देश गलत जाने बताए। 'हतारमै प्रक्रियामा जाउँ भन्दा सन्देश गलत जान्छ। त्यसकारण यसलाई सकेसम्म सहमतिमै टुंग्याउनुपर्ने हुन्छ,' उनले भने, 'जिम्मेवारी समितिकै भए पनि राजनीतिसँग जोडिएकाले सहज ढंगबाट टुंग्याउनुपर्छ।'

टिआरसीमा उपसमितिले टुंग्याउन नसकेको चारवटा विषयमा मानव अधिकारको गम्भीर उल्लंघनको परिभाषामा स्वेच्छाचारी रूपमा क्रूरतापूर्वक (आर्बिटरी) गरिएको हत्या लेख्ने कि दोहोरो भिडन्तबाहेक गरिएको हत्या राख्ने ?, मानव अधिकारको उल्लंघनको घटनामा मेलमिलापका लागि पीडितको स्वतन्त्र सहमति नभएमा के गर्ने ?, द्वन्द्वमा संलग्न बाल सेनालाई परिपूरण (राहत र सहयोग)मा समेट्दा कसरी शब्दको प्रयोग गर्ने ? घटी सजायका सम्बन्धमा आधार-कारण खुलाएर सजाय कम गर्न सकिने व्यवस्था गर्ने वा प्रतिशत नै तोक्ने भन्ने रहेका छन्।

बुढानीलकण्ठ...

पृष्ठ १ बाट क्रमशः

मर्मतको काम भइरहेको छ। काम भइरहेको समयमा पनि एक-दुईपटक वास्तुसम्मत काम भए-नभएको बुझ्न बुढानीलकण्ठ गएको छु। जुन दिन साइत गरेर बुढानीलकण्ठ जानुहुन्छ, त्यसले उहाँलाई थप शक्तिशाली बनाउँछ। ग्रहका सबै अवस्थालाई हेरेर बालुवाटारबाट धुम्बाराही र धुम्बाराहीमा केही समय होल्ड गरिएको हो। त्यसै कारण उहाँको धुम्बाराही बसाइ लम्बिएको हो,' रिजालले नयाँ पत्रिकासँग भने।

बुढानीलकण्ठस्थित घरको मुख्यद्वार (गेट)को संरचना पूर्ण रूपमा फेरबदल गर्ने गरी काम भइरहेको छ। साथै, घरका भित्री र बाहिरी संरचनामा केही परिवर्तन गरिएको छ। रिजालका अनुसार घरको छतमा रहेको स्विमिङ पुलको उचाइ र संरचनामा परिवर्तन गरिएको छ। प्रवेशद्वारमा वास्तुको दोष मेट्न तामाका तार र क्रिस्टल राखेर वास्तुसम्मत बनाउन लागिएको छ। 'प्रवेशद्वारमा क्रिस्टल राख्ने, वास्तुको दोष मेट्न तामाका तार राखेर वास्तुसम्मत बनाउन खोजेको हो। पानीको थोरै कुरा थियो। स्विमिङ पुलको उचाइ र संरचनामा फेरबदलको काम भइरहेको छ,' ज्योतिष रिजालले भने।

अहिले बसिरहेको भाडाको घरमा पनि देउवा ज्योतिषको सल्लाहअनुसार वास्तु र ग्रहदशालाई ध्यानमा राखेर सरेको र सोहीअनुसारको लाभ हासिल गरेको रिजालको दाबी छ। 'सर्नुअघि कुन दिशा उपयुक्त हुन्छ भनेर सल्लाह भएको हो। त्यसवेला सीधै बालुवाटारबाट निस्किएर बुढानीलकण्ठ गइदिएको भए उत्तर पर्थ्यो। त्यसको असर नराम्रो हुन्थ्यो। यी सबैलाई मध्यनजर गरेर राम्रोका लागि उहाँ धुम्बाराहीमा सर्नुभयो,' एक वर्षअघि बालुवाटारबाट बाहिरिँदा दिएको परामर्शबारे रिजालले भने, 'निजी निवास पनि नयाँ तरिकाले मर्मत-सम्भार गर्ने भएपछि त्यसले पनि केही अर्थ पक्कै राख्ने नै भयो। आफ्नो भाग्य र स्वास्थ्यलाई ख्याल गरेर अहिलेको ठाउँमा उहाँ बसोवास गर्दै आउनुभएको हो।'

देउवाका स्वकीय सचिव भानु देउवाले भने मर्मतको काम पूर्ण रूपमा नसकिएकाले बुढानीलकण्ठ कहिले सर्ने भन्ने मिति तय नभएको बताए। 'वास्तुसम्मत काम भइरहेकाले सर्न ढिलाइ भएको होइन। मर्मतको काम नसकिएकाले ढिलाइ भएको हो। वास्तुसम्मत बनाउन लागिएको भन्ने होइन। सामान्य मर्मतसम्भारको काम हो। एक महिनाअघि नै सर्ने कुरा थियो, काम नसकिएकाले रोकिएको हो,' उनले भने।

तत्कालीन समयमा कांग्रेस सरकारबाट बाहिरिएपछि कार्यकर्ताको निराशा पोख्ने थलो देउवाको भाडाको निवास बन्यो। धुम्बाराही सरेको दुई महिनापछि देउवाले गुमेको सातै प्रदेश र केन्द्रको सत्तामा कांग्रेसलाई 'कमब्याक' गराए। पार्टीका नेता रामचन्द्र पौडेललाई राष्ट्रपति बनाउन सफल भए। करिब एक वर्षको अवधिमा कांग्रेसमा 'कोर्स करेक्सन' र सत्तामा पुनरागमनको साक्षी पनि धुम्बाराही नै बन्यो।

सत्तागठबन्धनको सहमतिअनुसार देउवा 'वेटिङ प्राइममिनिस्टर' हुन्। अहिलेको बसाइ सबै कुरालाई राम्रो गर्नका लागि भएको देउवाका ज्योतिष रिजालको दाबी छ।

यसअघि देउवा प्रधानमन्त्री हुँदा देशको 'अर्थतन्त्रमा सुधार ल्याउन' बालुवाटारको उत्तरतर्फको ढल खन्न लगाएको ज्योतिष रिजालले बताए। 'उहाँ प्रधानमन्त्री हुने वेलामा पनि हामीले बालुवाटारको उत्तरतर्फको ढल खन्न लगाएका थियौँ। त्यसले देशको समग्र अर्थतन्त्रलाई नै खलबल्याएको थियो। जो प्रधानमन्त्री बनेर गए पनि धेरै समय टिक्न नसक्ने अवस्था भएकाले वास्तुको आइडिया हामीले नै दिएका हौँ। अरू सबै कुरा मिल्दा पनि वास्तु दोष हो भनेर हामीले प्रतिवेदन नै दिएका थियौँ,' उनले भने, 'केपी ओली प्रधानमन्त्री हुँदा पनि त्यसलाई भत्काउने योजना थियो। उहाँ बालुवाटारलाई राम्रो बनाउनुपर्छ र वास्तुसम्मत बनाउनुपर्छ भनेर लाग्नुभएको थियो, तर त्यसवेला प्राविधिक र कोरोनाका कारण सायद मिलेन। ०७९ को वैशाख-जेठमा वास्तु मिलाउन देउवाले पूरै ढल भत्काउनुभएको थियो।'

प्राकृतिक स्रोत...

पृष्ठ १ बाट क्रमशः

थियो। यस मुद्दामा उपन्यायाधिवक्ता चन्द्रकुमार पोखरेल, सिनियर डिभिजनल मेकानिकल इन्जिनियर प्रशान्त बोहरा, सिनियर डिभिजनल जियोलोजिस्ट धर्मराज खड्का, लेखा अधिकृत श्रीभद्र गौतम, रिसर्च अधिकृत वसन्त अधिकारी र जियोलोजिस्ट डा. सौनक भण्डारीलाई पनि अख्तियारले प्रतिवादी कायम गरेको थियो।

तर, आरोपित सबैले विशेष अदालतबाट सफाइ पाएपछि अख्तियार पुनरावेदनमा गएको हो। ३ चैत ०७९ मा विशेष अदालतका सदस्यत्रय रमेशकुमार पोखरेल, बलभद्र बास्तोला र खुसीप्रसाद थारूको इजलासले सबै आरोपितलाई सफाइ दिने फैसला गरेको थियो। बेहिसाब तरिकाले राज्यलाई हानि-नोक्सानी पुऱ्याएको, कानुनी व्यवस्थाको अनदेखा गरी राज्यलाई एक अर्ब २४ करोड ४५ लाख हानि पुऱ्याएको, प्रतिवादीबीच राजस्व चुहावटमा सहमति र मिलेमतो देखिएको, बदनियत राखेको र यस्तो कार्य प्रमाणद्वारा नै पुष्टि भइसकेको अख्तियारको दाबी छ। विशेषको फैसला कानुनसम्मत नभएको भन्दै बदरका लागि अख्तियारले पुनरावेदन दर्ता गरेको हो।

दुर्गम जान मान्दैनन् चिकित्सक

सरकारी छात्रवृत्तिमा पढेर दुर्गममा दुई वर्ष सेवा गर्नुपर्ने चिकित्सकको रोजाइ बागमती प्रदेश र सहरका अस्पताल

मञ्जु टेलर/नयाँ पत्रिका

तीन महिनादेखि तलब-भत्ता नपाएको भन्दै २९ मंसिरमा सिन्धुली अस्पतालमा कार्यरत १४ जना स्वास्थ्यकर्मीले स्वास्थ्य मन्त्रालयलाई पत्र पठाए। असोजदेखि मंसिरसम्म पारिश्रमिक र दसैं-तिहारको चाडबाड खर्च सुविधा नपाएकाले दैनिक गुजारा चलाउनसमेत कठिन भइरहेको भन्दै उनीहरूले स्वास्थ्य मन्त्रालय र स्वास्थ्य सेवा विभागलाई पत्र पठाएका थिए। पत्रमा चिकित्सक तथा स्वास्थ्यकर्मीले तलब समयमा नपाउँदा दैनिकीमै समस्या भइरहेको भन्दै यथाशीघ्र हालसम्मको पारिश्रमिक, दसैं-तिहार चाडबाड खर्च उपलब्ध गराइदिन र नियमित तथा सहज रूपमा पारिश्रमिकको समेत व्यवस्था गरिदिन उल्लेख थियो।

अस्पताललले समयमा तलब उपलब्ध गराउन नसकेका कारण संघीय मन्त्रालयलाई गुहार्नुपरेको छात्रवृत्तिका चिकित्सक डा. प्रेरित देवकोटाले गुनासो गरे। 'असोजदेखि तलब आएको छैन, मन्त्रालयअन्तर्गत नै खटिएकाले सुविधा उपलब्ध गराइदिन पत्र पठाएका हौं,' उनले भने। तर, छात्रवृत्तिका चिकित्सकलाई तलब दिने जिम्मेवारी प्रदेश सरकारको भएको भन्दै स्वास्थ्य मन्त्रालयले बागमतीको स्वास्थ्य मन्त्रालयलाई जानकारी गराएको सूचना दियो।

सिन्धुलीका चिकित्सकले समयमा तलब नपाएको विषयमा नीति तथा अनुगमन महाशाखा प्रमुख डा. कृष्ण पौडेलले भने, 'हामीले छात्रवृत्तिका चिकित्सकका लागि नियमित तीन करोड बजेट पठाउँदै आइरहेका छौं। यदि सो बजेट अपुग भएमा प्रदेशले संघलाई सूचित गर्नुपर्ने हो। यस विषयमा बागमती प्रदेश मन्त्रालयसँग कुरा गरिसकेका छौं।

तर, अस्पतालमा कार्यरत चिकित्सकलाई तलबका लागि प्रदेशबाट बजेट नआएकाले तलब दिन नसकिएको सिन्धुली अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. उमेश प्रधानले बताए। 'हामीसँग १२ जना डाक्टर र दुईजना अन्य स्वास्थ्यकर्मी छात्रवृत्तिबाट कार्यरत छन्। तर, उनीहरूको तलब-भत्ताका लागि नियमित बजेट नआउँदा समस्या भएको हो। प्रदेशबाट समयमा बजेट नआएपछि चिकित्सकहरूले संघीय मन्त्रालयलाई पत्र पठाएका हुन्।'

सिन्धुलीमा मात्रै नभई छात्रवृत्तिमा पढेर दुई वर्ष दुर्गममा सेवा गर्नुपर्ने अधिकांश चिकित्सक बागमती प्रदेश र अन्य सहरी क्षेत्रमा मात्रै काम गरिरहेका छन्। छात्रवृत्तिमा चिकित्सा शिक्षा अध्ययन गरेका चिकित्सक र पारामेडिक्सलाई सरकारले दुई वर्षका लागि विभिन्न प्रदेशमा खटाउँदै आएको छ। छात्रवृत्तिमा पढेका स्वास्थ्यकर्मीले दुर्गममा गएर दुई वर्ष सेवा दिनुपर्ने नियम भए पनि स्वास्थ्यकर्मीको दुईवर्षे अवधि काठमाडौं उपत्यका र हाइवेनजिकका सहरमा रहेका स्वास्थ्य संस्थामा बित्ने गरेको छ।

विशेषज्ञ चिकित्सक कुन प्रदेशमा कति ?

छात्रवृत्तिमा चिकित्साशास्त्रमा स्नातकोत्तर गरेका चिकित्सकमध्ये अधिकांश बागमती प्रदेशमा करार सेवाका लागि खटिने गरेका छन्। गत वर्ष सरकारले संघ र प्रदेशका अस्पतालमध्ये एक सय ५५ विशेषज्ञ चिकित्सकलाई दुई वर्षका लागि खटाएको थियो। जसमध्ये कोशीमा ३७, मधेशमा १४ र बागमतीमा ३५ जना विशेषज्ञ चिकित्सकले काम गरिरहेका छन्। गण्डकीमा २३, लुम्बिनीमा २७, सुदूरपश्चिममा १५ र कर्णालीमा चारजना चिकित्सक कार्यरत छन्।

०७९ मै ९७ जना विशेषज्ञ चिकित्सकलाई अन्यत्रबाट बागमती प्रदेश सारिएको छ। त्यसवेला ६४ जना चिकित्सक बागमती ल्याइएको थियो। यसबाहेक कोशीमा १०, मधेशमा चार, गण्डकी नौ, लुम्बिनी दुई, सुदूरपश्चिम ६ र कर्णालीमा दुईजना चिकित्सकलाई अन्यत्रबाट ट्रान्सफर गरिएको स्वास्थ्य मन्त्रालयको तथ्यांक छ। दुईवर्षे करार सेवा अवधिमध्ये पनि एक वर्ष सुगममा काम गर्न सकिने मापदण्डअनुसार यी चिकित्सकलाई सुगम ट्रान्सफर गरिएको हो।

यस्तै, छात्रवृत्ति करार सेवाअन्तर्गत ०७८ मा दुई सय १९ विशेषज्ञ दुर्गम खटाइएकोमध्ये ५० जना बागमतीमा छन्। कोशीमा ४८, मधेशमा ३३, गण्डकीमा ३०, लुम्बिनीमा ३३, सुदूरपश्चिममा १३ र कर्णालीमा १२ जना कार्यरत छन्। ०७७ मा करारमा खटाइएका दुई सय ४७ विशेषज्ञ चिकित्सकमध्ये एक सय ६ जना बागमती प्रदेशमा थिए। कोशीमा ४४, मधेशमा २५, गण्डकीमा २३, लुम्बिनीमा ३१, सुदूरपश्चिममा आठ र कर्णालीमा १० जना चिकित्सक खटाइएका थिए। छात्रवृत्तिमा अध्ययन गरेका विशेषज्ञ चिकित्सकले दुई वर्ष सेवा अवधिमध्ये कम्तीमा एक वर्ष दुर्गममा सेवा गर्नुपर्ने प्रावधान छ।

डोल्पा र हुम्ला मात्र होइन, टोखा र लेले पनि दुर्गम हुन्

● **डा. प्रकाश बुढाथोकी,**



प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

दुर्गम क्षेत्र भनेको जाजरकोट, डोल्पा र हुम्ला मात्रै होइन, काठमाडौंको टोखा र ललितपुरको लेले पनि हुन्। विशेषज्ञले काम गर्न सक्ने वातावरण भएका स्वास्थ्य संस्था अर्थात् अप्रेसन थियटर, इक्विप्मेन्ट र आवश्यक अन्य चिकित्सकको टोली भएको छान्दासमेत सहरकेन्द्रित स्वास्थ्य संस्थामा पठाउनुपर्ने बाध्यता छ।

हाइवेनजिकका स्थानमा चिकित्सक थुप्रिँदा समस्या

● **डा. कृष्ण पौडेल**



प्रमुख, नीति तथा अनुगमन महाशाखा

हाइवेनजिकका स्थानमा मात्रै छात्रवृत्तिका चिकित्सक बस्न रुचाउने भएकाले बागमतीमा मात्रै करारका चिकित्सक थुप्रिँदा अर्को समस्या थपिएको हो।



स्नातक तहका चिकित्सक पनि न्यून संख्यामा दुर्गममा खटाइयो

चालू आर्थिक वर्षमा सातौं र आठौं तहको पारामेडिक्स र चिकित्सक सरकारी छात्रवृत्तिमा अध्ययन सकाएका दुई सय ११ जना हाल संघ र प्रदेशअन्तर्गतका स्वास्थ्य संस्थामा करार सेवामा खटिएका छन्। छात्रवृत्तिमा पढेर दुई वर्ष दुर्गममा सेवा गर्नुपर्ने यी चिकित्सक तथा स्वास्थ्यकर्मीसमेत सबैभन्दा बढी ८७ जना काठमाडौं उपत्यका र बागमती प्रदेशमा छन्। कोशी प्रदेशमा ३८, मधेशमा २८, गण्डकीमा १८, लुम्बिनीमा २५, कर्णालीमा १० र सुदूरपश्चिममा पाँचजना खटिएका छन्। मन्त्रालयले जनसंख्याको चाप र उपकरणसहितका अस्पताल बागमती र अझै काठमाडौंमा केन्द्रित भएकाले बढी स्वास्थ्यकर्मी खटाइएको बताउँदै आए पनि स्नातक तहका चिकित्सक दुर्गमका जिल्लामा करार सेवामा नखटाइएको पाइएको हो।

आव ०७९/८० मा स्वास्थ्य सेवा विभागले प्रदेशमा एक सय ६ जना मेडिकल अधिकृत, फार्मेसी अधिकृत र नर्सिङ प्रमुख र दुई सय ८९ सातौं र आठौं तहका चिकित्सकलाई दुई वर्षका लागि करारमा खटाएको थियो। जसमध्ये ५१ जना चिकित्सक र पारामेडिक्स काठमाडौं उपत्यकामा करार सेवामा काम गरिरहेका छन्। बागमती प्रदेशमा एक सय २१, कोशीमा ४८, मधेशमा ५६, गण्डकीमा ८२, लुम्बिनीमा ५२, कर्णालीमा २९ र सुदूरपश्चिममा ३५ जना स्वास्थ्यकर्मी करार सेवाअन्तर्गत काम गरिरहेका छन्।

चिकित्सा शिक्षा छात्रवृत्ति तथा अनुदानसम्बन्धी कार्यविधि, २०७९ अन्तर्गत बनेको चिकित्सक परिचालन निर्देशिकामा छात्रवृत्तिमा अध्ययन गरेका चिकित्सकले एक-दुई वर्ष करार सेवामा काम गर्नुपर्ने उल्लेख छ। मापदण्डअनुसार स्वास्थ्य मन्त्रालयले आवश्यकताका आधारमा दुई वर्ष करार सेवामा खटाउने गरेको छ। करार सेवाको पहिलो वर्ष अनिवार्य रूपमा दुर्गममा सेवा दिनुपर्ने मापदण्ड छ। तर, अधिकांश विशेषज्ञ चिकित्सकले काठमाडौं उपत्यका र सहरकेन्द्रित अस्पतालमा सेवा दिइरहेका छन्।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले प्रदेशमा मागअनुसार चिकित्सक पठाउने गरिएको र संघअन्तर्गतका स्वास्थ्य संस्थाबाहेक कुन स्थानमा खटाउने भन्ने विषय प्रदेशको भएको बताए। 'आधारभूत, जिल्ला र प्रादेशिक अस्पतालले गरेको मागअनुसार प्रत्येक वर्ष चिकित्सकहरू करारमा पठाइने गरिएको छ। हामीले संघीय अस्पतालमा मात्रै आवश्यकताअनुसार वर्गीकरण गर्ने र बाँकी उनीहरूको मागअनुसार पठाउने गरेकाले प्रदेशअनुसार चिकित्सकको अनुपात कम बढी देखिएको हो,' उनले भने।

विशेषज्ञले काम गर्न सक्ने वातावरण भएका स्वास्थ्य संस्था अर्थात् अप्रेसन थियटर, इक्विप्मेन्ट र आवश्यक अन्य चिकित्सकको टोली भएको छान्दासमेत सहरकेन्द्रित स्वास्थ्य संस्थामा पठाउनुपर्ने बाध्यता रहेको उनको भनाइ छ। स्नातक तहका चिकित्सक दुर्गम जिल्लामा जाने क्रम बढेको र पठाउन सजिलो भए पनि विशेषज्ञ चिकित्सकलाई दुर्गम पठाउन समस्या भइरहेको मन्त्रालयका अधिकारीहरू बताउँछन्। यसबाहेक जिल्लामा अस्पताल र आवश्यक उपकरण अभावमा पठाउन त्यति सजिलो नभएको र कतिपय स्थानमा विशेषज्ञ चिकित्सक जान नमान्ने भएकाले समेत बागमती र अझै काठमाडौं उपत्यकामा विशेषज्ञ थुप्रिने अवस्था निम्तिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। बिरामीको चाप, उपकरणसहितका ठूला अस्पताल काठमाडौं र सहरकेन्द्रित भएकाले पनि चिकित्सकको माग सहरी क्षेत्रमा बढी छ।

प्रहरी नियन्त्रणमा रहेका आरोपित फरार

लहान/ बाल यौन दुर्व्यवहारको आरोपमा पक्राउ गरी अनुसन्धानका लागि म्याद थप गर्न जिल्ला अदालत लगिएका थुनुवा फरार भएका छन्। बाल यौन दुर्व्यवहारको आरोपमा बिहीबार पक्राउ गरिएका सिराहाको लहान नगरपालिका- २१ का ३६ वर्षीय छोटु सदाय मुसहर म्याद थपका लागि शुक्रबार अदालत लैजाने क्रममा जिल्ला सरकारी वकिल कार्यालयनजिकबाट फरार भएका हुन्।

'अनुसन्धानका लागि म्याद थप गर्न अदालत लैजाने क्रममा सरकारी वकिल कार्यालयनजिक प्रहरी भ्यान रोकिएको थियो, त्यही वेला हामफालेर फरार भए,' इलाका प्रहरी कार्यालय लहानका प्रमुख डिएसपी भोलाकुमार भट्टले भने। फरार सदायको खोजीका लागि सीमानाकासहित सम्भावित ठाउँमा प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालय सिराहाका सूचना अधिकारी डिएसपी रवीन्द्रराज पाण्डेले जानकारी दिए।

निर्वाचन आयोगको बुझायो वार्षिक प्रतिवेदन

काठमाडौं/ निर्वाचन आयोगले आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष पेस गरेको छ। प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले शुक्रबार राष्ट्रपति भवन शीतलनिवासमा आयोजित कार्यक्रममा राष्ट्रपति पौडेललाई वार्षिक प्रतिवेदन हस्तान्तरण गरेका हुन्। सो अवसरमा राष्ट्रपति पौडेलले आवधिक निर्वाचन संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र मुलुकको विकास एवं स्थायित्वको एउटा आधार रहेको उल्लेख गरे। उनले निर्वाचनकै माध्यमबाट जनताले लोकतान्त्रिक हक अधिकारको प्राप्ति र उपयोग गर्न सक्ने हुँदा आवधिक निर्वाचन लोकतन्त्रको सुन्दर पक्ष भएको बताए।

संविधान तथा कानुनले प्रदान गरेको जिम्मेवारीलाई निर्वाह गर्ने क्रममा आयोगले खेलेको भूमिकाप्रति राष्ट्रपति पौडेलले खुसी व्यक्त गरे। आयोगले आफ्नो संवैधानिक दायित्व पूरा गर्ने सन्दर्भमा आफूले गरेका कामकारबाही समेटेर पेस गरेको प्रतिवेदनमा उठाइएका महत्त्वपूर्ण विषयलाई नेपाल सरकारले प्रभावकारी रूपमा सम्बोधन गर्ने उनले विश्वास व्यक्त गरे।

चीनमा फैलिएको निमोनियाको नेपालमा पनि जोखिम

सतर्कता अपनाउन र तयारी अवस्थामा रहन सरोकारवाला निकायलाई स्वास्थ्य मन्त्रालयको निर्देशन

नयाँ पत्रिका

चीनलगायत देशमा बालबालिकामा फैलिइरहेको निमोनिया नेपालमा पनि फैलिन सक्ने जोखिम रहेको भन्दै स्वास्थ्य मन्त्रालयले रोकथामको तयारीमा जुट्न निर्देशन दिएको छ। मन्त्रालयले नेपाल प्रवेश गर्ने नाका र विमानस्थलमा चेकजाँच र परीक्षण गर्न तथा अस्पतालहरूलाई तयारी अवस्थामा रहन निर्देशन दिएको हो।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले चिसो बढेसँगै फुलुलगायत श्वासप्रश्वाससम्बन्धी समस्याको जोखिम बढेको तथा चीनमा फैलिइरहेको निमोनियासमेत फैलिन सक्ने भएकाले यस्तो निर्देशन दिइएको बताए। 'हाल चीनमा देखिएको निमोनियाका लक्षण नेपालमा नदेखिए पनि चीनमा लामो समयदेखि बालबालिका प्रभावित भइरहेका छन्। जसले गर्दा हामीकहाँ पनि जोखिम बढेको छ,' प्रवक्ता डा. बुढाथोकीले नयाँ पत्रिकासँग भने, 'त्यसैले सीमानाका र विमानस्थलमा स्वास्थ्य परीक्षण गर्न, लामो समयसम्म निमोनिया देखिएमा नमुना संकलन गरेर थप परीक्षण गर्न र देशैभरिका अस्पताललाई तयारी रहन निर्देशन दिइएको हो।'

संक्रमण फैलिएमा रोकथाम र उपचारका लागि शुक्रराज टूपिकल तथा सरुवारोग अस्पताल, जनस्वास्थ्य प्रयोगशाला, कान्ति बाल अस्पताललगायत निकायसँग आवश्यक छलफल गरिएको इमिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा प्रमुख डा. हेमन्त ओझाले जानकारी दिए।

चीनमा फैलिइरहेको निमोनिया के हो ?

गत २१ नोभेम्बरमा प्रोमेड (संक्रामक रोगहरूको विश्वव्यापी रिपोर्टिङ सञ्चालन गर्ने सबैभन्दा ठूलो सार्वजनिक रूपमा उपलब्ध निगरानी प्रणाली, जुन सन् १९९४ मा इन्टरनेसनल सोसाइटी फर इन्फेक्सियस डिजिजेस इमर्जिङ डिजिजले सुरुवात गरेको थियो) ले चीनमा निमोनियाको संक्रमण तीव्र बढिरहेको रिपोर्टिङ गऱ्यो। जुन बिस्तारै बढ्दै गएर बेइजिङ, लिओनिङ र उत्तरी चीनका बालबालिकाहरूमा हालसम्म फैलिइरहेको छ।

फोक्सोमा संक्रमण गर्ने ब्याक्टेरिया माइकोप्लाज्मा निमोनियाका कारण बालबालिका अस्पतालमा भर्ना हुने दर बढिरहेको पाइएको छ। तर, चीनले भने यसलाई सामान्य फ्लु अर्थात् आरएसभी रहेको बताउँदै आएको थियो। उत्तरी चीनका प्रान्तहरूमा निमोनियाका कारण बालबालिका गत अक्टोबरदेखि नै अस्पताल भर्ना भइरहे पनि चीनले यो निमोनियाबारे बाहिर जानकारी खुलाएको थिएन। नोभेम्बरको अन्तिम साता प्रोमेडले यो निमोनिया सामान्य नभएको बताएपछि विश्वको चासो बढेको हो।

क्लिनिकल परीक्षण आधारमा यो निमोनिया सामान्य रहेको र केही दिन आराम गर्दा आफैं निको हुने गरेको पाइए पनि हाल यो संक्रमण गम्भीर बन्दै गएको विश्व स्वास्थ्य संगठनले बताएको छ। यसअघि, १३ नोभेम्बरमा चीनको राष्ट्रिय स्वास्थ्य आयोगले अक्टोबरको मध्यदेखि देशमा श्वासप्रश्वाससम्बन्धी रोगको वृद्धि भइरहेको भन्दै पत्रकार सम्मेलन आयोजना गरेको थियो। जसमा उत्तरी चीनले इन्फ्लुएन्जाजस्ता संक्रमणको पछिल्लो तीन वर्षमा वृद्धि भइरहेको बताइएको थियो। तर, निमोनिया फैलिइरहेकोबारे कुनै स्पष्ट जानकारी भने दिइएको थिएन।

त्यसपश्चात् डब्लुएचओले बालबालिकाको अस्पताल भर्नादर बढेकोमा थप परीक्षण र क्लिनिकल ट्रायल गर्न अनुरोध गरेको थियो। र, चीनको रोग नियन्त्रण र रोकथाम केन्द्र, बेइजिङ बाल अस्पताल, राष्ट्रिय स्वास्थ्य आयोगको सहयोगमा चिनियाँ स्वास्थ्य अधिकारीसँग टेलिकन्फ्रेन्स गरेको थियो। जसमा, चीनले मे महिनादेखि माइकोप्लाज्मा निमोनियाका कारण बालबालिकाको अस्पताल भर्नामा वृद्धि भएको जनाएको थियो।

माइकोप्लाज्मा निमोनियालाई वाकिङ निमोनियासमेत भन्ने गरिन्छ। यो संक्रमण वृद्धवृद्धामा पनि देखिने गरेको पाइए पनि अधिकांश बालबालिकामा बढी प्रभावित हुने गरेको छ। यो संक्रमणबाट बालबालिकामा घाँटी दुख्ने, ज्वरो आउने, थकान महसुस गर्ने र लामो समयसम्म खोकी लाग्ने लक्षण देखा पर्छ।

यो निमोनिया नयाँ भने होइन। कोभिड महामारीमा हराएको यो संक्रमण २००८ देखि २०१२ सम्म चीनमै उच्चदरमा फैलिएको थियो। यसबाहेक, डेनमार्क, स्विट्जरल्यान्ड, वेल्स, स्लोभेनिया र सिंगापुरमा गत जनवरीदेखि सेप्टेम्बरसम्म फैलिएको थियो। तर, सामान्य मानिएको यो निमोनियाका कारण बालबालिका अस्पताल नै भर्ना हुन थालेपछि सजग रहन भनिएको हो।

नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपाल (NADA)

निर्वाचन अधिकृतको कार्यालय

टेकु, काठमाडौं

निर्वाचन कार्यक्रमको सूचना

नाडा अटोमोवाइल्स एशोसिएशन अफ नेपालको मिति २०८० साल पौष २० र २१ गते सोल्टी होटल, ताहाचल काठमाण्डौमा सम्पन्न हुने ४७औं वार्षिक साधारण सभामा संस्थाको विधानको दफा २०.१ बमोजिम अध्यक्ष-१, साधारण सदस्यहरु मध्येबाट-१७ र संस्थागत सदस्यहरु मध्येबाट -७ गरी कुल २५ जना केन्द्रीय कार्य समितिका सदस्यहरुको निर्वाचन गर्ने कार्यक्रम रहेको हुनाले सो प्रयोजनका लागि मिति २०८० मसिंर २७ मा कान्तिपुर दैनिकमा प्रकासित सुचना अनुसार बिधानको दफा २६.३ बमोजिम निम्न बमोजिमको बिस्तृत निर्वाचन कार्यक्रम प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

क्र. स.	कार्यक्रम	मिति	समय (कार्यालय समय)		स्थान
			देखि	सम्म	
१.	मतदाता नामावली प्रकाशन गर्ने	२०८०/०९/१२	२ :०० बजे	३ :०० बजे	निर्वाचन अधिकृतको कार्यालय टेकु, काठमाण्डौ ।
२.	मतदाता नामावली उपर दावि विरोध गर्ने	२०८०/०९/१२	३:०० बजे	३ :३० बजे	ऐ. ऐ.
३.	मतदाता नामावलीमा दावि विरोधको जाँचबुझ	२०८०/०९/१२	३:३० बजे	४ :३० बजे	ऐ. ऐ.
४.	अन्तिम मतदाता नामावली प्रकाशन गर्ने	२०८०/०९/१२	४:३० बजे	६ :०० बजे	ऐ ऐ
५.	उम्मेदवारको मनोनयन पत्र दर्ता गर्ने	२०८०/०९/१३	७:०० बजे	११ : ०० बजे	ऐ ऐ
६.	उम्मेदवारहरुको प्रथम नामावली प्रकाशित गर्ने	२०८०/०९/१३	१२:०० बजे	१ :०० बजे	ऐ ऐ
७.	उम्मेदवारी उपर दाबि विरोध गर्ने	२०८०/०९/१३	१:०० बजे	१ :३० बजे	ऐ ऐ
८.	उम्मेदवारको मनोनयन पत्रको जाँच र उजुरी उपर निर्णय गरी नामावली प्रकाशन गर्ने ।	२०८०/०९/१३	१:४५ बजे	२:४५ बजे	ऐ ऐ
९.	उम्मेदवारले आफ्नो नाम फिर्ता लिन सक्ने ।	२०८०/०९/१३	३ : ०० बजे	४ : ३० बजे	ऐ ऐ
१०.	उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने	२०८०/०९/१३	४:३० बजे	५:३० बजे	ऐ ऐ
११.	मतदान गर्ने	२०८०/०९/२१	९ : ०० बजे विहान	४: ०० बजे दिउसो	सोल्टी होटल ताहाचल, काठमाडौं
१२.	मतगणना गर्ने	मतदान कार्य समाप्त भएपछि			ऐ.ऐ.
१३.	निर्वाचन परिणाम घोषणा गर्ने	मतगणना कार्य समाप्त भएपछि			ऐ.ऐ.

नोट :

१. नविकरण भएका सदस्यज्यूहरुले अनिवार्य रुपमा प्रतिनिधि मनोनयन पत्र बुझाउनु पर्नेछ।

२. उम्मेदवार हुन चाहने सदस्यले एक प्रति नागरिकताको छाँयाकपी र दुइ प्रति फोटो, उम्मेद्धवार हुने कम्पनीको रितपूर्वकको निर्णयको कपी र कम्पनीको दर्ता प्रमाणपत्र को छाया कपी संलग्न गर्नु पर्नेछ साथै उमेद्धवारी बापतको शुल्क बुझाएको रसिद सहित उम्मेदवार स्वयंले दरखास्त पेश गर्नु पर्नेछ।

३. निर्वाचन अधिकृतको कार्यालय नाडाको केन्द्रीय कार्यालय टेकु काठमाण्डौमा खडा गरिएको हुदा निर्वाचन सम्बन्धमा जानकारी आवश्यक भएमा कार्यालय समय भित्र सम्पर्क राख्न अनुरोध गरिन्छ।

४. उम्मेदवारीको उम्मेद्धवार फर्म नाडाको सचिवालयबाट प्राप्त गर्न सकिनेछ।

(डा.रुद्र शर्मा)

प्रमुख निर्वाचन अधिकृत

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

केन्द्रीय कार्यालय :
बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०५/०७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको शाखा कार्यालय विराटनगर, मोरङबाट तपसिल बमोजिमको कर्जा शीर्षक अर्न्तगत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त वन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत वक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीतकर्तालाइ यसै सूचना मार्फत सूचित गरिन्छ । अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसूर ऐन २०६४, यस बैंकको ऋण असुली नीति २०८० एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणीको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणीलाई कालोसूचीमा समेत सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण
१) **ऋणीको नाम : मिना शाक्य** बाबुको नाम : गौरीनाथ निरौला पतिको नाम: तेज रत्न शाक्य ससुराको नाम : रत्न मान शाक्य ठेगाना : विराटनगर उ.म.न.पा.-८, मोरङ्ग ना.प्र.नं. :४४९५३, जारी मिति : २०५६/०६/१६ जारी गर्ने कार्यालय : जि.प्र.का, मोरङ्ग २) **ऋणीको नाम : मनिशा शाक्य** बाबुको नाम : तेज रत्न शाक्य बाजेको नाम : रत्न मान शाक्य ठेगाना : विराटनगर म.न.पा.-७, मोरङ्ग ना.प्र.नं. :०५-०१-७६-०६७१३ जारी मिति : २०७६/०४/१४ जारी गर्ने कार्यालय : जि.प्र.का, मोरङ्ग **कर्जा शिर्षक : व्यक्तिगत अधिविकर्ष कर्जा** **कर्जा लिएको शाखा : विराटनगर**, मोरङ्ग	१) **नाम : मणिक रत्न शाक्य** बाबुको नाम : स्व. तेज रत्न शाक्य बाजेको नाम : रत्न मान शाक्य ठेगाना : विराटनगर उ.म.न.पा.-८, मोरङ्ग ना.प्र.नं. :०५-०१-६९-०२२५२, जारी मिति : २०६९/०२/३० जारी गर्ने कार्यालय : जि.प्र.का, मोरङ्ग **सुरक्षणमा रहेको धितोको विवरण:** श्री मालपोत कार्यालय विराटनगर, मोरङमा मिना शाक्य को नाममा दर्ता कायम रहेको मोरङ जिल्ला, विराटनगर उ.म.न.पा.. वडा नं. ८ स्थित कि.नं. १६ र ४ को क्षेत्रफल क्रमशः ३३.८६ र १२२.७६ वर्ग मिटको र घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

हार्दिक श्रद्धाञ्जली



जन्म:
२०१४ भाद्र २५ गते

स्वर्गारोहण:
२०८० कार्तिक २३ गते

स्व. डा. सरोज कृष्ण श्रेष्ठ

हाम्रा आत्मीय मित्र डा. सरोज कृष्ण श्रेष्ठको स्वर्गारोहण भएको आज ४५ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजन प्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

अमरिष प्रसाद / रेखा प्रधान
उत्तम कुमार / सिर्जना श्रेष्ठ
उमेश लाल / अमृता श्रेष्ठ
महेश प्रसाद / कस्तुरी प्रधान
दिपक कुमार / रेणु (प्रधान) जोशी
चन्द्र प्रकाश / ललिता राजभण्डारी
रवि चन्द्र / संगिता (गौतम) हमाल
प्रविण चन्द्र / अञ्जु प्रधान
श्याम कृष्ण / प्रमिला मानन्धर
सुनील प्रसाद / रति प्रधान
अरूण / कमलेश्वरी श्रेष्ठ
सुरज कुमार / विमला श्रेष्ठ
श्रीरञ्जन / मालती लाकौल
नरेश मान सिं / विमला अमात्य

माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेड
(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का.म.न.पा. वडा नं. ४, काठमाण्डौ
फोन नं. ४-३७३०३०, ४-३७२८२८, फ्याक्स नं. ४०१५७९९
Email:mailung@sanimahydro.com , Website : www.sanimamailung.com

दशौ वार्षिक साधारणसभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरु,

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको मिति २०८० पौष ०६ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार कम्पनीको दशौं वार्षिक साधारणसभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० पौष २९ गते आइतबार (१४ जनवरी, २०२४) ।
समय : बिहान ११:०० बजे
स्थान : कुण्डलिनि दरबार ब्याङ्क्वेट, का.म.न.पा.-४, चण्डोल, काठमाडौं ।

छलफलका प्रस्तावहरु :

(क) साधारण प्रस्तावहरु

१. कम्पनीको सञ्चालक समितिबाट प्रस्तुत दशौं वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२. कम्पनीको आ. व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन सहित २०८० आषाढ मसान्तसम्मको वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तिय विवरण र तत् सम्बन्धी अनुसूचीहरु छलफल गरी पारित गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिश गरे बमोजिम आ. व. २०८०/०८१ को लागि बाह्य लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. रिक्त सञ्चालक पदमा सञ्चालक समितिबाट भएको नियुक्ति अनुमोदन गर्ने ।
५. कम्पनीको नियमावली बमोजिम १ (एक) जना स्वतन्त्र सञ्चालक नियुक्ति गर्ने ।
६. कम्पनीको नियमावलीको व्यवस्था बमोजिम सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरु निर्वाचन/नियुक्ति गर्ने ।
७. चन्दा तथा अनुदान बापतको खर्च रकम अनुमोदन गर्ने ।
८. सञ्चालक समिति तथा अन्य उपसमितिहरुको बैठक भत्ता वृद्धि गर्ने ।

(ख) विशेष प्रस्तावहरु

१. आयोजना प्रयोजनका लागि आवश्यक थप बैंक कर्जा सुविधा लिने र यस कार्यका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(ग) विविध

सञ्चालक समितिको निर्णयानुसार,
कम्पनी सचिव

वार्षिक साधारणसभा सम्बन्धी सामान्य जानकारीहरु :

१. वार्षिक साधारणसभा प्रयोजनका लागि मिति २०८०/०९/१९ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिनेछ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१८ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरु सो सभामा भाग लिन योग्य हुनेछन् ।
२. वार्षिक साधारणसभामा उपस्थित शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभास्थलमा सभा हुने दिन बिहान ९ बजे देखि सभा सञ्चालन रहेसम्म खुल्ला रहने छ ।
३. वार्षिक साधारणसभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हितग्राही खाता खोलि शेयर अभौतिकिकरण गरिएको विवरण देखिने DEMAT Account Statement वा शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ, अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन ।
४. सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनीको संक्षिप्त आर्थिक विवरण यसै साथ प्रकाशित गरिएको छ । आर्थिक विवरण लगायतका वार्षिक साधारणसभामा पेश हुने सम्पूर्ण प्रस्तावहरु तथा साधारणसभा सम्बन्धी अन्य जानकारीको लागि कम्पनीको वेबसाइट www.sanimamailung.com मा पनि हेर्न सक्नु हुनेछ ।
५. सभामा आफु उपस्थित नभई प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावले सभा सुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगावै यस कम्पनीको केन्द्रीय कार्यालय धुम्बाराही, काठमाडौंमा प्रोक्सी फारम दर्ता गरिसक्नु पर्नेछ । सभामा भाग लिन र मतदान गर्नका लागि प्रतिनिधि नियुक्त गरिसकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकरर गर्ने भएमा सोको लिखित सूचना सोही अवधिभित्र कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत कम्पनीको शेयरधनी हुनु पर्नेछ ।
६. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ ।
७. सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभाकक्षमा प्रवेश गर्ने सबैको झोला, ब्याग र शरीर जाँच गर्न सक्नेछन् ।
८. कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुको समुह "ख" र "ग" तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक पदको निर्वाचन सम्बन्धी सम्पूर्ण सूचना एवं जानकारी सभा हुनु भन्दा ७ दिन अगाडी कम्पनीको केन्द्रिय कार्यालयको सूचना पाटिमा टाँस गरिनेछ ।

नोट : अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय का.म.न.पा. वडा नं. ४ धुम्बाराही, काठमाडौं वा फोन नं. ०१-४३७३०३०, ०१-४३७२८२८ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

कम्पनी ऐन, २०६३ को दफा ८४(४) को प्रयोजनका निमित्त प्रकाशित संक्षिप्त वार्षिक आर्थिक विवरण:

आदरणीय शेयरधनी महानुभावहरु,

यस माथिल्लो मैलुङ खोला जलविद्युत लिमिटेडको दशौं वार्षिक साधारण सभा प्रयोजनार्थ कम्पनीको आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा-नोक्सान हिसाब, नगद प्रवाह विवरण निम्नानुसार रहेको यस संक्षिप्त आर्थिक विवरण जानकारी गराउँदछौं । कम्पनीले नेपाल लेखामान बोर्डको निर्देशन बमोजिम आर्थिक वर्ष २०७९/०८० को नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (Nepal Financial Reporting Standards–NFRS) अनुसार वित्तीय विवरण तायार गरी सोही बमोजिमको संक्षिप्त विवरण यहाँहरुको जानकारीका लागि यसै साथ प्रकाशित गरिएको छ ।

आ.व. २०७९/०८० यस कम्पनीद्वारा प्रवर्द्धित माथिल्लो मैलुङ खोला जलविद्युत आयोजना (१४.३ मे.वा.) को प्रगति भौतिक संरचनाहरुको निर्माण कार्यमा नै व्यतित भयो । हाल यस आयोजनाको विभिन्न पक्षको भौतिक निर्माण तथा उपकरणहरुको जडानका कार्यहरु करिब करिब सम्पन्न भई विद्युत केन्द्रका संरचना तथा उपकरणहरुको परिक्षणका कार्यहरु भई रहेको छ । तसर्थ, आ.व. २०७९/०८० मा कम्पनीको आर्थिक कारोबार समेत खर्चमा नै केन्द्रित रहेको जानकारी गराउँदछौं । प्रस्तुत वर्षको कम्पनीको आर्थिक कारोबारको संक्षिप्त झलक तपसिल बमोजिम रहेको छ ।

STATEMENT OF FINANCIAL POSITION
As at Ashadh 31, 2080 (July 16, 2023)

Particulars	Note	Amount in NPR As at 2080.03.31	 As at 2079.03.32
Assets			
Non Current Assets			
Property, Plant & Equipment	4.7	9,640,079.71	11,499,201.19
Intangible Assets	4.8	2,471,010,714.80	1,657,231,178.60
Intangible Assets under development	4.8	100,574,679.36	86,266,299.36
Financial Assets	4.9	300,000.00	300,000.00
Deferred Tax Assets	4.18	2,479,370.26	1,681,114.64
Total Non Current Assets		**2,584,004,844.13**	**1,756,977,793.79**
Current Assets			
Advance and Receivables	4.10	94,910,590.78	180,455,962.87
Cash and Cash Equivalents	4.11	110,395,807.02	128,075,309.28
Other Financial Assets	4.12	5,517,000.00	6,074,000.00
Other Current Assets	4.13	210,866.13	160,893.29
Current Tax Assets	4.17	2,499,893.85	2,100,316.62
Total Current Assets		**213,534,157.78**	**316,866,482.06**
Total Assets		**2,797,539,001.91**	**2,073,844,275.85**
Equity and Liabilities			
Equity			
Share Capital	4.14	750,000,000.00	700,000,000.00
Other Equity			
Retained Earnings	4.15	(46,137,984.34)	(27,104,150.98)
Other Reserves	4.16	428,708.25	106,700.25
Total Equity		**704,290,723.91**	**673,002,549.27**
Liabilities			
Non Current Liabilities			
Non current Borrowings	4.19	1,730,362,899.09	1,259,174,323.41
Provisions	4.20	753,460.00	683,106.00
Total Non- Current Liabilities		1,731,116,359.09	1,259,857,429.41
Current Liabilities			
Other Financial Liabilities	4.21	186,585,503.79	139,900,818.78
Other Current Liabilities	4.22	2,746,415.12	1,083,478.39
Current Borrowings	4.23	172,800,000.00	-
Total Current Liabilities		**362,131,918.91**	**140,984,297.17**
Total Liabilities		**2,093,248,278.00**	**1,400,841,726.58**
Total Liabilities and Equity		**2,797,539,001.91**	**2,073,844,275.85**
The accompanying notes are integral part of these financial statements.			

STATEMENT OF PROFIT OR LOSS
For the Period ended Ashadh 31, 2080 (July 16, 2023)

Particulars	Note	Amount in NPR Current Period	 Previous Period
Revenue (Construction)	4.1	813,779,536.20	576,604,183.69
Cost of Sales (Construction)	4.2	(813,779,536.20)	(576,604,183.69)
Gross profit		-	-
Other Income	4.3	-	1,008,182.94
Administrative and Other Operating Expenses	4.4	(20,008,273.26)	(20,756,653.55)
Profit From Operation		(20,008,273.26)	(19,748,470.60)
Financial Income	4.5	2,663,848.28	847,408.16
Profit/ (Loss) before tax		(17,344,424.98)	(18,901,062.44)
Income Tax Expense			
Current Tax	4.6	-	-
Deferred Tax Income/(Expense)	4.6	905,591.61	3,255,306.45
Profit/ (Loss) For the Year		(16,438,833.36)	(15,645,755.99)
Earnings per Equity share of Rs.100 each			
Basic EPS		(2.27)	(2.59)
Diluted EPS		(2.27)	(2.59)
The accompanying notes are integral part of these financial statements.			

STATEMENT OF CASH FLOWS
For the Period ended Ashadh 31, 2080 (July 16, 2023)

Particulars	Amount in NPR Current Period	 Previous Period
Cash Flow from Operating Activities		
Net Profit for the Year	(16,438,833.36)	(15,645,755.99)
Adjustment for:		
Depreciation	2,404,121.54	3,056,795.25
Deferred Tax	(905,591.61)	(3,255,306.45)
Gain on Sale of Fixed Assets	-	(1,005,516.88)
Retained earning adjustment	(2,595,000.00)	390,160.45
Cash Flow from Operating Activities Before Changes in Working Capital	**(17,535,303.43)**	**(16,459,623.62)**
Cash Flow from Changes in Working Capital		
(Increase)/ Decrease in Current Assets	85,652,822.02	(30,235,874.35)
Increase/(Decrease) in Current Liabilities	221,576,965.68	(58,039,778.98)
Cash Flow from Operating Activities	289,694,484.26	(104,735,276.96)
Cash Flow from Investing Activities		
(Increase)/Decrease in Intangible Assets	(828,087,916.20)	(622,594,946.90)
Capitalisation/Purchase of Property, Plant and Equipments	(545,000.00)	(7,770,140.00)
Sale of Property, Plant and Equipments	-	3,000,000.00
Cash Flow on Investing Activities	**(828,632,916.20)**	**(627,365,086.90)**
Cash Flow from Financial Activities		
Increase/(Decrease) in Borrowings	471,258,929.68	662,481,349.56
Issuance of Share Capital	50,000,000.00	100,000,000.00
Cash Flow from Financial Activities	**521,258,929.68**	**762,481,349.56**
Total Cash Generated in the Year	(17,679,502.26)	30,380,985.70
Opening Cash and Bank Balances	128,075,309.28	97,694,323.58
Cash and cash equivalent at The End of The Year	**110,395,807.02**	**128,075,309.28**
The accompanying notes are integral part of these financial statements.		

कांग्रेसको बागमती प्रदेश सम्मेलन आज

काठमाडौं/ प्रदेशहरूको पहिलो सम्मेलनमा केन्द्रित रहेको कांग्रेसले शनिबार काठमाडौंमा बागमती प्रदेशको पहिलो सम्मेलन गर्दै छ । कांग्रेस बागमती प्रदेश कार्यसमितिले शुक्रबार राजधानीमा पत्रकार सम्मेलन गरी प्रदेश सम्मेलनको तयारी पूरा भएको जनाएको छ । बागमती कांग्रेसका प्रवक्ता तिलकप्रसाद रुवालीका अनुसार सम्मेलन सुकेधारास्थित नवदुर्गा पार्टी भेन्युमा हुनेछ ।

सम्मेलनमा प्रदेश र स्थानीय तहलाई अधिकारसम्पन्न र थप जवाफदेही बनाउने विषयमा छलफल हुने प्रवक्ता रुवालीले जानकारी दिए । साथै, कांग्रेसको आन्तरिक निर्वाचन प्रणाली र राज्यको निर्वाचन प्रणालीलाई चुस्त र थप समावेशी बनाउने विषय सम्मेलनको एजेन्डा रहेको उनले जानकारी दिए । सम्मेलनमा छलफलका लागि राजनीतिक, सांगठनिक र आर्थिक प्रतिवेदन प्रदेश कार्यसमिति बैठकबाट पारित भएको छ । सम्मेलमा इतर समूहका नेता डा. शेखर कोइरालालाई दोस्रो वरीयता नदिएको भन्दै इतर समूहले भने विरोधको तयारी गरेको छ । कांग्रेसका ६ प्रदेशका सम्मेलन भने भइसकेका छन् ।

नेविसंघले माग्यो पर्यटनमन्त्रीको राजीनामा

नेविसंघले संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीको राजीनामा माग गर्दै पुत्ला दहन गरेको छ । शुक्रबार नेविसंघ सानोठिमी क्याम्पसको आयोजनामा मन्त्री किराँतीको पुत्ला दहन भयो । केन्द्रीय सदस्य भुवन भट्टका अनुसार किराँतीले धार्मिक सद्भाव भङ्काउन खोजेको भन्दै विरोध गरिएको हो । नेविसंघले मन्त्री किराँतीको राजीनामा माग गरेको छ । 'धार्मिक स्वतन्त्रतामा खलल पुऱ्याउने गतिविधि गर्न कसैलाई छुट छैन,' भट्टले भने, 'या त उनले राजीनामा दिनुपर्छ या तत्काल प्रधानमन्त्रीले मन्त्री किराँतीलाई बर्खास्त गर्नुपर्छ ।'

एनसेलबारे सभामुख र राज्य व्यवस्था समिति सभापतिबीच छलफल

काठमाडौं/ सभामुख देवराज घिमिरे र राज्य व्यवस्था तथा सुशासन समिति सभापति रामहरि खतिवडाबीच छलफल भएको छ । एनसेल सेयर खरिद-बिक्री प्रकरणमा समितिबीच कार्यक्षेत्र विवाद सतहमा आएपछि सभामुख घिमिरेले शुक्रबार सभापति खतिवडासँग छलफल गरेका हुन् । कर छली तथा स्वामित्व हस्तान्तरण प्रभावित पार्ने गरी भएको एनसेल सेयर खरिद-बिक्री प्रकरणमा राज्य व्यवस्था समितिले ३ पुसमा प्रधानमन्त्री र सञ्चारमन्त्री बोलाएर छलफल गरेको थियो । यो प्रकरणमा गठित छानबिन समितिको कामकारबाहीबारे जानकारी लिँदै ०८६ मा नेपाल सरकारमातहत ल्याउने गरी नीतिगत तथा कानुनी सुधार गर्न निर्देशन दिएको थियो ।

त्यसको भोलिपल्ट लेखा समिति सभापति ऋषिकेश पोखरेलले आफूले हेरिरहेको विषयमा कार्यक्षेत्र मिचेर हात हालेको भन्दै सामाजिक सञ्जाल फेसबुकबाट आपत्ति जनाएका थिए । लेखा समितिले २० मंसिरमा प्रधानमन्त्रीलाई बोलाउने निर्णय गरेको थियो । त्यसअगावै राज्य व्यवस्थाले प्रधानमन्त्री बोलाएर छलफल गरेपछि असन्तुष्टि जनाएका थिए । त्यसक्रममा उनले अमर्यादित शब्द पनि प्रयोग गरेका थिए ।

लेखा समितिको क्षेत्राधिकारभित्र पर्ने विषयमा प्रवेश गरेको, भ्रष्टाचार छोप्न कोसिस गरेको आरोपसहित सरकारी सुन्डमुसन्डहरू भन्ने शब्द पोखरेलले प्रयोग गरेपछि राज्य व्यवस्था समितिका सदस्यहरूले आपत्ति जनाएका थिए । सदस्यहरू गगन थापा, रवि लामिछाने र राजेन्द्र पाण्डेले राज्य व्यवस्थाले आफ्नो क्षेत्राधिकारभित्र पर्ने विषयमा सर्वसम्मतिबाट प्रधानमन्त्रीलाई बोलाउने निर्णय गरेको भन्दै लेखा समिति सभापतिको टिप्पणी अमर्यादित रहेको र यसबारे सभामुखसँग कुरा गर्न सभापति खतिवडालाई आग्रह गरेका थिए । शुक्रबार सभामुखसँग छलफल गरेका सभापति खतिवडाले आफूलाई निर्णय अगाडि बढाउन भनेको जानकारी दिए ।

साना अनुदान व्यवस्थित गर्न विज्ञको सुझाव

नयाँ पत्रिका

छिमेकी भारत र चीनले नेपालका लागि दिँदै आएको साना अनुदान व्यवस्थित र नेपालको प्रणालीसम्मत बनाउन विज्ञहरूले सुझाब दिएका छन् । सेन्टर फर सोसल इन्क्लुजन एन्ड फेडरालिज्मले शुक्रबार गरेको नीति संवाद शृंखलामा कतिपय मुलुक र दातृ संस्थाबाट आउने अनुदान राज्यसंयन्त्रभन्दा बाहिरबाट खर्च भएकोमा पनि चिन्ता व्यक्त भएको छ ।

पूर्वसचिव लालशंकर घिमिरेले भारतबाट २००३ देखि र चीनबाट २०११ देखि साना अनुदान सुरु भएको जानकारी दिँदै यसको विस्तृतमा समीक्षा हुनुपर्ने बताए । 'साना-ठूला जस्तोसुकै अनुदान पनि दाताहरूको प्रभाव विस्तार गर्ने अस्त्र हुन् भन्ने भुल्नुहुँदैन,' घिमिरेले भने । भारत र चीनभन्दा अघि नेपालमा अस्ट्रेलिया र जापानले साना अनुदान सुरु गरिसकेको पनि उनले सुनाए । 'भारत र चीनले त नेपाल सरकारसँग सम्झौता गरेका छन्, अस्ट्रेलिया र जापानले त सम्झौता पनि गर्दैनन्,' उनले भने ।

पूर्वसचिव कृष्ण ज्ञवालीले छिमेकी भारत र चीनले दिने साना अनुदान व्यवस्थित बनाउनुपर्ने बताए । 'जुन वैदेशिक सहायता बढी प्रयोगमा छ, संवेदनशील छ र उपयोगी छ, त्यसलाई व्यवस्थित बनाउनुपर्छ । उक्त सहायता हाम्रो पद्धति र प्रणालीसँग मेल खान्छ कि खाँदैन भनेर हेर्नुपर्छ,' ज्ञवालीले भने । सरकारका सचिव मधु मरासिनीले साना अनुदानको आवश्यकता, परिचालन र दिगोपनलाई बेग्लाबेग्लै ढंगमा अध्ययन गर्नुपर्ने बताए । 'हामीलाई साना सहायताको जरुरी छ । सरकार आफैंले खर्च गर्न नसक्ने स-साना ठाउँमा आउने अनुदान स्वीकार गर्नुपर्छ । तर, यसको दिगोपनलाई पनि हेर्नुपर्छ,' मरासिनीले भने, 'पूर्वाधार बन्ने, तर दिगो नहुने मुख्य समस्या छ । कोरोना महामारीपछि चीनबाट हामीले विगतमा गरेको पारवहन सम्झौताले दिएको रुट प्रयोग गर्न पाएनौं र त्यसका लागि छलफल गर्नुपर्ने अवस्था आयो । अहिले नाका खुलेको छ । अब व्यापार बढाउन लाग्नुपर्छ ।'

नेपालको सीमाक्षेत्रमा साना वैदेशिक सहायताका आयामबारे प्रस्तुतीकरण गर्दै अनुसन्धानकर्ता मिलन आचार्यले चीनको सहयोग तिब्बतसँग सीमा जोडिएका उत्तरी नेपाली जिल्लामा सीमित रहेको बताए । तर, भारतीय सहयोगका आयोजना पनि उत्तरी क्षेत्रमा बढ्दै गएको उनको अनुसन्धानको निष्कर्ष थियो । अर्की अनुसन्धानकर्ता प्रविशा बस्नेतले नेपाल-चीन सीमापार सम्बन्धको विकास र सीमावर्ती क्षेत्रका नागरिकमा यसको प्रभावबारे प्रस्तुतीकरण गरेकी थिइन् ।


सिन्धुपाल्चोकका सांसद माधव सापकोटाले तातोपानी नाका विगतमा भन्दा सुदृढ रूपमा सञ्चालन हुने विश्वास व्यक्त गरे । उनले सीमा क्षेत्रमा चीनको सहयोग बढिरहेको बताए । सिन्धुपाल्चोकमा चीनले अत्याधुनिक विद्यालय निर्माण गरेको तर सञ्चालनको खर्च धान्न अप्ठेरो परेको अनुभव पनि सुनाए । 'चीनले सय करोड पर्ने विद्यालय भवन निर्माण गरिदिएको छ । तर, बिजुलीसहित मर्मतको बिल करिब दुई लाख ७५ हजार रुपैयाँ तिर्नुपर्छ,' सापकोटाले सुनाए, 'यसलाई काठमाडौंको बुढानीलकण्ठ स्कुलको तहमा सञ्चालनका लागि प्रदेश सरकारसँग समन्वय गर्दै छौं ।'

उनले सिन्धुपाल्चोकमा ०७२ को भूकम्पपछि भारत सरकारले विद्यालय भवन निर्माण गरिरहेको बताए । 'भूकम्पभन्दा अघि भारतको सहयोग एम्बुलेन्समा थियो,' उनले भने, 'सिन्धुपाल्चोकमा भारत र चीनको सहयोग सन्तोषजनक छ ।'

अर्की सांसद सम्झना थपलियाले भारतसँग सीमा विवाद समाधान हुनुपर्नेमा जोड दिइन् । 'नेपाल र भारतले नीति निर्माण तहमै संवाद गरेर सीमाको विषय समाधान गर्नुपर्छ,' उनले भनिन् । पूर्वराजदूत विजयकान्त कर्णले छिमेकीहरूले नेपाललाई दिने साना सहायताबारे समीक्षा र छलफल हुनुपर्नेमा जोड दिए । 'साना अनुदानलाई नेपालको हितमा उपयोग गर्नुपर्छ,' कर्णले भने ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार ७ पुस ०८०
nayapatrikaofficial @naya_patrika

रामशरण-प्रकाशशरण
एकै नदीका दुई किनारा



सम्बन्ध



केशवप्रसाद पाण्डे

डा. रामशरण महत र डा. प्रकाशशरण महत, राष्ट्रिय राजनीतिमा स्थापित नाम । थातथलो नुवाकोट, सहोदर दाजुभाइ, तर कांग्रेस राजनीतिमा दुई विपरीत धारका हस्ती । घरका जेठा रामशरण त्यसपछिका प्रकाशशरण । विद्यार्थी राजनीतिबाट केन्द्रीय राजनीतिको दूरी तय गरेका यात्री । सदाबहार अर्थमन्त्रीको परिचय बनाएका दाइ रामशरण राजनीतिबाट केही ओझेलमा छन् यसवेला । अर्थतन्त्र संकटमा परेको यो समयमा अर्थ मन्त्रालयको मोर्चा सम्हाल्दै छन् भाइ प्रकाशशरण । राजनीतिक यात्रामा केही समानता र धेरै फरकपना । दुवै नेविसंघका पूर्वमहामन्त्री, अध्ययनशील छवि, दुवैले अर्थशास्त्रमा पिएचडी गरे, राष्ट्रिय योजना आयोग हुँदै अर्थ मन्त्रालय सम्हालेका, अन्तर्राष्ट्रिय अध्ययन र अनुभव दुवैका साझा परिचय । एकै परिवारका दाजुभाइ तर पार्टीभित्र विपरीत धारका यात्री । रामशरण कोइराला खेमाका र प्रकाशशरण देउवा खेमाका । कांग्रेस फुटेर कांग्रेस प्रजातान्त्रिक बन्दा देउवालाई साथ दिनेमा थिए प्रकाशशरणले । गिरिजाप्रसाद कोइरालालाई साथ दिनेमा थिए रामशरण । पछि पार्टी एकीकरण भएपछि कांग्रेसमै अटाए दुई भाइ । अहिले रामशरण कांग्रेसको केन्द्रीय सदस्य छन् । प्रकाशशरण केन्द्रीय सदस्य, पार्टी प्रवक्ता र सरकारमा अर्थमन्त्रीको हैसियतमा छन् । नजिकबाट चिन्नेहरू रामशरणकै प्रेरणा र पदचाप पछ्याउँदै प्रकाशशरण राजनीतिमा लागेका थिए भन्छन् । तर, राजनीति न हो, आफू बन्ने सर्तमा एक-अर्कालाई असहयोग गरे । चुनावमा एक-अर्कालाई सहयोग गरेनन् दाजुभाइले भन्ने चर्चा पनि चल्छ वेलावेला ।

> एकै परिवारका दाजुभाइ तर पार्टीभित्र विपरीत धारका यात्री । रामशरण कोइराला खेमाका र प्रकाशशरण देउवा खेमाका । कांग्रेस फुटेर कांग्रेस प्रजातान्त्रिक बन्दा देउवालाई साथ दिनेमा अग्रपंक्तिमा थिए प्रकाशशरण । गिरिजाप्रसाद कोइरालालाई साथ दिनेमा थिए रामशरण । पार्टी एकीकरण भएपछि कांग्रेसमै अटाए दुई भाइ, तर फरक कित्तामा ।

प्रतिनिधिसभा सदस्य तथा कांग्रेस नेता राजन केसी बाल्यकालदेखि महत दाजुभाइसँग नजिकबाट संगत गर्नेमा पर्छन् । केसीका मामाका छोराहरू हुन् यी दुई । रामशरणसँग बाल्यकालका ११ वर्ष सँगै बिताएका । उसवेला प्रकाशशरण नुवाकोटमा नै स्कुल पढ्थे । दाजुभाइको बाल्यकाल सँगसँगै कमै बित्यो । चाडबाड र जाडो बिदामा घर जाँदा मात्र यी दुईको भेट हुन्थ्यो । उनको संगतमा प्रकाश अलि फ्रेन्डली, रामशरण अलि गम्भीर थिए सानैबाट । 'रामशरण दाइ चोभारमा विश्व निकेतन स्कुलमा पढ्नुहुन्थ्यो । उहाँ मेरो मामाको छोरा, म फुपूको छोरा । त्यसवेला प्रकाश गाउँमा नै पढ्थे । दाइ आइए पढ्दा लैनचौरमा डेरा गरेर बस्नुहुन्थ्यो । त्यसपछि प्रकाश आएका हुन् । मिनपचास (जाडो बिदा) मा नुवाकोट जानुहुन्थ्यो । म पनि सँगसँगै हुन्थेँ । बाल्यकालमा उहाँहरू सँगै बस्नुभएन । राजनीतिमा आएपछि रामशरण दाइकै कारण प्रकाश र म पनि नेविसंघमा जोडियौँ,' राजन ऊवेला सम्झन्छन् । ०४५ तिरको समय लैनचौर बस्दा रामशरण महत भयंकर मिहिनेती भनेर चिन्थे, टोलका मान्छेहरू । 'बसेर पढ्दा अल्झी लागे उठेर पनि पढ्थे भन्ने हामीले सुनेका थियौँ,' केसी सुनाउँछन् । २९ वर्षको उमेरमा रामशरणले पिएचडी सकेका थिए । पञ्चायत कालमा पढाइ र राजनीति सँगसँगै । धेरैपटक जेल पर्ने र बाहिरिने चलिरहृयो । रामशरणले नेपालको अर्थतन्त्रलाई नयाँ आयाम थपेको र त्यसैको सुधार र निरन्तरताका लागि प्रकाशशरणले काम गरिरहेको देख्छन् राजन । राजनीतिमा फरक देखिए पनि पारिवारिक सम्बन्ध सुमधुर नै देखेका छन् राजनले ।

ooo

महत दाजुभाइलाई पारिवारिक र राजनीतिक रूपमा नजिकबाट बुझ्नेमा पर्छन् कांग्रेस नुवाकोट जिल्ला अध्यक्ष तथा बागमती प्रदेश सांसद् रमेश महत । रमेशले ०४९ बाट २५ वर्ष रामशरणको स्वकीय सचिवसमेत भएर काम गरे । दाजुभाइको राजनीतिक करिअरको महत्त्वपूर्ण समयको साक्षी बनेका रमेश नातामा भतिज हुन् । रमेशले राजनीतिक रूपमा एकै पार्टीका फरक धारमा रहे पनि दुईको सम्बन्ध सुमधुर नै देखेका छन् । राजनीतिक रूपमा बोलचाल बन्द भएको अवस्था आफूले नदेखेको रमेशको भनाइ छ । 'उहाँ (प्रकाशशरण) सँग पनि मेरो उस्तै सम्बन्ध छ । तर, रामशरण महतसँग धेरै काम गर्यौं । विद्यार्थी राजनीति हुँदै कांग्रेसमा प्रवेश गर्नुभयो । बाहिरै गएर शिक्षा आर्जन गर्नुभयो । राजनीतिमा एकै पार्टी र फरक धार । दाजुभाइको बोलचाले बन्द भएको, आउने-जाने नै नहुनेचाहिँ भएको छैन । राजनीतिमा कहिले फरक मत आउनु स्वाभाविक हो,' रमेश भन्छन् । पारिवारिक सदस्यसमेत रहेका रमेशका अनुसार पछिल्लो समय रामशरणको राजनीतिक रूपमा सक्रियता छैन । बुढ्यौलीले गाँजेको छ रामशरणलाई । अलि धेरै बिर्सन्छन् । सबै विषयबारे जानकारी गराएपछि मात्रै उनी कुराको भेउ पाउँछन् ।

विद्यार्थी राजनीतिबाट जोडिने र त्यसपछिका उदारचढाव देख्नेमा पर्छन् कांग्रेस केन्द्रीय सदस्य गोविन्द भट्टराई । बलबहादुर केसी नेविसंघ अध्यक्ष हुँदा प्रकाशशरण महामन्त्री थिए । शंकरदेव क्याम्पसको स्ववियु सचिव थिए भट्टराई । रामशरण राजनीतिमा सिनिएर । उनको संगत बढ्दा प्रकाशशरणसँग रहृयो । महामन्त्रीपछि प्रकाशशरण नेविसंघ अध्यक्षको तयारीमा थिए । तर, नेतृत्वले निर्वाचन हुन दिएन । बालकृष्ण खाणलाई सर्वसम्मत अध्यक्ष घोषणा गरिदियो । यसले प्रकाशशरणको लामो तयारी खेर गयो । त्यसवेला बलबहादुर केसी, महत, नवराज गुरुङलगायतबीच प्रतिस्पर्धाको तयारी थियो । तर, नेताहरूले बालकृष्ण खाणलाई सर्वसम्मत बनाएर चाक्सिबारीस्थित गणेशमान सिंहको घरबाट घोषणा गरिदिए । त्यसवेला बालकृष्णको नाम नेविसंघ अध्यक्षमा घोषणा गर्नेमा थिए रामशरण । त्यसपछि उनी अध्ययनका लागि अमेरिका उडे । प्रकाशशरण अमेरिका जानुअघि अमेरिकन सेन्टरमा डकुमेन्ट बुझाएको त्यो समय अझै सम्झन्छन् भट्टराई । 'पञ्चायतकाल थियो, म विद्यार्थी थिएँ । नेविसंघको महामन्त्री हुनुहुन्थ्यो डा. प्रकाशशरण महत । म त्यसवेला शंकरदेव क्याम्पसको स्ववियु सचिव थिएँ । उहाँले अध्यक्षको तयारी धेरै गर्नुभएको थियो । तर, त्यसवेला भोटिङ भएन । उहाँले अध्यक्षका लागि धेरै तयारी गरिसक्नुभएको थियो । हामी प्रतीक्षामा थियौँ । अमेरिका जानुअघि अमेरिकन सेन्टरमा डकुमेन्ट बुझाउने समयमा पनि हामी सँगै थियौँ ।'

उनी रामशरणलाई गुटको पक्षपाती मान्दैनन् । स्पष्टवक्ताका रूपमा चिनेका छन् । प्रकाशशरणलाई भने समूहको हितमा लागिपर्ने । उनको अनुभवले यही भन्छ । 'गुट पक्षपाती मान्छे होइन रामशरण दाइ, गुटगत कुराभन्दा पनि आफूलाई लागेको कुरा पार्टीमा मिटिङदेखि नेताहरूसँग स्पष्ट राख्ने उहाँको स्वभाव छ । पार्टी फुट्दा उहाँहरू अलग-अलग गुटमा हुनुभयो । प्रकाशजी अलि समूह र पार्टीलाई बलियो बनाएर लानुपर्छ भन्ने सोच राख्नुहुन्छ । तर, प्रकाशजीमा अन्तिम समयसम्म पनि त्यसमा उभिने क्यारेक्टर छ । केन्द्रीय राजनीतिमा उहाँहरू पार्टीको अलग-अलग खेमामा रहे पनि उहाँहरूको सम्बन्ध राम्रै देख्छु । त्यसवेला पनि समस्या थिएन अहिले पनि त्यस्तो जानकारीमा छैन,' भट्टराई सुनाउँछन् ।

अर्थमन्त्रीका रूपमा दुई दाजुभाइको कार्यकालको उनको आफ्नै विश्लेषण पनि छ । उनी रामशरणले स्थापित गरेको विश्वबजार र खुला बजार अर्थनीति अर्थतन्त्रको मोडल कालान्तरमा निर्विकल्प देखिएको र विरोध गर्नेले पनि त्यसैलाई निरन्तरता दिएको देख्छन् । 'महेश आचार्य अर्थमन्त्री हुँदा नै कांग्रेसको नीतिअनुसार खुलाबजार अर्थतन्त्रको नीति अवलम्बन गर्न सुरु गरिएको थियो । रामशरण दाइले त्यसलाई निरन्तरता दिनुभएको थियो । विरोध गर्नेले यसलाई 'पुँजीवादी अर्थनीति र विवादित भनेर विरोध पनि गरे । तर, यथार्थमा यो विकल्पहीन विरोध देखियो । विरोध गर्नेले विकल्प दिन सकेका छैनन् । सत्तामा जाँदा यसैलाई अवलम्बन गर्ने गर्छन् । त्यसपछि भ्याट, ट्याक्स रिफर्म गर्ने र करको दायरा बढाउने उहाँकै पालामा आएर धेरै सुधारका काम भए । अहिले त्यही नीतिले राजस्व उठ्छ,' भट्टराई भन्छन्, 'प्रकाशजी अर्थमन्त्री त हुनुहुन्छ तर, कोरोनाको क्राइसिसबाट बाहिर ननिस्केको र संसारभर अर्थतन्त्रमा संकट रहेको समय छ । अघिल्लो सरकारमा स्रोत सुनिश्चित नगरी भटाभट एकैपटक काम गर्दा त्यसका लागि पनि बजेट छुट्याउनुपर्ने प्रेसर उहाँलाई छ । गतवर्ष राजस्व पनि टार्गेटअनुसार नउठेकाले राज्यको ढुकुटीमा पनि पैसा नभएको अवस्था छ । तर, पछिल्लो समय तथ्यांक हेर्दा त्यसमा सुधारका संकेत देखिन्छन् ।'

ooo

महत परिवारलाई नजिकबाट बुझ्ने र रामशरणसँग निकट मानिन्छन् पूर्वसांसद् दिव्यमणि राजभण्डारी । केटाकेटी छँदै रामशरण महत राम्रो र ट्यालेन्टेट मान्छे भनेर सुनेका थिए । उनको भनाइ मान्ने हो भने पार्टीले नै मोटिभेसन गरेर रामशरणलाई पिएचडीका लागि पठाएको थियो । युएनमा काम गरेर आएपछि ०४८ मा रामशरणले निर्वाचनमा भाग लिए । तर, परिणाम पक्षमा परेन । गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकार थियो । कृष्णप्रसाद भट्टराईसहित कांग्रेस नेताहरूले पढेलेखेको र अन्तर्राष्ट्रिय अनुभव भएको मान्छे भनेर योजना आयोगमा उपाध्यक्ष बनाए । त्यसवेलाबाटै पार्टीगत रूपमा उनी रामशरणसँग जोडिए । भेटघाट सुरु भयो र फैलियो । पारिवारिक रूपमा नजिकिए । समयले साथ दिनासाथ रामशरण र उनी दुई मात्र र परिवारसहित घुम्न पनि निस्कन्थे । आयोगको उपाध्यक्ष बनाएपछि उसवेला चुनाव हारेको मान्छे योजना आयोगमा ल्याइयो भनेर विवाद पनि भएको थियो । यी सबै उदारचढावलाई भण्डारीले देखेका थिए । तर, रामशरणले कामबाटै जवाफ दिएपछि सबैलाई चुप लगाए भन्छन् भण्डारी । प्रकाशशरणसँग भने रामशरणजत्तिको संगत भएन । जुनिएर थिए प्रकाशशरण, तर दाजुभाइ नै परिवारसँग सामीप्य राख्नेमा पर्छन् । रामशरणले खुला बजार अर्थनीतिलाई अगाडि बढाउन उनका आइडिया र अध्ययनले दीर्घकालीन काम गरेको उनको अनुभवले भन्छ ।

उसवेला सार्वजनिक संस्थानलाई निजीकरण गर्ने विषयमा धेरै मत अएका थिए । अर्थमन्त्री हुँदा पनि राष्ट्रिय राजनीतिका विषयमा सरसल्लाह निरन्तर हुन्थ्यो । 'प्रकाशजी त हामीभन्दा जुनियर हुनुहुन्थ्यो । प्रकाशशरणको राम्रो कुरा उहाँ एग्रेसिभ हुनुहुन्छ, रामशरणजी बिस्तारै गरौं, पार्टीको मात्र कुरा नसुनौं भन्ने हुनुहुन्थ्यो । प्रकाशजी पार्टीको हित हुने गरी एग्रेसिभ हुनुहुन्छ । दौडधुप गर्ने र काममा खटाएपछि जसरी पनि फत्ते गर्नेमा हुनुहुन्छ । पछिल्ला क्रममा उहाँले पार्टीबाट आएका जिम्मेवारीलाई पनि त्यसरी नै पूरा गर्नुभएको थियो । अन्तर्राष्ट्रिय संस्थासँग समन्वय गर्नेमा देन देखिन्छ । उहाँसँग पनि मेरो अनुभव छ, तर रामशरणजीजस्तो होइन । प्रकाशशरणजीलाई पनि राजनीतिमा लाग्न दाइ महतको प्रेरणा थियो भन्ने मलाई लाग्छ,' भण्डारीले भने । उनले पनि राजनीतिक रूपमा फरक हुनुलाई अर्को रूपमा हेरेका छैनन्, तर अवसरका विषयले दाजुभाइमा केही अप्ठ्यारो भएको भने महसुस गरेका छन्, जुन राजनीतिक परिवारमा आफू बन्ने सर्तमा हुन्छ नै । सैद्धान्तिक कुरामा फरक हुनुलाई उनी पनि स्वाभाविक मान्छन् । काम गराइको कुरामा केही फरकपना उनले महसुस गरेका छन् । 'हर इस्युमा सबैको कुरा मिल्छ भन्ने त छैन नि ! राजनीतिमा आ-आफ्ना महत्त्वाकांक्षा हुन्छन् । अवसरका कुरा पनि रहन्छन् ।'

रामशरणसँग धेरैपटक घुम्न गएको सम्झन्छन् भण्डारी । रामशरणको कुरा गर्दा उनलाई १५ वर्षअघिको समय याद आउँछ । एक समय भण्डारीले भाँडा माझेको देखेर रामशरणले जिद्दी गर्दै प्लेट सफा गरेका रहेछन् । 'म प्लेट सफा गरिरहेको थिएँ । तिमी गर्छौं भने म पनि गर्छु भनेर आउनुभयो । मैले रोक्दै काँ डा. साप, भनेको मान्नुभएन । विद्यार्थी हुँदा माझेकै त हो भन्नुभयो,' भण्डारी भन्छन् ।

ooo

अर्थमन्त्रीका रूपमा रामशरणसँग लामो संगत गर्नेमा पर्छन्, पूर्वअर्थसचिव डा. रामेश्वर खनाल । उनी रामशरणलाई अर्थतन्त्रलाई कसरी राम्रोसँग चलाउनुपर्छ भन्ने राम्रो ज्ञान भएको अर्थमन्त्रीका रूपमा चिन्छन् ।

प्रकाशशरणसँग भने सामान्य सम्बन्ध छ, उनको । 'उहाँहरूको सम्बन्ध सामान्य नै देखेको छु,' खनाल भन्छन् । जहिले पनि संकट पर्नामाथि उकास्ने काममा रामशरणको भूमिका रहेको उनको विश्लेषण छ । उनको कार्यकालमा अरूले संकटमा पार्ने र उहाँले सम्हाल्ने भइरहृयो । 'उहाँले अन्तर्राष्ट्रिय पहिचान पनि बनाउनुभएको थियो । बेलायतको बैंकर भन्ने पत्रिकाले त उहाँलाई उत्कृष्ट अर्थमन्त्रीको रूपमा पनि घोषणा गरेको थियो । उहाँसँग ०५८ मा अर्थमन्त्री भएपछि सबै कालखण्डमा काम गर्यौं । मैले अवकाश पाइसकेपछि पनि बजेट निर्माणका क्रममा उहाँले बोलाउनुहुन्थ्यो । अर्थमन्त्रीको दायित्वलाई अत्यन्तै महत्त्वपूर्ण मान्नेमा हुनुहुन्थ्यो । प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री भएको समयमा पनि उहाँले व्यक्तिगत कुरा सुन्नुहुन्थ्यो । उहाँ कुनै हालतमा पनि कम्प्रमाइज गर्नेमा हुनुहुन्थ्यो, 'खनाल भन्छन्, 'भूकम्पको समयमा पनि उहाँले जुन तयारी गर्नुभयो र पुनर्निर्माण पनि भयो, त्यो ठूलै काम हो । उहाँलाई पार्टी र संस्थान बेच्यो भन्ने आरोप पनि थियो । उहाँ मुलुकको दीर्घकालीन हित हेरेर काम गर्नुहुन्थ्यो, तर बुझ्नेभन्दा बदनाम गराउन अरू लागे ।'

खनालले हक्की स्वभावका अर्थमन्त्रीका रूपमा रामशरणलाई चिनेका छन् । केही घटनाले पनि उनमा यस्तो छाप बनेको छ । ०५८ मा आर्थिक वर्षको अन्त्यमा अर्थ मन्त्रालयमा चाप हुन्थ्यो । कसैको बजेटबाट लिएर अर्को शीर्षकमा खर्च गर्न सकिने हुन्थ्यो । नेविसंघमा उच्चस्तरीय नेताहरू नै एक समय मन्त्रालयमा आएर त्यसका लागि आग्रह गर्थे । रामशरणले च्याम्बर बाहिरै भेटेर त्यस्ता कुरा नगर्नुस् राज्यको ढुकुटी म दिन सक्दिनँ भनेका थिए । तर, अर्थमन्त्री कोठामा छिरेपछि आक्रोशित हुँदै लात्ताले ढोकामा हानेर भित्र छिरेर झन्डै कुटपिट गरेछन्, ती विद्यार्थी नेताले । ०६४ मा पनि उनी अर्थमन्त्री थिए । बजेट तयारीभन्दा अगाडि विभिन्न खाले योजनाका लागि कुरा आउँथे । प्रधानमन्त्री थिए गिरिजाप्रसाद कोइराला । प्रधानमन्त्रीको फोनलाई पनि बेवास्ता गर्थे । 'फोन आउँथ्यो, तर उहाँ फोन अफ गरेर बस्नुहुन्थ्यो । प्रधानमन्त्रीको पनि फोन उठाउनुहुन्थ्यो । पछि पिएको मोबाइलमा फोन आउँथ्यो । म यहाँ काममा छु भनेर प्रधानमन्त्रीसँग पनि कुरै गर्नुहुन्थ्यो,' खनाल सम्झन्छन् ।

रामशरणका स्वकीय सचिव रामेश्वर थापा दुईजनाबीचको सम्बन्धलाई राम्रो रूपमा देखेको बताउँछन् । 'उहाँहरूको सम्बन्धमा कुनै समस्या देखेको छैन । अर्थमन्त्रीज्यू पनि वेलावेला आउनुहुन्छ । सल्लाह गरिरहनुभएको छ,' थापा भन्छन् । दाजुको ठाउँमा रहेर कार्यसम्पादन गर्ने चुनौती पनि देखेका छन् कतिपयले । अर्थमन्त्रीमा रामशरणसँग तुलना हुन नसक्ने टिप्पणी पनि हुने गर्छन् । निकटहरू अर्थमन्त्रीका रूपमा भाइ महतको काममा सन्तुष्ट छैनन् भन्छन् । तर, प्रकाशशरणले यस्ता पक्षमा पनि ध्यान दिइरहेको देख्नेहरू पनि छन् । अर्थमन्त्री भएपछि सुरुमै उनी दाइ रामशरणलाई भेट्न निवासमै पुगेका थिए । त्यसबाहेक परामर्शका लागि जाने गर्छन् वेलावेला । 'अहिले उहाँको स्वास्थ्यमा उमेरसँगै आउने समस्या आएका छन् । सार्वजनिक कार्यक्रममा सहभागी हुनुभएको छैन,' आफ्ना दाइ रामशरणबारे प्रकाशशरण भन्छन्, 'भेटमा राजनीतिक विषयमा के भइरहेको छ भनेर चासो राख्नुहुन्छ । हामीबीच बोलचाल नै बन्द भयो भनेर अफवाह पनि फैलाइयो । तर, हामीबीच बोलचाल बन्द कहिल्यै भएन । दाजुभाइको सम्बन्ध सानैदेखि सुमधुर छ ।'

■ दाजुभाइको सम्बन्धबारे भाइ प्रकाशशरण भन्छन्, 'हामीबीच बोलचाल नै बन्द भयो भनेर अफवाह पनि फैलाइयो, तर त्यस्तो कहिल्यै भएन । हामीबीचको सम्बन्ध सानैदेखि सुमधुर छ ।' तर, महत परिवारलाई नजिकबाट बुझ्ने पूर्वसांसद दिव्यमणि राजभण्डारी दाजुभाइको सम्बन्ध सुमधुर भएको देख्दैनन् । भन्छन्, 'हर इस्युमा सबैको कुरा मिल्छ भन्ने छैन ! राजनीतिमा आ-आफ्ना महत्त्वाकांक्षा हुन्छन् । अवसरका कुरा पनि रहन्छन् ।'

■ अहिले रामशरण कांग्रेसको केन्द्रीय सदस्य छन् । प्रकाशशरण केन्द्रीय सदस्य, पार्टी प्रवक्ता र सरकारमा अर्थमन्त्रीको हैसियतमा छन् । नजिकबाट चिन्नेहरू रामशरणकै प्रेरणा र पदचाप पछ्याउँदै प्रकाशशरण राजनीतिमा लागेका थिए भन्छन् । तर, राजनीति न हो, आफू बन्ने सर्तमा एक-अर्कालाई असहयोग गरे । चुनावमा एक-अर्कालाई सहयोग गरेनन् दाजुभाइले भन्ने चर्चा पनि कांग्रेसमा चल्छ वेलावेला ।


नगर सभ्यताको कृत्रिमताले निसासिन्छु

१ हालसालै तपाईंको 'भूपिनका कविता' बजारमा आएको छ। एकातिर संग्रहको नाम 'भूपिनका कविता' हुनु र अर्कातिर यसलाई प्रतिनिधि कविता नभनिनु बीचको सम्बन्ध के हो ?

'प्रतिनिधि कविता' कविले जीवनभरि लेखेका कविताको सर्वोत्कृष्ट संकलन हो। यो प्रायः त्यतिवेला निस्कन्छ, जतिवेला या कविले कविता लेखन पूर्णतः बन्द गरिसकेको हुन्छ, या उसको मृत्यु भइसकेको हुन्छ। दुनियाँभरिकै अभ्यास यही हो। म यी दुवैमा पर्दिनँ। अरू थप दुई चार कविताकृति लेख्ने र प्रकाशन गर्ने योजनामा छु। ०८२ सालमा कविताकृति प्रकाशन गर्ने त तयारी नै छ। त्यसैले भूपिनका कवितालाई प्रतिनिधि कविताकृति नभनेको हुँ।

२ तपाईं चितवनमा बसेर साहित्यसाधना गर्नुहुन्छ। चितवनमा वल्लो चोकका साहित्यकारले पल्लो चोकका साहित्यकारलाई नदेखेझैं गर्छन् भनिन्छ नि। के यो सत्य हो ?

२०६० सालमा म चितवन आउँदा स्थिति धेरै असहज थियो। कार्यक्रममा सुनाइने कवितामध्ये ६० प्रतिशतजति पद्य कविता, करिब ३० प्रतिशतजति गजलवाचन हुन्थे। पछि करिब ७० प्रतिशत गजल र २० प्रतिशत पद्य कविता वाचन हुन थाल्यो। प्रचण्ड बहुमतको गजल सत्ताले अन्य विधाप्रति उदार भावले सहिष्णुता देखाउने रुचि गरेन। चितवन गजलको छापामार हुँ भनेर राजधानीको दम्भमा फस्यो। तर, परिस्थिति बदलिएको छ, विगत २०-२२ वर्षको मेरो व्यक्तिगत अनुभवमा सदा अल्पमतमा रहेको गद्य कविता वर्तमानमा सबैभन्दा बढी वाचन हुन्छ। निबन्ध र आख्यानले पनि जबर्जस्त हस्तक्षेप गरेको छ। समालोचनालगायत सिर्जनाका सबै विधाले मौलाउने मौका पाएका छन्। लेखनको स्वीकारोक्तिमा चितवन उदार र सहिष्णु बन्दै गएको छ। म बारम्बार भनिरहन्छु, चितवनको साहित्य चितवनको माटोजस्तै मलिलो र उर्वर छ। सबै जिल्लाबाट बसाइँसराइ गरी आउने मानिस र उनीहरूको पृथक् संस्कृति एवं बाँच्ने शैलीका कारण यहाँ लेखनका अनन्त सम्भावना छन्। कोही लेखक वा समूह छोइछिटो र हिलो छ्यापाछ्यापमा रमाउँछन् भने यो उनीहरूका लागि मात्र नभएर समग्र देशकै साहित्यका लागि प्रत्युत्पादक हुने निश्चित छ।



पाँच प्रश्न

● भूपिन
कवि आख्यानकार

३ संरक्षण कविता आन्दोलनको अभियन्ता भएका नाताले कवितामा पर्यावरण कति लेखिएको छ र कति लेखिनुपर्छ ?

संरक्षण कविता आन्दोलनमा लागेको लामो समयसम्म म आफैं पनि पर्यावरण साहित्य सिर्जनामा खासै गम्भीर बन्न सकिनँ। प्रकृति र पर्यावरणको मुद्दा आममानिस र कविहरूको भन्दा एनजिओ-आइएनजिओको नै बढी होजस्तो भ्रममा म पनि रुमल्लिइरहें। कविता र संरक्षण विषयमा आफ्ना अनुभूति त लेखिरहैं, तर पर्यावरण-संरक्षण जीवनको तयारी नभई स्वयं जीवन नै हो भन्ने बुझ्न मलाई पनि निकै समय लाग्यो। जीवनलाई मैले सामाजिक दुःख र संघर्षको रूपमा बढी अर्थ्याएँ, प्रकृतिको दुःख र संघर्षलाई सायद कम महत्त्व दिएँ। तर, सुखद कुरा म संरक्षण कविता आन्दोलनसँग सुरुवातदेखि नै अविच्छिन्न जोडिरहें। यस आन्दोलनले मलाई बाल्यकालदेखि मेरो मनमा रहेको प्रकृतिप्रेमको घनिष्ठतासँग सुपरग्लुलेझैं जोडिदियो। मैले बुझें, प्रकृतिको सुन्दरताको आलंकारिक वर्णनबाट माथि उठेर अब यसको निरन्तर क्षय भइरहेको अस्मिताउपर कविता लेखिनु अपरिहार्य भइसकेको छ। दुःखपूर्वक भन्नुपर्छ, नेपाली साहित्यमा पर्यावरण र संरक्षणका कविता अत्यन्त न्यून लेखिएका छन्। इतिहासतिर जान चाहन्नँ। मेरो अध्ययनले भन्छ, नेपाली साहित्यमै पर्यावरणलाई विषय बनाएर लेखिएका रचना अत्यन्त अपर्याप्त छन्। अझ पर्यावरण संरक्षणको उद्देश्यले लेखिएका कविता त निकै कम छन्। वर्तमानमा केही कवि लेखक र बौद्धिकले यस विषयमा लेख्न र बोल्न रुचि देखाइरहेका छन्। यो सुन्दर कुरा हो।

४ तपाईं वेलावेला जंगलतिर बुसक्राफ्टमा निस्कनुहुन्छ। कविताको खोजीमा निस्कनु भएको हो कि आफ्नो मन बहलाउन ?

प्रकृति छ, त्यसकारण जीवन छ। प्रकृतिमा जंगल छ, खोला-किनार छन्। यिनै खोला-किनार या जंगलमा जीवनको मंगल छ। महानगरको वासिन्दा म, नगर सभ्यताको कृत्रिमतामा थिचिएर निसासिन्छु। लाग्छ, मानिसहरू कृत्रिमतासँग यति समायोजित भइसके कि उनीहरूलाई पत्तै हुन्न, आफूले भोगेका सम्बन्ध कति कृत्रिम छन् भनेर। प्रकृतिको निकट रहेर कवितामा जीवन लेख्न जंगल पस्नु एक कविका लागि सामाजिक जंगलमा पस्नुजत्तिकै महत्त्वपूर्ण छ। कविले कि सामाजिक जंगलबारे लेख्छ कि मनोगत जंगलबारे। मनोगत जंगलको स्थिति थाहा पाउन पनि जंगल उत्कृष्ट स्थल हो। सामाजिक जंगलमा मात्र भुल्दा मानिसका हित केन्द्रमा रहन्छन्, तर मानिस मात्र त प्रकृतिको सर्वेसर्वा होइन। यहाँ बाँचिरहेका लाखौं चराचर जगत् र कीटपतंग पनि पृथ्वीका सन्तान हुन्। यस विराटतालाई मनमा तरोताजा राख्न पनि जंगल मानिसको सुन्दर गन्तव्य हो। मेरा पुर्खाहरूले जंगलकै सान्निध्यमा जीवन बिताए। म उनीहरूले बाँचेको जीवन पनि बोध गर्न चाहन्छु। म पनि गाउँको सल्लेरीमा रमाएँ। यसलाई पुनर्तजगी दिन चाहन्छु। बुसक्राफ्ट मेरो यही सोचको परिणाम हो।

५ समीक्षकहरू भन्छन्, तपाईंमा विधा भन्जनको मोह देखिन्छ, तपाईं एउटै विधामा स्थिर हुनुहुन्न।

साहित्यका हरेक विधाप्रति प्रेम छ, तर पहिलो प्रेम कविता नै हो। साहित्य मात्र होइन, कलाका धेरै विधाप्रति प्रेम छ। बहुविधामा लेख्ने धेरै लेखक मन पर्छन्। म पनि त्यही लस्करमा छु।

● मीनराज बसन्त



साप्ताहिक राशिफल

७ पुस (शनिबार)
१३ पुस (शुक्रबार)

● **सुरेशचन्द्र रिजाल,** ज्योतिष तथा वास्तुविद्। **मो :** ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

साताको प्रारम्भमा जीविकोपार्जनका लागि गरिएका प्रयासले अपेक्षित सफलता मिल्नेछन्। आर्थिक स्थितिमा सुधार आउने देखिन्छ। व्यापार-व्यवसायमा संलग्न व्यक्तिले पहिले गरेको लगानीबाट सोचेअनुसार लाभ उठाउन सक्नेछन्। बजारमा पुँजी अड्किएका व्यक्तिहरूले यो साता मिहिनेत गरेमा अप्रत्याशित रूपमा धनआर्जन हुने योग छ। जग्गा र भवनसम्बन्धी विवाद साताको अन्त्यतिर पर्न सक्ने हुँदा विशेष सावधानी अपनाउनुपर्नेछ।

बृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

यो साता वृष राशिका व्यक्तिहरूलाई भाग्यको साथ मिल्नेछ। कडा परिश्रमबाट धेरै सफलता मिल्ने योग छ। सोमबार र मंगलबार व्यावसायिक लगानीमा साथीभाइ र सहकर्मीबाट पनि सहयोग मिल्नेछ। कपडा र मेकअप सामानको व्यापार गर्ने व्यक्तिहरू आफ्नो कमाइबाट खुसी हुनेछन्। राजनीतिक तथा सामाजिक कार्यमा संलग्न व्यक्तिले समाजमा मान-प्रतिष्ठा प्राप्त गर्नेछन्।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

मिथुन राशिका व्यक्तिहरूका लागि साताको प्रारम्भमा भाग्यले पूर्ण रूपमा साथ दिनेछ र तपाईंका सबै योजना सजिलै पूरा हुनेछन्। कुनै बैंकबाट ऋण लिने सोचमा हुनुहुन्छ भने फाइदा हुनेछ। पुराना साथीभाइबाट सहयोग मिल्नेछ र असल साथीहरू पनि बढ्नेछन्। साताको अन्त्यमा श्रीमतीको तर्फबाट सबै प्रकारको सहयोग प्राप्त हुनेछ र योजना सफल हुनेछन्।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

कर्कट राशि हुनेहरूका लागि साताको प्रारम्भमा धन र सम्मानमा वृद्धि हुने योग छ। रोकिएका काम सजिलै पूरा हुनेछन् र भाग्यले पूर्ण रूपमा साथ दिनेछ। मातृपक्षबाट माया र सहयोग प्राप्त हुने योग रहेकाले आमाको सल्लाहअनुसार अगाडि बढेमा कार्य सिद्धि हुनेछ। बिहीबार र शुक्रबार विलासितामा पैसा खर्च हुने हुँदा विशेष सावधानी अपनाउनु पर्नेछ। कुनै पनि शुभकार्य गर्नुअघि देवीको पूजा तथा प्रार्थना गरेमा भाग्यको पूर्ण साथ रहनेछ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

साताको पूर्वार्द्ध विशेष लाभदायक र नयाँ परियोजनाबाट सफलता मिल्नेछ। स्थान परिवर्तनसँग सम्बन्धित कुनै पनि काम सफल हुनेछ। साताको उत्तरार्द्धमा केही जटिलता देखिए तापनि तपाईंको हिम्मत बढ्नेछ। परिवारमा मांगलिक कार्य हुनाले मन प्रसन्न रहनेछ। कार्यालयमा तपाईंका लागि अनुकूल वातावरण बन्नेछ। तपाईंका सहकर्मीले पनि तपाईंलाई साताभर पूर्ण रूपमा सहयोग गर्नेछन्। कार्य सफलताको साता रहनेछ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

कन्या राशिका व्यक्तिहरूका लागि आर्थिक हिसाबले साता बलियो नै रहनेछ। वैदेशिक यात्राका लागि गर्न खोजिएका कार्य सजिलै सम्पन्न हुनेछन्। अनावश्यक खर्च हुने सम्भावना रहेकाले साताको उत्तरार्द्धमा विशेष सावधानी अपनाउनुपर्नेछ। व्यापार-व्यवसायमा आर्थिक लाभको योग रहेकाले लगानी गर्दा शुभ रहनेछ। लामो यात्राको योग रहेकाले यात्रामा निस्किँदा विशेष लाभ मिल्ने साता रहेको छ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

तुला राशिमा जन्मिएका व्यक्तिहरूका लागि साताको सुरुवाती दिनमा धन लाभ हुनुका साथै गर्न खोजेका कार्य सजिलै सम्पन्न हुनेछन्। कुनै पनि निर्णय लिँदा भाग्यको पूर्ण साथ रहनेछ। मंगलबार र बुधबार सहयोगी भावना रहने हुँदा उपचारमा अनावश्यक धन खर्च हुने सम्भावना रहेकाले विशेष सावधानी अपनाउनुपर्नेछ। साताको अन्त्यमा घरमा छिमेकीहरूको सहयोगमा मांगलिक कार्यमा मन रमाउनेछ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

वृश्चिक राशिका व्यक्तिहरूका लागि शनि अढैया दशाका कारणले साताको प्रारम्भमा मन विचलित रहनुका साथै आफैं अन्योलमा परिनेछ। व्यापार वृद्धिका लागि गरिएका प्रयास असफल हुनेछन्। बिहीबार र शुक्रबार अरूको कारणले केही समस्याको सामना गर्नुपर्नेछ। साताको अन्त्यमा शत्रुपक्षलाई जित्न सफल हुनुका साथै कानुनी विवादमा सफलता मिल्नेछ। यदि कुनै मुद्दा विचाराधीन छ भने जित्नुहुनेछ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

धनु राशि हुनेहरूका लागि यस साता आर्थिक हिसाबले लाभदायक रहनेछ। रोकिएका आयोजनाबाट लाभ मिल्नेछन्। तपाईंभित्र परोपकार र सहयोगी भावना विकास हुनेछ। धार्मिक कार्य रुचिका साथ सम्पन्न हुनेछन्। साताको अन्त्यमा भाग्यको पनि पूर्ण सहयोग मिल्नेछ। वैदेशिक यात्रामा भने केही बाधा उत्पन्न हुन सक्ने हुँदा सत्यनारायणको दर्शन तथा पूजा गरेमा लाभ मिल्नेछ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

सुरुमा लाभांश बढे पनि प्राप्त रकम तत्काल खर्च गर्नुपर्ने स्थिति आउनेछ। केही अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्दा मन खिन्न रहनेछ। फजुल खर्चका बीच कामको बोझ पनि बढ्न सक्छ। बुधबारदेखि कीर्तिमानी काम सुरु हुन सक्छ। प्रतिष्ठित काम गर्ने मौका प्राप्त हुनेछ। नातेदार र कुटुम्बले काममा सहयोग गर्नेछन्। साथीहरूसित मनोरञ्जनको अवसर जुर्नेछ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रतिष्ठित काम गरेर अवसर हात पार्ने साता रहेको छ। आय-आर्जन बढ्नुका साथै दिगो फाइदा हुने काम प्रारम्भ गर्न सकिनेछ। मिहिनेत गर्दा राम्रै अवसर पाइनेछ। तर, आम्दानीका साथै कामको दायित्व पनि बढ्न सक्छ। बुधबारदेखि खर्चको मात्रा बढ्नेछ। बीचमा काम रोकिए पनि दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुन सक्छ। सप्ताहन्तमा आस मारेको काम बन्नेछ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

विशेष जिम्मेवारी अथवा नोकरी प्राप्तिको योग रहेको छ। विशिष्ट व्यक्तित्वसँग मित्रता बढ्नेछ। परिश्रमअनुसार राम्रै फल पाइने साता रहेको छ। खर्च भए पनि दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर छ। लगनशीलताले प्रसिद्धि पनि बढ्नेछ। मिहिनेतले दाम र इनाम दिलाउने योग रहेकाले दिन सफल रहनेछन्।



पखालाले हामी शिथिल भयौं। तीन-चार दिनपछि फेरि दरबारबाट नाटकको अभ्यास हेर्न आए। हामी सबैजना डाइट खाएर बिरामी भएका थियौं। दरबारले फेरि एक्सरसाइज गराउनुपर्छ भन्ने उर्दी जारी गऱ्यो। आर्मीलाई झिकाएर नाटकका लागि बिहान-बिहान एक्सरसाइज पो गराउन थाल्यो।

'बेलुका मेरो घरमा आउनुपर्छ है। खाने-बस्ने सबै व्यवस्था हुन्छ,' भन्दै त्यो मान्छे गयो। खाने-बस्ने व्यवस्था हुने भयो भनेर हामी खुसीले गद्गद् भयौं। साँझ पर्न लाग्दा हामी त्यो मान्छेको घरमा पुग्यौं। घरमा पुग्दा १२-१५ जना मान्छे जम्मा भएका रहेछन्। हामी घरमा पुग्नेबित्तिकै 'जोक्करहरू आए' भन्दै हल्ला गर्न थाले। हामीलाई कोकाकोला पिउन दिए अनि भने, 'ल अब डाइलग भन्नुस्।' मलाई एउटाले भन्यो, 'तपाईंले गब्बरसिंहको डाइलग बोल्नुपर्छ।'

नेपाली रेडियो नाटकका पर्याय हुन्, मदनदास श्रेष्ठ। धारावाहिक रेडियो नाटक जन्माएका उनले राजनीतिक, धार्मिक, बालश्रम, कृषि तथा महिलाका कथामा थुप्रै रेडियो नाटक बनाएर प्रसारण गरे। उनको रेडियो नाटक जेटिए निकै लोकप्रिय थियो। 'गीति कथा' युवापुस्तामाझ निकै चर्चित थियो। रेडियो नाटकका प्रवर्द्धक श्रेष्ठको जीवन भोगाइ रोचक र प्रेरणादायी छ। उनको रेडियो नाटकयात्रा सिनेमाका दृश्यजस्तै लाग्छन्। आफ्नो कलायात्राका रोचक भोगाइ **पवन बराइली**सँग यसरी सम्झिए :

किस्सा १

मञ्चमा निधार ठोक्किँदा

०२१-२२ सालतिरको कुरा हो। त्यसवेला नेपाल कला केन्द्र क्षेत्रपाटीमा थियो। अध्यक्ष कृष्णप्रसाद रिमाल हुनुहुन्थ्यो। संयोगले त्यहाँ नाटक खेल्ने अवसर पाएँ। नाटकमा म 'गाइने'को भूमिकामा थिएँ। म श्रीमान् र शकुन्तलाजी श्रीमतीको भूमिकामा हुनहुन्थ्यो। मञ्चको दृश्यमा झुप्रो घरमा श्रीमान् बिरामी भएर सुतिरहनुपर्ने थियो। नाटकको मध्यभाग पुगेपछि म अचेत हुने दृश्य थियो। श्रीमतीले देखेपछि भित्रबाट अम्खोरामा पानी लिएर आउँदा श्रीमान्को मृत्यु भएको दृश्य थियो। त्यसपछि पानीको अम्खोरा छोडेर अँगालो मार्नुपर्ने थियो। तर, उहाँले पानीको अम्खोरा मेरो निधारमै फ्याँक्नुभयो र, अँगालो मारेर रुन थाल्नुभयो। मलाईचाहिँ अम्खोराले निधार फुटायो भन्ने लाग्यो। दुखेर रना भएँ। उहाँलाई सानो स्वरमा मेरो निधार फुट्योजस्तो छ भनेर पटक-पटक भनें। तर, उहाँले सुन्नुभएन। अबचाहिँ बाँच्दिनँ होलाजस्तो लाग्यो। कहिले पर्दा बन्द हुन्छ र निधार छाम्छु भन्ने मात्रै लाग्यो। पर्दा बन्द भएपछि हत्तपत्त निधार छामें। धन्न निधारमा टुटुल्को मात्रै उठेछ। रगत आएजस्तो लागेको थियो, तर पानी रहेछ।

किस्सा २

दरबारको डाइट पचेन

०२७ सालको कुरा हो। एउटा नाटक मञ्चन गर्नुपर्ने थियो। नाटकको अभ्यास दरबारबाटै गराइन्थ्यो। त्यसवेला दरबारको चल्तापुर्जा साहित्यकार नीरविक्रम प्यासी हुनुहुन्थ्यो। उहाँले हामीलाई नाटक सिकाउनुहुन्थ्यो। नाटक अभ्यास गर्दा उहाँ हेर्न आइरहनुहुन्थ्यो। एक दिन राजा महेन्द्रले कसैलाई सोध्नुभएछ, 'कलाकारको अवस्था कस्तो छ ?' दरबारको एकजना सचिवले भनेछन्, 'नाटकको अभ्यास गरेपछि कलाकारहरू बाहिर गएर चना-चिउरा खान्छन्।' त्यसपछि राजाले कलाकारलाई राम्रो डाइट खुवाउनुपर्छ भनेर आदेश दिनुभएछ। नाटक अभ्यासका लागि दरबारले प्रतिव्यक्ति ३० रुपैयाँका दरले खाजाखर्च पठायो। त्यसवेला नाटकको पारिश्रमिक दिनको पाँच-सात रुपैयाँ मात्रै पाइन्थ्यो। खाजाखर्च नै ३० रुपैयाँ आयो। हामी चकित भयौं। त्यसपछि बिहानको खाजा खान सबै व्यवस्था हुने भयो। त्यसवेला डेरीको दूध बोतलमा पाइन्थ्यो। सबैलाई एक-एक बोतल दूध र अन्य डाइट दिइयो। तर, दरबारको डाइटले नाटक अभ्यास गर्न भनै नसक्ने भयौं। किनकि, हामी सबैलाई पखाला लाग्यो। पखालाले हामी शिथिल पो भयौं। तीन-चार दिनपछि फेरि दरबारबाट मान्छेहरू नाटकको अभ्यास हेर्न आए। हामी सबै डाइट खाएर बिरामी भएका थियौं। दरबारले फेरि एक्सरसाइज गराउनुपर्छ भन्ने उर्दी जारी गऱ्यो। आर्मीलाई झिकाएर नाटकका लागि बिहान-बिहान एक्सरसाइज गराउन थाल्यो। त्यसपछि बिस्तारै नाटक अभ्यास सकेपछि नाटक मञ्चन भयो। कलाकारलाई घरघर पुऱ्याउनका लागि गाडीको व्यवस्था पनि थियो। त्यसवेला नाटक गर्न निकै सकस हुन्थ्यो। नाटकका लागि बत्ती, पर्दाजस्ता सामग्रीको अभाव हुन्थ्यो। त्यो अभाव देखेर दरबारले पर्दा र बत्ती बेलायतबाट मगाएको थियो।

किस्सा ३

...अनि दर्शक उठेर हिँडे

त्यसवेला नाटक देखाउन आवश्यक स्रोत-साधन थिएन। माइकमा बोल्नुपर्थ्यो। आवाज आएन भने दर्शक कराउन थाल्थे। टिकट काटेर नाटक हेर्ने चलनै थिएन। दिनभरि नाटक हेर्न आउनू भन्दै माइकिङ गर्दै गल्ली-गल्ली डुल्नुपर्थ्यो। स्याल, कुकुर, हावाहुरी, पानी बगेको, चराचुरुंगी कराएको आवाज रेकर्ड गर्न जंगलतिर दौडिनुपर्थ्यो। भाँडाकुँडाको ध्वनि आवश्यक पर्दा स्टुडियोमै भान्छाकोठा निर्माण गर्नुपर्थ्यो।

नेपालमा भर्खर सोनीको टेप रेकर्डर भित्रिएको थियो। श्यामदास श्रेष्ठको निर्देशनमा राष्ट्रिय नाचघरमा एउटा नाटक मञ्चन हुने भयो। नाटकमा


नयाँ पिँढीलाई पुरानो इतिहास

अग्रजबाट यसरी आफ्नो जीवनको उत्तरार्द्धमा अनुभव सँगालेर पस्किँदा नयाँ पिँढीलाई पुरानो इतिहास, विगतका तौरतरिका र शासन पद्धतिबारे जान्ने-बुझ्ने र सिक्ने अवसर प्राप्त हुने भएकाले यो ज्ञान हस्तान्तरणका लागि लेखकलाई हृदयदेखि नै नमन टक्र्याउन चाहन्छु।

समीक्षा



भुवन पौडेल




यतिवेला हालसालै बजारमा प्रकाशित पुस्तक 'राष्ट्र-परराष्ट्र'को चर्चा छ। श्रद्धेय डा. भेषबहादुर थापाद्वारा लिखित पुस्तक मैले पनि किनेर पल्टाउन सुरु गरें। उहाँको जीवनका व्यक्तिगत आरोह-अवरोहभन्दा पनि महेन्द्रकालीन समयका अनुभव र भोगाइ सुन्न, पढ्न मन लागिरहन्छ, जुन मेरो पेसागत संलग्नता र मुलुकको विदेश नीतिप्रतिको चासो र चिन्ताले पनि हुन सक्छ। पुस्तकमा भनिएको छ, 'उनको समयमा मान्छेले अवसर होइन, अवसरले मान्छे खोजिरहेको...' यस वाक्यमा पुगेर म एकछिन अडिएँ। त्यसवेला राजाले क्षमता भएका र योग्यता भएकाको कदर गर्दै सही मान्छेलाई सही समयमा टिपेर मुलुकको हितमा प्रयोग गरेका रहेछन्। मुलुकको विकासका लागि सन्तुलित परराष्ट्र नीति सञ्चालन गर्ने राजा महेन्द्रको हुटहुटी रहेछ। त्यो समयमा अहिलेजस्तै भूराजनीतिक प्रतिस्पर्धा र एकदमै चुनौतीपूर्ण

मदनदास श्रेष्ठका
सात किस्सा

दरबारको डाइटले पखाला लाग्यो

राजा महेन्द्रले 'कलाकारलाई राम्रो डाइट खुवाउनुपर्छ' भनेर आदेश दिनुभएछ। नाटक अभ्यासका लागि दरबारले प्रतिव्यक्ति ३० रुपैयाँका दरले खाजाखर्च पठायो। त्यसवेला नाटकको पारिश्रमिक दिनको पाँच-सात रुपैयाँ मात्रै पाइन्थ्यो। खाजाखर्च नै ३० रुपैयाँ आयो। हामी चकित भयौं। त्यसपछि बिहानको खाजा खान सबै व्यवस्था हुने भयो। त्यसवेला डेरीको दूध बोतलमा पाइन्थ्यो। सबैलाई एक-एक बोतल दूध र अन्य डाइट दिइयो।



तस्बिर : ज्ञानेन्द्र कार्की

सधैं साउन्डको समस्या खेप्नुपर्थ्यो। स्ट्यान्डमा राखेको माइकमा उभिएर बोल्नुपर्थ्यो। त्यसले बडी मुभमेन्ट राम्रो देखिँदैनथ्यो। नाटकमा संवादसँगै विभिन्न आवाज रेकर्ड गरायौं। त्यसवेला अंगुरबाबा जोशी महिला संगठनको अध्यक्ष हुनुहुन्थ्यो। महिला संगठनले नारी दिवसको दिन महाकवि लक्ष्मीप्रसाद देवकोटाले लेखेको एउटा नाटक मञ्चन गरायो। पहिलो दिन जसातसो मञ्चन गर्‍यौं। भोलिपल्ट नाटक मञ्चन गर्ने गाह्रो भयो। रेकर्ड गरेको पहिलो पार्टको संवादलाई फेरि सुल्टाउनुपर्नेरहेछ। प्राविधिकले सुल्टाउन बिर्सेछन्। दर्शक नाटक हेर्न आइसकेका छन्। हामी सबै मञ्चमा निस्किसकेका थियौं। तर, टेप रेकर्डरमा साउन्ड बजेन। त्यस दिन नाटक मञ्चन गर्न सकिएन। दर्शक सबै उठेर हिँड्न थाले। प्राविधिक कारणले गर्दा देखाउन सकिएन भनेर अनुरोध गरेर भोलिपल्ट त्यही पैसामा नाटक देखायौं।

किस्सा ४
मेरो 'थोपडा'मा प्रश्न

५-६ वर्षमा एउटा फिल्म बन्थ्यो। देशबाहिरबाट प्राविधिक बोलाएर फिल्म बनाइन्थ्यो। दरबारले 'मनको बाँध' फिल्मका लागि कलाकार खोजेको रहेछ। त्यो सूचना गोरखापत्रमा देखेँ। मैले फिल्ममा अभिनय गर्ने सोचले निवेदन दिएँ। त्यो वेला चलचित्र संस्थानमा उत्तमलाल श्रेष्ठ र चेतन कार्की हुनुहुन्थ्यो। निवेदन दिएकामध्ये हामी २५ जना छनोट भएछौं। मेरो ११ नम्बरमा नाम निस्किएछ। अडिसनका लागि चेतन कार्कीले बालाजुमा बोलाउनुभयो। निर्देशक प्रकाश थापा हुनुहुन्थ्यो। उहाँ नेपाली कम बोल्नुहुन्थ्यो। मलाई देख्नेबित्तिकै चेतन कार्कीलाई हिन्दीमा भन्नुभयो,'यसलाई किन बोलाएको ?' म छक्क परेँ। चेतन कार्कीले भन्नुभयो,'स्क्रिन टेस्ट गर्न बोलाएको।' प्रकाश थापाले भन्नुभयो, 'अरे इनको थोपडा तो देखो।' स्क्रिन टेस्ट गर्न लायक अनुहार छैन भन्दै मलाई फर्काइदिनुभयो। त्यसवेलादेखि चलचित्र खेल्ने रहर मर्‍यो। अहिले त्यो समय सम्झँदा अचम्म लाग्छ।

किस्सा ५
गब्बर सिंहको डाइलग बोल्न लगाएपछि...

०३८ सालतिरको कुरा हो। कृषि विभागमा म, मदकृष्ण र नवीन चित्रकार काम गर्थ्यौं। हरिवंशजीचाहिँ राष्ट्र बैंकको बैकिङ कार्यक्रम चलाउनुहुन्थ्यो। हामी एउटा कार्यक्रमको सिलसिलामा चितवन जानुपर्ने भयो। त्यसवेला वास बस्ने र खाने व्यवस्था हुँदैनथ्यो। आफैंले व्यवस्था गर्नुपर्थ्यो। मदनकृष्णजीले चितवनमा राति बस्न एउटा गेस्ट हाउस मिलाउनुभएछ। वास बस्ने व्यवस्था भएपछि मासु-चिउरा खान हामी बसपार्कतिर निस्कियौं। त्यसवेला चितवन बसपार्कमा धेरै रेस्टुरेन्ट थिएन। मासु-चिउरा खाएर फर्किँदै गर्दा एकजना मान्छेसँग अचानक भेट भयो। ती मान्छेले मदनकृष्णजीलाई चिन्दोरहेछ। मदनकृष्णजीलाई उसले कहाँबाट आएको भनेर सोध्यो र, हामी सबैसँग पालैपालो परिचय गर्‍यो। 'बेलुका मेरो घरमा आउनुपर्छ है। खाने-बस्ने सबै व्यवस्था हुन्छ,' भन्दै त्यो मान्छे गयो। खाने-बस्ने व्यवस्था हुनेभयो भनेर हामी खुसीले गद्गद् भयौं। साँझ पर्न लाग्दा हामी त्यो मान्छेको घरमा पुग्यौं। घरमा पुग्दा १२-१५ जना मान्छे जम्मा भएका रहेछन्। हामी घरमा पुग्नेबित्तिकै 'जोक्करहरू आए' भन्दै हल्ला गर्न थाले। हामीलाई कोकाकोला पिउन दिए अनि भने, 'ल अब डाइलग भन्नुस्।' मलाई एउटाले भन्यो, 'तपाईंले गब्बरसिंहको डाइलग बोल्नुपर्छ।' त्यहाँ बसिरहने माहोल भएन। हरिवंशजी कति वेला बाहिर निस्किसक्नुभएछ। मदनकृष्णजी र म मात्रै बाँकी रहेछौं। मदनजी पनि पिसाब फेर्ने निहुँ गरेर बाहिर निस्किनुभयो। म पनि बहाना बनाएर निस्किएँ। त्यसपछि हामी त्यहाँबाट टाप ठोक्यौं।

किस्सा ६
जब निर्देशकले हप्काए

०४३ सालतिरको कुरा हो। शाही नेपाली चलचित्र संस्थानले मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यको कथामा 'के घर के डेरा' फिल्म बनाउने भएछ। फिल्मको निर्देशक प्रदिप रिमाल हुनुहुन्थ्यो। मदकृष्ण श्रेष्ठले मेरो लागि एउटा रोलको प्रस्ताव गर्नु भएछ। मलाई फिल्मको रोल फाइनल गरेर सम्झौता गरियो। छायांकनको लागि बोलाइयो। क्यामेरा, लाइट, मान्छेहरू वरीपरी देख्दा मलाई पसिना आयो। क्यामेरा जिन्दगीमा कहिल्यै देखेको थिएँ। निर्देशकले एक्सन भन्दा म त अक्क न बक्क भएँ। निर्देशकले ठूलो स्वरमा किन नगरेको भनेर हप्काउनु भयो। त्यसपछि उहाँले अभिनय यसरी गर्नु पर्छ भनेर सिकाउनु भयो। चर्को घाम, त्यसमाथि क्यामेराको लागि दिईएको प्रकाशले आँखाबाट आँशु आयो।

किस्सा ७
भट्टीमा प्रेमका कुरा

०२७ मा प्रज्ञाप्रतिष्ठानमा जागिर सुरु गरिसकेको थिएँ। त्यसबेला कला साहित्य क्षेत्रका श्रष्टाहरूसँग भेट हुन्थ्यो। एक अर्कामा साहित्यको कुराहरू हुन्थ्यो। कमलादीमा एउटा भट्टी थियो। साँझ परेपछि हरिभक्त कटुवाल, नारायण गोपाल, उत्तम नेपाली, विजय बहादुर मल्ललगायतसँग त्यहीँ भेट हुन्थ्यो। हरिभक्त कटुवाल, विजयबहादुर मल्लसँग मेरो निकटता थियो। हरिभक्त कटुवालसँग दिउँसोदेखि बेलुकासम्म सँगै हुन्थें। बेलुका उहाँलाई घरसम्म पुर्‍याउँन पनि जान्थें। पैदल नै हिडिन्थ्यो। हरिभक्त कट्वाल मदिरा बढी नै पिउँनु हुन्थ्यो। उहाँले रक्सी पिएको बेला भन्नु हुन्थ्यो, 'प्रेम एउटा नसा हो। यो नशा त्यो नसा(मदिराको नसा) भन्दा घातक हुन्छ।' पिउँदा उहाँ झनै रसिक हुनुहुन्थ्यो। प्रेमको नशा घातक हुन्छ भन्दा मलाई पनि साच्चै होकी जस्तो लाग्थ्यो। उहाँसँग बस्दाका क्षणहरू अझै सम्झना आउँछ।

नेपाल सरकारकी कान्छी सचिव !



तस्बिर : संजित परियार

• सरिता दवाडी, सचिव
जल तथा ऊर्जा आयोगको सचिवालय

सफलता

गत १३ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले सहसचिव सरिता दवाडीलाई सचिवमा बढुवा गर्ने निर्णय गर्‍यो। इन्जिनियरिङतर्फको बढुवामा उनीसहित तीन जनालाई बढुवा समितिले सिफारिस गरेकामा जेष्ठताका आधारमा सरकारले उनलाई सचिवमा बढुवाको निर्णय गर्‍यो।

सचिवमा बढुवा गर्दाताका उनको उमेर ४२ वर्ष छ। अर्थात्, उनी उमेरका हिसाबले नेपाल सरकारकी कान्छी सचिव हुन्। सम्भवतः उनी हालसम्मकै सबैभन्दा कम उमेरकी सचिव हुन्। उनको रेकर्ड कम उमेरमा सचिव हुनेमामात्र छैन। उपसचिवबाट सेवा प्रवेश गरेको १३ वर्षमै तीन तह पार गरेर विशिष्ट श्रेणीमा पुग्नु पनि उत्तिकै अद्भूत छ। २४ चैत ०६६ मा उपसचिवबाट निजामती सेवा छिरेकी उनले १४ वर्ष पुग्न चार महिना बाँकी छँदै सचिवमा फड्को मारिन्।

निजामती सेवा प्रवेश गर्न चाहनेको भीड, सेवाभित्रको प्रतिस्पर्धा र विशिष्ट श्रेणीका लागि योग्य हुनु कठिन छ। यो कसरी सम्भव भयो ? दवाडी भन्छिन्, 'आफ्नै मिहिनेत र परिवारको प्रेरणाले सहयोग पुग्यो।'

निजामती सेवामा प्रवेश गर्नेहरू अक्सर आफ्नो 'करिअर प्लान' प्रति सचेत र सजग देखिन्छन्। नियुक्ति लिएदेखि नै कहाँकहाँ जाने, उमेरअनुसारको प्रतिस्पर्धा र बढुवा, सेवासुविधा लगायतको नक्सांकन गरेर अघि बढेको पाइन्छ। यसैअनुसारको योजना उनले पनि तयार गरेकी हुन्। यसैले नै उनले यति तीव्र वृत्तिविकास हासिल गरिन्।

> सरिताको रेकर्ड कम उमेरमा सचिव हुनेमा मात्र छैन। उपसचिवबाट सेवा प्रवेश गरेको १३ वर्षमै दुई तह पार गरेर विशिष्ट श्रेणीमा पुग्नु पनि उत्तिकै अद्भूत छ। २४ चैत ०६६ मा उपसचिवबाट निजामती सेवा छिरेकी उनले १४ वर्ष पुग्न चार महिना बाँकी छँदै सचिवमा फड्को मारिन्।

सरकारी सेवामा जानेहरूलाई अवकासपछिको पेन्सन सुविधामा सबैभन्दा बढी चासो हुन्छ। तर, हालकै व्यवस्था अनुसार उनले अवकासपछि पेन्सन पाउनेछैनन्। निजामती सेवा ऐनले विशिष्ट श्रेणीको पदको कार्यावधि पाँच वर्ष किटान गरिदिएको छ। त्यस्तै, निजामती कर्मचारीको उमेरहद ५८ वर्ष तोकिएको छ। कार्यावधि वा उमेरहद जुन पहिला आउँछ त्यसैबाट कर्मचारी सेवानिवृत्त हुन्छन्।

अबको पाँच वर्ष सचिव पद खाँदा दवाडीको कार्यावधि १९ वर्षभित्र हुन्छ। यद्यपि, पेन्सन खान नपाउने कुराको हेक्का उनलाई नभएको होइन। किनभने साढे २ वर्षअघि नै उनले सचिव बन्न लिनैपर्ने एसईडिपी (सिनियर एक्जुकेटिभ डेभलपमेन्ट प्रोग्राम) को तालिम पूरा गरिसकेकी थिइन्। कम उमेरमै सचिव बन्दा उमेरहदले चाँडै निवृत्त हुनुपर्ने भएकाले बढुवाका लागि योग्य भएर पनि यो तालिम नलिने सहसचिवहरूको संख्या अहिले ठूलै छ। दवाडीले भने पेन्सन खाने उमेरै नपुग्ने अवस्थामा पनि छिट्टै तालिम भ्याइन्।

'निजामतीमा आएपछि पेन्सन खान्छु भन्ने त थियो,' उनी भन्छिन्, 'तर, अहिले बढुवा हुनैपर्ने स्थिति बन्यो।' बढुवा सिफारिस समितिले गत १२ मंसिरमा बसेको बैठकले त्यतिबेला जलस्रोत अनुसन्धान तथा विकास केन्द्रमा कार्यकारी निर्देशक रहेकी दवाडीसहित हाल गुणस्तर तथा नापतौल विभागका महानिर्देशक दिनानाथ मिश्र र खानी तथा भूगर्भ विभागका महानिर्देशक रामप्रसाद घिमिरेको नाम सिफारिस गरेको थियो। मन्त्रिपरिषद्ले ज्येष्ठताका आधारमा दवाडीलाई बढुवाको निर्णय गरिदियो। नेपाल इन्जिनियरिङ सेवाको क्लस्टरअन्तर्गत विशिष्ट श्रेणीको रिक्त पदमा दवाडीलाई बढुवा गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थियो। 'मसँग सचिवमा सिफारिस भएका अरू दुईजना जुनियर भएपछि ज्येष्ठताका आधारमा सरकारले बढुवाको निर्णय गर्दा मलाई नै सिफारिस गर्‍यो।'

शिक्षणमा बढुवा नभएपछि मोडियो निजामतीतिर

भलै उनले छिटो विशिष्ट श्रेणीमा पुग्ने अवसर पाइन्, तर निजामती सेवामै करिअर बनाउने सपना भने दवाडीको थिएन। पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट स्नातक र स्नातकोत्तरसमेत गरेकी उनले पढाइ सकेपछि इन्जिनियरिङ संस्थान, थापाथली क्याम्पसमा पाँच वर्ष पढाइन्। त्यहाँ करारमा शिक्षण गरेकी उनले पाँच वर्षसम्म पनि स्थायी नहुने देखेपछि निजामतीतर्फको बाटो समाइन्।

'निजामती सेवामा आउने मेरो खास योजना थिएन। म क्याम्पस पढाउँदै निजी कामहरू गर्दै थिएँ,' उनी भन्छिन्, 'तर, करारमा पढाइरहेकोमा पाँच वर्षसम्म पनि स्थायीका लागि विज्ञापन नखुलेपछि म निजामतीमा जानेबारे सोचेँ।' निजामती सेवामा उपसचिव (इन्जिनियरिङ) तर्फ विज्ञापन खुलेको देखेपछि प्रयास गरेकी उनी पहिलो प्रयासमै सफल भइन्। लोकसेवाको परीक्षा पास गरेर २४ चैत ०६६ मा उपसचिवको नियुक्ति लिइन्।

निजामती सेवा प्रवेश गरेपछि उनको पहिलो पोस्टिङ सिंचाईं मन्त्रालयमा भयो। मन्त्रालय अन्तर्गतको सिंचाईं डिभिजन काठमाडौंमा डेढ वर्ष काम गरिन्। त्यहाँ कार्यरत् छँदै उनले सहसचिवको परीक्षाका लागि तयारी गरिन्। पास पनि गरिन्। २४ फागुन ०६९ मा उनले लोक सेवा परीक्षा पास गरेर नियुक्तिसमेत लिइन्। खुला प्रतिस्पर्धाबाट उपसचिव भएको तीन वर्षमै उनी सहसचिवकोसमेत नियुक्ति लिइन्।

सहसचिव भएपछि उनको पहिलो पोष्टिङ सिचाईं विभाग अन्तर्गतको एसियाली विकास बैंकको सहयोगमा सञ्चालित समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनामा भयो। त्यहाँ उनले १० महिना काम गरिन्। यसपछि उनको सरुवा पश्चिमाञ्चल क्षेत्रीय सिंचाईं निर्देशनालय, पोखरामा भयो। त्यहाँ उनले एक वर्ष गुजारिन्। यसपछि सिंचाईं मन्त्रालय आएर नौ महिना काम गरिन्।

मन्त्रालयपछि उनको सरुवा सिंचाईं मन्त्रालयमा भयो। विभागको उपमहानिर्देशक भएर तीन वटा महाशाखामा १/१ वर्ष काम गरिन्। लगत्तै उनी विभागको महानिर्देशक नै बनिन्। 'म इन्जिनियरिङतर्फको पहिलो महिला महानिर्देशक हुँ।' उनी भन्छिन्। महानिर्देशक भएर उनले ११ महिना विभागमा काम गरिन्।

विभागपछि मन्त्रालय फर्केर जलस्रोत महाशाखामा करिब दुई वर्ष काम गरेको उनले बताइन्। यसपछि अरु दुई वर्ष जलस्रोत तथा अनुसन्धान विकास केन्द्रमा दुई वर्ष काम गरेपछि उनको सचिवमा बढुवा भयो। 'करिब ११ वर्ष सहसचिवमा कार्यरत् रहेपछि सचिवमा मेरो बढुवा भएको हो।' उनले भनिन्।

आफ्नै मिहिनेत, परिवारको प्रेरणा

चितवन स्थायी ठेगाना भएकी दवाडी यो सफलतालाई आफ्नो मिहिनेत र परिवारको सहयोगबाट सम्भव भएको बताउँछिन्। 'पहिला त म गर्छु र सक्नु भन्ने आँट र प्रतिवद्धता नै चाहिन्छ,' उनी भन्छिन्, 'त्यही प्रतिवद्धतामा परिवारसमेतको भरपूर सहयोग मिलेपछि मलाई यहाँसम्म पुग्न सहज भयो।'

यो सफलतामा उनको पारिवारीक पृष्ठभूमिले पनि सहयोग गर्‍यो। दवाडीको बुवा पनि इन्जिनियर हुन्। उनको बुवा खानेपानी विभागको इन्जिनियरबाट सेवानिवृत्त भएका हुन्। आफूलाई बुवाको पनि प्रेरणा रहेको उनको भनाइ छ। अर्कोतिर उनका पती सुरज लामिछाने पनि इन्जिनियर नै हुन्। पति अहिले पनि पुल्चोक इन्जिनियरिङ क्याम्पसका सहायक डिन हुन्। 'उहाँहरूको प्रेरणाले पनि मलाई अगाडि बढ्न प्रेरित गर्‍यो,' उनी भन्छिन्।

सचिवमा बढुवा भएपछि सरकारले दवाडीको पोस्टिङ जल तथा उर्जा आयोगको सचिवालयमा गरेको छ। आफ्नो जलस्रोतमै इन्जिनियरिङ भएकाले सरकारले 'राइट पोस्टिङ' गरेको उनी बताउँछिन्। 'त्यहाँ मेरो कामको प्रकृति पनि मिल्छ,' उनी भन्छिन्।

• सुवास भट्ट

विश्व राजनीतिक परिदृश्य थियो। विकास निर्माण तथा अन्य क्रियाकलापमा रसिया, चीन, अमेरिका बेलायत र भारतको सहयोग मज्जाले सदुपयोग गरेको देखिन्छ। त्यो समयमा चीनसँग सडक सञ्जालले जोड्ने हिम्मत गर्नु आफैंमा चानचुने चुनौती थिएन। राजा आफैंले असंलग्न आन्दोलनको शिखर सम्मेलनमा गई सम्बोधन गरे। यसरी राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेको देखिन्छ।

नेपाललाई अहिले पनि महेन्द्रकालीन अवसर छ। विश्व भूराजनीति अब एकध्रुवीयबाट बहुध्रुवीयतिर जाँदै छ। क्षेत्रीय शक्तिहरू उदीयमान भइरहेका छन्। विशाल छिमेकी मुलुकले आर्थिक तथा भौतिक विकासमा ठूलो फड्को मारिसकेका छन्। विश्वमै अबको भविष्य एसियाको हो भन्ने धारणा विकास भई संस्थागत हुँदै गइरहेको छ। हुन पनि भारत, चीन, जापान, इन्डोनेसिया, दक्षिण कोरिया, अरब मुलुकहरू अहिले नै विकास तथा आर्थिक रूपमा पश्चिमा मुलुकलाई टक्कर दिने अवस्थामा पुगिसके। हामीलाई अवसरै अवसर अहिले सिर्जना भएको छ। यस अवसरलाई कसरी सदुपयोग गर्ने भन्ने कुरा हाम्रो नेतृत्वले सूक्ष्म विश्लेषण गरी विज्ञहरूलाई साथमा लिएर अगाडि बढ्नुपर्ने देखिन्छ।

लेखकले नेपालको अर्थतन्त्रको जग बसाल्न आफ्नोतर्फबाट धेरै मिहिनेत र कुनै पनि कसर बाँकी नराखेको देखिन्छ। उहाँले व्यक्तिगत चिनजानका आधारमा समेत कुवेत पुगेर कुवेती फन्डमार्फत कुलेखानी जलविद्युत् आयोजनाका लागि रकम चाँजोपाँजो गरेको विषय पनि उल्लेख गर्नुभएको छ। एकै व्यक्ति आफ्नो क्षमता इमानदारिता तथा कर्तव्यनिष्ठाकै कारण होला, महेन्द्रकालीन, वीरेन्द्रकालीन तथा बहुदलकालीन, सक्रिय ज्ञानेन्द्रकालीन तथा गणतन्त्रकालीन समयमा पनि राज्यले उहाँलाई खोजि नै रहयो। यसमा उहाँले देखाएको टेक्नोक्रेटिक सीपले गर्दा नै हुनुपर्छ, यदि राजनीतिक भूमिकाको रूपमा चिनिएको भए उहाँ धेरै पहिला नै छायामा परिसक्नुहुन्थ्यो।

'फाइन प्रिन्ट'ले बजारमा ल्याएको पुस्तकमा जीवनका विभिन्न आयाममा तस्बिर पनि समावेश छन्, यसले पुस्तकलाई थप मनमोहक बनाएको छ। लेखकको पारिवारिक जीवनमा आएका केही वियोगान्त घटनाले नरमाइलो महसुस पनि गराउँछ। खुसीमा नमात्तिनु र दुःखमा नआत्तिनु भन्ने भनाइ उहाँको जीवनबाट पनि सिक्न सकिन्छ।

समयकालीन युगमा सामान्य नेपालीको भन्दा उहाँको पारिवारिक आर्थिक अवस्था र सामाजिक जीवन उच्चस्तरको नै देखिन्छ। तर, पनि सैनिक पृष्ठभूमिको पारिवारिक वातावरणमा उहाँले आफूलाई छुट्टै हिसाबले रूपान्तरण गर्न सफल हुनु आफैंमा ठूलो कुरा हो।

सायद उहाँले जीवनमा आफूले सोचेकोभन्दा धेरै उपलब्धि प्राप्त गरेको देखिन्छ। हुन त उहाँलाई प्रधानमन्त्रीसम्म बनाउने आश्वासन पनि राजा वीरेन्द्रबाट भएको देखिन्छ। त्योबाहेक उहाँका अधुरा गन्तव्य कुनै देखिँदैनन्। राष्ट्रिय र अन्तर्राष्ट्रिय जागिरको अनुभव एकै जिन्दगीमा कमै मानिसले प्राप्त गर्न सक्छन्। त्यो उहाँलाई प्राप्त भयो। हरेक जिम्मेवारीलाई सफलतापूर्वक निर्वाह गर्दै खुड्किला चढेर पछाडि फर्कन नपरेको उहाँको जीवनीमा सफलतै सफलताका कथा छन्। बीचबीचमा केही अवरोह पनि भेटिन्छन्।

पछि वीरेन्द्रकालीन समयमा दरबार षड्यन्त्रमै तल्लीन रहेको र काम गर्ने वातावरण नभएको चित्रण पुस्तकमा पाइन्छ। तीनै राजाको सक्रिय शासनमा परराष्ट्रमन्त्री हुन उहाँ सफल हुनुभएकाले कसो-कसो शंका लाग्ने ठाउँ पनि छ। कतिपय विषय पटक-पटक तथा विभिन्न शीर्षकमा पुनः दोहोरिएर आएकाले सम्पादकीय पक्षबाट अलि ध्यान दिइएन कि जस्तो अनुभव पाठक वर्गमा पर्न सक्छ।

समग्रमा अग्रजबाट यसरी आफ्नो जीवनको उत्तरार्द्धमा अनुभवहरू सँगालेर पस्किँदा नयाँ पिँढीलाई पुरानो इतिहास, विगतका तौरतरिका र शासन पद्धतिबारे जान्ने-बुझ्ने र सिक्ने अवसर प्राप्त हुने भएकाले यो ज्ञान हस्तान्तरणका लागि लेखकलाई हृदयदेखि नै नमन टक्र्याउन चाहन्छु।



श्रीमती, परिवार भइदिए हुन्थ्यो जस्तो लाग्छ



अविवाहित जीवन

रामहरि खतिवडा, कांग्रेस नेता

रामहरिको अनुभवमा एक्लो हुँदाका फाइदा र बेफाइदा दुवै छन् । फाइदाबारे उनी भन्छन्- बिहे नहुँदा कचमच धेरै हुँदो रहेनछ । एक्लो ज्यान घरबाट निस्केपछि भयो । पारिवारिक जिम्मेवारी कम हुने । बिहान निस्केपछि जतिवेला फर्के पनि हुने ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य रामहरि खतिवडा आगामी पुसदेखि ५५ वर्षमा प्रवेश गर्दै छन् । २४ पुस ०२६ सालमा आमा यशोदा र बुबा जीवनाथका जेठा सन्तानका रूपमा ओखलढुंगा मानेभन्ज्याङमा जन्मिएका खतिवडा प्रतिनिधिसभा सदस्य तथा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति छन् । पार्टीका नेता कार्यकर्तादेखि, सांसदहरू, कर्मचारीहरू र आमनागरिकलाई रेस्पोन्स गर्नुपर्ने ठाउँमा छन् उनी । तर, बढीभन्दा बढी नागरिकसँग घुलमिल हुने स्वभावका रामहरिको आफ्नै जीवन भने अस्तव्यस्त छ, कारण उनी एकल छन् । जीवनको मध्यान्तर कट्न लागेका रामहरिको अझै बिहे गर्ने परिस्थिति बनिसकेको छैन । यद्यपि उनलाई वेलावेला लाग्छ, 'सधैँ यसरी त नहोला, अब त जीवनसाथी चाहिन्छ क्यार !'

क्याम्पसमा फ्लाइङ किस

एसएलसी पास गरेपछि रामहरि उच्च शिक्षाका लागि काठमाडौं आए । ताहचलमा जनप्रभात माविबाट आइएल गरेका उनले नेपाल ल क्याम्पसबाट बिएल र त्रिभुवन विश्वविद्यालयबाट राजनीति शास्त्रमा मास्टर्सको पढाइ पूरा गरे । उच्च शिक्षा अध्ययन गर्दा रामहरिको संगत अविवाहितसँग बढी भयो । जसले बिहे गर्नुपर्छ भन्ने हतारो हुन दिएन ।

रामहरिले क्याम्पस पढ्दाका रमाइला किस्सा भने सुनाए । 'क्याम्पस आएपछि पनि त्यस्तो लभ गर्ने गरी नै केटी साथीहरू भएनन् । एक-दुईजना आँखा परेका हुन्थे, उनीहरूको अरूसँगै आँखा परेको हुन्थ्यो,' उनी सम्झिन्छन् । रामहरिलाई मन पराउने पनि धेरै थिए । तर, उनीहरूमा रामहरिको ध्यान गएन । 'कतिपयले मलाई फ्लाइङ किस पनि दिन्थे । तर, मैले वास्तै गरिनँ,' उनले भने ।

किसुनजीसँग संगत

रामहरिको बिहे नहुनुमा राजनीतिक सक्रियतालाई पनि कारण मानिन्छ । यसमा रामहरि आफैँ पनि केही हदसम्म सहमत छन् । रामहरिको परिवार पनि कांग्रेसको राजनीतिमा थोरबहुत संलग्न थियो । ओखलढुंगाका प्रभावशाली नेता बलबहादुर राई, भीमबहादुर अधिकारीसँग रामहरिको चिनजान थियो । यही सम्बन्धका कारण क्याम्पस पढ्दै गर्दा रामहरिको सम्पर्क कांग्रेस नेता कृष्णप्रसाद भट्टराई (किसुनजी)सँग भयो । अविवाहित किसुनजीसँग उनको आत्मीयता बढ्दै गयो । 'उहाँसँगको सम्बन्धले राजनीतिमा पनि अघि बढ्दै । अनि संगत त्यस्तै भयो, बिहेको सोच नै भएन,' उनी निष्कर्ष सुनाउँछन्, 'कहिले मिटिङमा, कहिले आन्दोलनमा जानुपर्ने भयो । यसरी अहिलेसम्म त्यत्तिकै बस्ने अवस्था सिर्जना भयो ।' किसुनजीको संगतसँगै रामहरिको राजनीतिक उचाइ बढ्दा पार्टीभित्रै युवा नेतृहरू पनि उनसँग आकर्षित थिए । एक घटना रामहरिले सम्झिए, 'किसुनजी पार्टी सभापति हुनुहुन्थ्यो । एकपटक पद्मकन्या क्याम्पसमा उहाँलाई स्वयंसेवकको कार्यक्रममा आमन्त्रण गरियो । त्यहाँ मलाई पनि लिएर जानुभयो । जाँदै गर्दा उहाँले ए बाबु यहाँ हेरिराख, केटीहरूले तिमीहरूलाई पट्याउँदा रहेछन् कि मलाई । मलाई त फ्लाइङ किस गर्छन् भन्नुभयो । नभन्दै पिकेमा छात्राहरूले उहाँलाई फ्लाइङ किस गरे ।'

पारिवारिक जिम्मेवारी

राजनीतिमा अघि बढ्दै गर्दा रामहरिको बिहे गर्ने उमेर भइसकेको थियो । आमाबुबा, आफन्तदेखि साथीले बिहे गर्नुपर्छ भनिरहेका थिए । तर, रामहरि पारिवारिक जिम्मेवारी पनि निभाइरहेका थिए । रामहरिको काठमाडौं बसाइका क्रममा उनका भाइहरू पनि ओखलढुंगाबाट आए । उनीहरूको व्यवस्थापनको जिम्मा रामहरिकै काँधमा आइलाग्यो । उनले भने, 'एउटा त किसुनजीको संगत, राजनीतिक वातावरण, अर्को भाइहरू हेर्नुपर्ने पारिवारिक जिम्मेवारी निभाइयो । यस्तै-यस्तै भयो ।'

नर्ससँगको त्यो भेट

किसुनजी बिरामी हुँदा रामहरि पनि अस्पतालमा सँगै थिए । त्यसवेला उपचारमा संलग्न नर्स सुप्रिया (नाम परिवर्तन) ले रामहरिसँग आकर्षित भएर सम्बन्ध अगाडि बढाउन खोजेकी थिइन् । तर, उपचार सकिएपछि भेट हुन नसक्दा अगाडि बढेन । 'किसुनजी अन्तिम आवरमा नर्भिक अस्पतालमा हुनुहुन्थ्यो । त्यहाँ एकजना सुप्रिया भन्ने नर्स थिइन् । साह्रै गोरी, राम्री पनि । किसुनजीलाई इन्जेक्सन दिनेलगायत गर्थिन्,' उनले सम्झिए । रामहरिका अनुसार एकदिन किसुनजीले 'ए नानी यता आऊ न' भनेर बोलाएका थिए । नर्स नजिकै आएपछि किसुनजीले बेडबाटै 'म पनि अहिलेसम्मको अविवाहित कुमार हो नि' भनेर जिस्किए । ती नर्स मुसुक्क हाँसिन् । रामहरि भन्छन्, 'असाध्यै राम्री, राम्रो व्यवहार भएकी नर्सलाई किसुनजीले 'नाउँ के तिम्रो' भनेर सोध्नुभयो । 'मेरो सुप्रिया' भनेर जवाफ आयो । म पनि छेउमै थिएँ । 'म पनि एकदम अविवाहित सुकन्या वरै हुँ, मभन्दा पनि यो रामहरि अविवाहित हो, बुझ्नुभो' भनेर सुप्रियालाई किसुनजीले भन्नुभयो । अनि नर्स मुसुक्क हाँसेर 'अब हजुरको डोलीमा अन्मिने कि अन्त अन्मिने वेला भइसक्यो' भनिन् । किसुनजीले 'हेर्नुस् न रामहरि पनि अविवाहितै हो नि । यति राम्रो सुकन्या छ । यति राम्रो वर कहाँ पाइएला र भनेपछि सुप्रियाले मलाई भोलिपल्ट, पर्सिपल्ट भेट्नै खोजिन् । तर, मैले खासै चासो दिइनँ । अस्पतालमा गएर कहाँ भेट्ने, त्यसपछि नियमित भेट पनि भएन । किसुनजी त्यहाँ हुन्जेल बस्यौं । टेलिफोनमै सुप्रियाले मलाई असाध्यै खोज्न थालिन् । तर, मैले त्यतिखेर धेरै सिरियस लिइनँ । पछि सम्पर्क पनि भएन ।'

एक्लो हुँदाका फाइदा-बेफाइदा

रामहरिको अनुभवमा एक्लो हुँदाका फाइदा र बेफाइदा दुइटै छन् । फाइदाबारे उनी भन्छन्, 'बिहे नहुँदा कचमच धेरै हुँदो रहेनछ । एक्लो ज्यान घरबाट निस्केपछि भयो । पारिवारिक जिम्मेवारी कम हुन्छ । बिहान निस्केर एकैचोटी राति १० बजे आए पनि भयो । बाहिर जता बसे पनि भयो । जतिवेला फर्के पनि भयो ।'

रामहरिको अनुभूतिमा एक्लो बस्नुको फाइदाभन्दा बेफाइदा बढी छन् । पहिलो त घरमा समन्वय धेरै कम हुन्छ । बिहान निस्केपछि कार्यक्रमहरूमा सहभागी हुँदाहुँदै राति १० बज्छ । अनि परिवारसँग भेटघाट र कुरा कम हुने उनको अनुभव छ । अहिले रामहरिका लागि खाना भाइले बनाइदिन्छन् । बिहान प्रायः घरमै खाएर निस्कन्छन् । तर, श्रीमती भएको भए दुवैपटकको खाना घरमै हुन्थ्यो भन्ने उनलाई लाग्छ । 'श्रीमतीले छिटो आऊ, यो गर, त्यो गर भन्ने हुन्थ्यो होला । त्यो नहुँदा बेलुका खाना खाएको छ कि छैन भनेर केयर नगर्ने समस्या हुँदो रहेछ । कहिले नखाई सुतिन्छ, कहिले पार्टीमा गएका वेला त्यतै भुलिन्छ । जति व्यवस्थित भए जानुपर्ने हो, त्यो हुँदैन,' उनी भन्छन् । अन्य घरायसी काममा पनि सघाउ पुग्थ्यो भन्ने उनलाई लाग्छ । 'बेडको तन्ना कहिलेकाहीं चार-पाँच दिन पनि चेन्ज भएको हुँदैन । अहिले त ड्राइक्लिनर्समा दियो, लुगा पनि कति छन्, आफैँलाई थाहा हुँदैन, कुन आयो कुन आएन, कुन लगाउने, त्यहाँ राख्दा फेरि भोलिपल्ट खुम्चिराखेको हुन्छ, आइरन लगाउने पनि हुँदैन । कहिले आइरन मिलेको हुँदैन, लुगा खुम्चिरहेको हुन्छ, कुन लुगा लगाउने थाहा हुँदैन, कहिलेकाहीं मोजाको रेखदेख हुँदैन, सामानहरू रेखदेख हुँदैन, मिलाएर राख्न सकिँदैन,' रामहरिको भोगाइ छ ।

रामहरिसँग भाइ बस्छन्, अरू काम गर्ने पनि छन् । तैपनि उनलाई के नपुगेको वा नमिलेको महसुस हुन्छ । उनी भन्छन्, 'व्यवस्थित बसाइ नहुँदो रहेछ । खानपिन व्यवस्थित नहुने, कहिलेकाहीं रामहरिको हातबाट चिया खान पाए हुन्थ्यो भन्ने मान्छे पनि आउँछन्, कतिपयलाई आफैँ बनाओ न भन्छु । जति व्यवस्थित हुनुपर्ने हो, त्यो हुँदैन । साथीको अभाव महसुस हुने रहेछ ।'

अभाव महसुस

दिनहरू बित्दै जाँदा रामहरिलाई जीवनसाथीको आवश्यकता खट्किँदै गएको छ । अब त बिहे गर्नुपर्छ भन्ने निचोड उनको छ । 'सधैँ यसरी त नहोला, अहिले पो यो छ । भाइहरूले बिहे गरिसके । मसँग बस्ने कान्छो भाइको बाँकी छ । साइँलो भाइ भीम जुरुक्क सातै बजे मेरो रुममा आइपुग्छ । त्यहाँ सबै रेखदेख गर्छ, बुबाआमाको पनि हेरचाह गरिरहेको छ । तैपनि मलाई फिलचाहिँ हुन्छ, मेरो परिवार भइदिएको भए बुबाआमालाई अझ राम्रो रेखदेख हुन्थ्यो कि !'

अत्यधिक दबाब

रामहरिलाई बिहेका लागि सबैतिरबाट दबाब आउँछ । 'कहिलेकाहीं सांसद साथीहरूबाट पनि दबाब आउँछ । साथीहरूले जिस्क्याउनुहुन्छ । घरपरिवारबाट पनि प्रेसर छ,' खतिवडा भन्छन्, 'अब बिहे नगरी नहोला, तर कहिले हो टुंगो भएको छैन ।'

पार्टीभित्रका र फरक पार्टीका नेताहरूले पनि रामहरिको बिहेबारे चासो राख्छन् । कांग्रेसभित्र अविवाहित सुशील कोइरालाले रामहरिलाई 'तपाईं-हामी त एउटै भयौं' भन्थे । गिरिजाप्रसाद कोइरालाले 'तपाईं सधैँ यस्तै बस्ने हो ?' भनेर सोध्थे । शेरबहादुर देउवाको भने चासो आएको छैन । फरक पार्टीका नेताले 'कहिले जन्ती जान पाउने हो, कुन व्यक्ति हो' भनेर सोध्छन् ।

अहिलेसम्म घरबाट औपचारिक रूपमा केटी हेर्न गएको वा जानकारी नदिएर हेर्न गएको घटना छैन । तर, आमाले आफ्नी बुहारी बनाउन विभिन्न नाम सिफारिस गर्ने गरेको उनले सुनाए । रामहरि लामो समयदेखि संसद्मा छन् । तर, उनले मन खाने सहकर्मी संसद्मा पनि भेटेका छैनन् ।

रामहरिको बिहेबारे धारणा छ, 'विवाह मानवजीवनमा आवश्यक छ । उत्तराधिकारी चाहिन्छ । बिहे हुनुपर्छ । मेरो विवाह कुनै न कुनै दिन त भइहाल्ला ।' विवाह, मरण र जन्म भन्ने लेखेकै हुन्छ भन्ने कुरा अहिले आफूलाई लाग्न थालेको उनको भनाइ छ । रामहरि आफ्नो लभ नै नपरेकाले धोकाको प्रसंगै नआउने बताउँछन् । 'धोका खाएको छैन । न कतैबाट सपोर्ट पाएको छ, न धोका खाएको छ,' उनी भन्छन् ।

● कमलराज भट्ट

किसुनजीले 'हेर्नुस् न रामहरि पनि अविवाहितै हो नि । यति राम्रो सुकन्या छ । यति राम्रो वर कहाँ पाइएला र भनेपछि सुप्रियाले मलाई भोलिपल्ट, पर्सिपल्ट भेट्नै खोजिन् । त्यसवेला मैले खासै चासो दिइनँ । पछि सम्पर्क भएन ।'

यो घाउ

कविता



पीताम्बर शर्मा

यो घाउ, म के गरूँ
मलम लगाऊँ, चिलाऊँ, पाप्रा पल्टाऊँ
र उम्रने रगतसँगै घाउलाई चर्काऊँ
यो घाउ म के गरूँ, के गरूँ ?

यो घाउ मेरो आशीर्वाद हो, यसैले त
यो घाउसँग म अभिशप्त छु
यो घाउ, म के गरूँ ?

यो घाउ मेरो सपना हो -
मेरो आफ्नोपनको मूर्त रूप
ममाथिका प्रत्येक आहतको
मर्म अनि सार र अभिव्यक्ति
यो घाउबाट म पृथक् कसरी हुन सक्छु ?
यो घाउ मेरै जीवनबाट बनेको छ
मेरो रगतले यसलाई सिँचेको छ
मभित्रका सबै विकारहरूको मूर्त रूप यो
मभित्रका सबै विकारहरूको प्रतिलोम यो
वस्तुतः यो घाउ झिकिदिए
म, म रहन्नँ
यो घाउ मेरो सम्पूर्ण उपलब्धि,
मेरो सहारा, मेरो बाँच्ने आधार
मेरो पहिचान ।

यो घाउसँग म जेलिएको छु
यो घाउ मभित्र प्रशस्त छ
म घट्दा ऊ बढ्छ
म बढ्दा ऊ घट्छ
म र ऊको फरक पनि कहाँ छ र ?
यो घाउ, म के गरूँ ?

यो घाउ मेरो सोच मात्रै हो कि ?
यो घाउ पौडँदा सास फालेजस्तो
मैले मात्रै सुन्ने र ग्रहण गर्ने अनुभूति हो कि ?
यो घाउ, अस्ताउन लागेको सूर्यलाई हेर्दा
अकारण, अनायास
समाप्तिको समवेदनामा त्यसै-त्यसै
टल्पन खोज्ने आँसु हो कि ?

यस्तो नहोस् कहीं,
यो घाउ मेरो देश त हैन ?
यो घाउ स्वयं म त हैन ?

प्रविधि



बिल गेट्स



एआईको भविष्य

न्यून र मध्यम आय भएका देशले आफ्नो जीवनस्तर सुधार्न एआईलाई प्रयोग गर्ने ठूलो सम्भावना छ

यो वर्ष पहिलोपटक मैले आर्टिफिसियल इन्टेलिजेन्स (एआई) लाई कामका लागि प्रयोग गरेँ, केबल नवीनताको रूपमा भने होइन । मलाई लाग्छ कि धेरै मानिसका लागि एआई सत्य हो । हामी अहिले ठूलो प्राविधिक संक्रमणको सुरुवातमा छौं । यो एक रोमाञ्चक र भ्रामक समय हो । एआईले आगामी वर्षलाई कसरी आकार दिन्छ भन्ने विषय अनिश्चितताले भरिएको छ । तर, उत्पादनमा सुधार गर्न र शिक्षा, मानसिक स्वास्थ्य सेवा र अन्यमा पहुँच विस्तार गर्न कसरी एआई प्रयोग गर्न सकिन्छ भन्ने कुरा पहिलेभन्दा अझै धेरै स्पष्ट छ ।

मेरो काम सधैं मूल विचारमा आधारित छ, नवीनता प्रगतिको चाबी हो । त्यसैले मैले माइक्रोसफ्ट सुरु गरेँ । मेलिन्डा र मैले दुई दशकभन्दा अघि गेट्स फाउन्डेसन सुरु गरेका थियौं । यही कारणले गत शताब्दीमा संसारभरको जीवनमा धेरै सुधार भएको छ ।

सन् २००० देखि विश्वमा पाँच वर्षको उमेर नपुग्दै मृत्यु हुने बालबालिकाको संख्या झन्डै आधा घटेको छ र नवीनता यसको ठूलो कारण हो । वैज्ञानिकहरूले खोपहरू बनाउनका लागि नयाँ तरिका ल्याए, जुन छिटो, सर्वसुलभ र सुरक्षित थियो । उनीहरूले नयाँ डेलिभरी मेकानिजम विकास गरे, जसले संसारको सबैभन्दा दुर्गम ठाउँमा काम गऱ्यो र ती खोप धेरै बच्चासम्म पुग्न सम्भव बनायो । रोटाभाइरसजस्ता घातक रोगबाट बच्चालाई बचाउने नयाँ खोप सिर्जना गऱ्यो ।

सीमित स्रोत भएको संसारमा तपाईंले प्रभावलाई अधिकतम बढाउने तरिकाहरू खोज्नुपर्छ । खर्च गरिएको हरेक डलरबाट अधिकतम प्राप्त गर्ने कुञ्जी नै नवीनता हो । एआईले हामीले यसअघि कहिल्यै नदेखेको गतिमा नयाँ आविष्कारको दरलाई तीव्रता दिन लागेको छ । अहिलेसम्मको सबैभन्दा ठूलो प्रभाव नयाँ औषधि उत्पादन गर्नु हो । एआई उपकरणले औषधि पत्ता लगाउने प्रक्रियालाई महत्त्वपूर्ण रूपमा गति दिन सक्छ र केही कम्पनीले यसअघि नै यी उपकरणलाई क्यान्सरको औषधिमा काम गरिरहेका छन् । एआईमा गेट्स फाउन्डेसनको प्रमुख प्राथमिकता एड्स, क्षयरोग र मलेरियाजस्ता स्वास्थ्य समस्या (जसले विश्वको गरिबीलाई असर गर्छ)लाई सम्बोधन गर्न यी उपकरण पनि प्रयोग गरिन्छ भनी सुनिश्चित गर्नु हो ।

मलाई विश्वास छ कि न्यून र मध्यम आय भएका देशले आफ्नो जीवनस्तर सुधार्न एआईलाई प्रयोग गर्ने ठूलो सम्भावना छ । हालै सेनेगलको यात्राका क्रममा विकासशील देशका धेरै आविष्कारकसँग मेरो भेट भयो । उनीहरूले आफ्नै समुदायका मानिसलाई फाइदा हुने उद्देश्यका साथ अचम्मको एआई अनुसन्धान गरिरहेका छन् । तिनीहरूको धेरै काम अझै पनि विकासको प्रारम्भिक चरणमा छ, तर उनीहरूले यो दशकपछि ठूलो प्राविधिक समृद्धिका लागि खुड्किला तय गर्दै छ ।

मैले भेटेका टोलीहरूले एआईले एन्टिबायोटिक-प्रतिरोधी रोगजन्य एजेन्टहरूसँग कसरी लड्न सक्छलगायत विषयमा अनुसन्धान गरिरहेका छन् । विकासोन्मुख देशका नवप्रवर्तकले आफ्नै समुदायले भोगिरहेका केही ठूला चुनौतीको सामना गर्न एआईबाट मद्दत खोजिरहेको देख्दा म निकै प्रभावित भएँ । यो डरलाग्दो तथ्यांकलाई विचार गर्नुहोस्, प्रसव पीडा वा गर्भावस्थामा प्रत्येक दुई मिनेटमा एक महिलाको मृत्यु हुन्छ । भारतीय टोलीले यो तथ्यांक सुधार गर्न एआई प्रयोग गर्ने अपेक्षा गरेको छ । यस्ता परियोजनाका लागि थुप्रै चुनौती छन् ।

आयोजनाबाट अधिकतम लाभ लिन हामीले पूर्वाग्रह र भ्रमलाई कसरी रोक्ने भन्नेलगायत एआईसँग सम्बन्धित केही व्यापक जोखिमलाई सम्बोधन गर्न आवश्यक छ । जब एआई प्रणालीले आत्मविश्वासका साथ केही दाबी गर्छ, त्यो केवल सत्य होइन । यो चिकित्सा सन्दर्भमा विनाशकारी हुन सक्छ । यद्यपि, केही अन्वेषकले भ्रम एआई प्रविधिमा निहित समस्या रहेको ठान्छन्, तर म सहमत छैन । म आशावादी छु कि समयसँगै एआई मोडेलहरूलाई काल्पनिकताबाट तथ्य छुट्याउनका लागि सिकाउन सकिन्छ । उदाहरणका लागि ओपनएआईले यस मोर्चामा आशाजनक काम गरिरहेको छ ।

एआई उत्पादनहरू प्रयोग गर्ने मानिसलाई यो उपयुक्त छ भनेर हामीले सुनिश्चित गर्नुपर्छ । उदाहरणका लागि म सोमनासी नामक एआईमा आधारित शिक्षणबारे उत्साहित छु । आज परीक्षण भइरहेका एआई शिक्षा उपकरण मन छुने खालका छन् । किनभने तिनीहरू प्रत्येक शिक्षार्थीका लागि अनुकूल छन् । 'सोमनासी'ले केन्याका विद्यार्थीलाई फाइदा दिनेछन् । यसलाई स्थानीय पाठ्यक्रमको साथसाथै सांस्कृतिक सन्दर्भलाई ध्यानमा राखेर डिजाइन गरिएको हो, जसले गर्दा यसलाई प्रयोग गर्ने विद्यार्थीलाई परिचित महसुस हुन्छ ।

न्यून र मध्यम आय भएका देशमा कसरी नयाँ प्रविधि प्रयोग गर्ने भन्नेबारे सोचिरहेका धेरै अनुसन्धानकर्तालाई देखेर म उत्साहित छु । यदि हामीले अहिले स्मार्ट लगानी गर्यौं भने एआईले विश्वलाई अझ समतामूलक बनाउन सक्छ । संयुक्त राज्य अमेरिकाजस्ता उच्च आय भएका देशको सामान्य जनसंख्या एआई प्रयोगको महत्त्वपूर्ण स्तरबाट केबल १८ देखि २४ महिना टाढा छन् । यो हामीले देखेको अन्य आविष्कारभन्दा धेरै छोटो समयमा धेरै ठाउँमा पुगेको छ ।

*(सिएनएनबाट **सुभाष शर्मा**को अनुवाद)*

एआईले हामीले यसअघि कहिल्यै नदेखेको गतिमा नयाँ आविष्कारको दरलाई तीव्रता दिन लागेको छ । अहिलेसम्मको सबैभन्दा ठूलो प्रभाव नयाँ औषधि उत्पादन गर्नु हो । एआई उपकरणले औषधि पत्ता लगाउने प्रक्रियालाई महत्त्वपूर्ण रूपमा गति दिन सक्छ र केही कम्पनीले यसअघि नै यी उपकरणलाई क्यान्सरको औषधिमा काम गरिरहेका छन् ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ७ पुस ०८०

निर्यातमा आशा जगाउँदै विद्युत्, सिमेन्ट, प्लाइउड र आइटी सेवा

आइआइडिएसको अध्ययनअनुसार आइटी कम्पनी र फ्रिलान्सरद्वारा व्यक्तिगत तहबाट सन् २०२२ मा करिब ६७ अर्बबराबरको आइटी सेवा निर्यात

नवीन अर्याल/नयाँ पत्रिका

नेपालबाट निर्यात हुने कतिपय वस्तु तथा सेवाले निर्यात व्यापारमा केही आशा जगाएको छ। चालू आवको पहिलो पाँच महिनाको समीक्षामा नेपालको निर्यात व्यापारमा केही वस्तुको निर्यात तथ्यांकले आशा जगाउन सफल भएको हो।

नेपालबाट भारतीय सीमावर्ती क्षेत्रमा सिमेन्ट र क्लिंकर निर्यात सुरु भएको डेढ वर्ष हुँदै छ। ०७९ साउनमा ४९ लाखको सिमेन्ट निर्यात भएकोमा ०८० मंसिरसम्म आइपुग्दा ३६ करोड नाघिसकेको छ। असोजमा एकै महिना साढे ४३ करोडको सिमेन्ट निर्यात भएको भन्सार विभागको तथ्यांक छ। सिमेन्ट र क्लिंकरको बढ्दो निर्यातले वैदेशिक व्यापारमा केही आशा छाएको छ।

नेपालबाट ०७८ कात्तिकदेखि भारतमा व्यावसायिक रूपमा बिजुली निर्यात सुरु भएको थियो। चालू आर्थिक वर्षको साउनदेखि २० मंसिरसम्म १३ अर्ब २४ करोड रुपैयाँको बिजुली निर्यात भएको छ। चार महिनामा कम्पनीमार्फत पाँच अर्ब ५७ करोडको आइटी सेवा निर्यात भएको राष्ट्र बैंकको तथ्यांक छ। व्यक्तिगत तहबाट फन् ठूलो रकमको आइटी सेवा निर्यात भइरहेको सर्वांगीण विकास अध्ययन केन्द्र (आइआइडिएस)को अध्ययनले देखाएको छ।

समग्र निर्यात उत्साहप्रद नभए तापनि सिमेन्ट, क्लिंकर, बिजुली, प्लाइउड, आइटी सेवालगायतको बढ्दो निर्यातले उत्साह थपेको छ। धागो, गलैँचा, पस्मिना, तयारी कपडा, जुस, चियालगायत वस्तुहरू पनि निर्यातको अग्रस्थानमा छन्, भलै पछिल्लो समयमा वृद्धिदर घट्दो क्रममा भए पनि। चालू आर्थिक वर्षमा ६-७ अर्बको सिमेन्ट र क्लिंकर निर्यात हुने सम्भावना रहेको सर्वोत्तम सिमेन्टका सञ्चालक विष्णु न्यौपानेको आकलन छ।

■ सवा १३ अर्बको बिजुली निर्यात

०८० को वर्षायाममा १५ अर्ब २४ करोडको विद्युत् भारततर्फ निर्यात भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ। यस वर्ष २८ जेठबाट २० मंसिरसम्म दैनिक सात सय मेगावाटसम्म बिजुली बिक्री गरिएको थियो। चालू आर्थिक वर्षको साउनदेखि २० मंसिरसम्म १३ अर्ब २४ करोड मूल्यको करिब डेढ अर्ब युनिट बिजुली निर्यात भएको छ। निर्यात गरिएको विद्युत्को औसत बिक्रीदर प्रतियुनिट ८.७७ रुपैयाँ रहेको थियो।

आगामी वर्ष २५-३० अर्बको बिजुली निर्यात हुने प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङको अनुमान छ। उनले भने, 'दुई देशबीचको विद्युत् प्रसारणका लागि ठूलो क्षमताका लाइनहरू बनिरहेका छन्, देशभित्र धमाधम जलविद्युत् आयोजनाहरू निर्माण भइरहेका छन्, आगामी पाँच वर्षभित्रमा वार्षिक करिब एक खर्बको विद्युत् निर्यात हुने अवस्था बनिरहेको छ।'



■ डेढ अर्बको सिमेन्ट निर्यात

चालू आर्थिक वर्षको साउनदेखि मंसिरसम्म पाँच महिनामा एक अर्ब ४९ करोड रुपैयाँको सिमेन्ट र क्लिंकर भारतीय बजारमा निर्यात भएको छ। अघिल्लो वर्षभरिमा भने ७८ करोड रुपैयाँको मात्रै सिमेन्ट र क्लिंकर निर्यात भएको थियो। अबको पाँच वर्षभित्र सिमेन्ट र क्लिंकर निर्यात ५० अर्बको पुग्ने अनुमान नेपाल सिमेन्ट उत्पादक संघको छ। अहिले पाल्पा, अर्घाखाँची, सिजी पाल्पा, सर्वोत्तम, बालाजीलगायतका उद्योगले सिमेन्ट निर्यात गरिरहेका छन्।

सरकारले स्वदेशी वस्तु निर्यातलाई प्रोत्साहन गरेपछि भारतीय सीमावर्ती क्षेत्रमा सिमेन्ट-क्लिंकर निर्यात बढ्न थालेको हो। सरकारले स्वदेशी वस्तु निर्यात गर्ने उद्योगलाई आठ प्रतिशतसम्म नगद अनुदान र १० करोड रुपैयाँभन्दा बढीको विद्युत् खपत गर्ने उद्योगलाई महसुलमा १५ प्रतिशतसम्म छुट दिने व्यवस्था गरेको छ।

■ आइटी सेवा निर्यातमा ठूलो सम्भावना

नेपालबाट आइटी सेवा निर्यातमा ठूलो सम्भावना देखिएको छ। आइआइडिएसको अध्ययनले नेपालबाट आइटी कम्पनी र फ्रिलान्सरले व्यक्तिगत तहबाट करिब ६७ अर्ब रुपैयाँबराबरको आइटी सेवा निर्यात गरेको देखाएको छ। कम्पनीबाट मात्रै २०२२ मा २० करोड १३ लाख अमेरिकी डलरको आइटी सेवा निर्यात भएको छ। यो वर्षको पहिलो चार महिनामा कम्पनीमार्फत पाँच अर्ब ५७ करोडको आइटी सेवा निर्यात भएको राष्ट्र बैंकको तथ्यांक छ।

आइआइडिएसको अध्ययनअनुसार भने सन् २०२० मा ३० करोड ८३ लाख अमेरिकी डलर, २०२१ मा ३१ करोड ३९ लाख डलर र २०२२ मा ५१ करोड ५४ लाख डलरको आइटी सेवा निर्यात भएको छ। तत्कालीन विनिमयदरअनुसार एक डलरको एक सय ३० रुपैयाँले ६७ करोड रुपैयाँ हुन आउँछ।

■ प्लाइउडको निर्यातमा उछाल

नेपालबाट निर्यात हुने प्रमुख १० वस्तुहरूको सूचीमा प्लाइउड पर्न थालेको छ। सरकारले स्वदेशी वस्तु निर्यातमा ८ प्रतिशतसम्म नगद अनुदानको व्यवस्था गरेपछि एकाएक प्लाइउड निर्यातमा चमक आएको हो। चालू आर्थिक वर्षको पहिलो पाँच महिनामा दुई अर्ब ८९ करोड रुपैयाँबराबरको प्लाइउड निर्यात भएको भन्सार विभागको तथ्यांक छ। गत आर्थिक वर्षभरिमा चार अर्ब ७० करोड ५१ लाखको प्लाइउड निर्यात भएको थियो। यो वर्ष प्लाइउड निर्यात करिब आठ अर्ब पुग्ने अनुमान छ। विदेशबाट ठूलो परिमाणमा काठ तथा फर्निचर आयात भइरहेका वेलामा पनि प्लाइउड निर्यात भने उत्साहप्रद देखिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

■ पाँच अर्बभन्दा बढीको फलामे पाता निर्यात

नेपालबाट अहिले सबैभन्दा बढी निर्यात हुने वस्तुमा फलाम तथा स्टिल र तिनबाट बनेका सामग्री पर्ने गरेका छन्। चालू आर्थिक वर्षको पाँच महिनामा पाँच अर्ब रुपैयाँभन्दा बढीको तीन करोड ७८ लाख ३० हजार केजी फलामे पाता निर्यात भएको भन्सार विभागले जनाएको छ। गत आर्थिक वर्षभरिमा सात अर्ब १९ करोड ५१ लाख रुपैयाँबराबरको फलामे पाता निर्यात भएको थियो।

■ पछिल्लो पाँच महिनामा निर्यात भएका प्रमुख वस्तु तथा सेवा

क्रसं	वस्तु	निर्यात (रुपैयाँमा)
१	बिजुली	१३ अर्ब २४ करोड
२	आइटी सेवा निर्यात (४ महिना)	५ अर्ब ५७ करोड
३	फलामे पाता	५ अर्ब एक करोड
४	सिन्थेटिक धागो	४ अर्ब ८८ करोड
५	ऊनी गलैँचा-कार्पेट	४ अर्ब ५३ करोड
६	तयारी कपडा	४ अर्ब ११ करोड
७	जुस	३ अर्ब ४० करोड
८	अलैँची	३ अर्ब १० करोड
९	प्लाइउड	२ अर्ब ८९ करोड
१०	चिया	१ अर्ब ८७ करोड
११	सिमेन्ट र क्लिंकर	१ अर्ब ४९ करोड
१२	पस्मिना सल	१ अर्ब ४९ करोड
१३	जडीबुटी	१ अर्ब १ करोड

■ धेरै निर्यात हुने परम्परागत वस्तुहरू

कुनै समय नेपालबाट सबैभन्दा धेरै निर्यात हुने वस्तुहरूमा ऊनी गलैँचा, पस्मिना, गार्मेन्टलगायत पर्थे। तर, अमेरिकालगायतले कोटा प्रणाली खारेज गरेसँगै निर्यात पनि ओरालो लागेको थियो। तैपनि, अझै ऊनी गलैँचा-कार्पेट, पस्मिना, तयारी पोसाक धेरै निर्यात हुने वस्तुमै पर्छन्। यस्तै, धागो, जुस, चिया र जडीबुटी निर्यात पनि ठूलो मात्रामै भइरहेको छ।

चालू आवको पाँच महिनामा सिन्थेटिक धागो चार अर्ब ८८ करोडको निर्यात भएको छ। गत आवभरिमा सिन्थेटिक धागो १२ अर्ब २० करोड रुपैयाँबराबरको निर्यात भएको थियो। पाँच महिनामा ऊनीको गलैँचा तथा कार्पेट चार अर्ब ५३ करोड, तयारी कपडा चार अर्ब ११ करोड, जुस तीन अर्ब ४० करोड, अलैँची तीन अर्ब १० करोड, चिया एक अर्ब ८७ करोड, पस्मिना सल एक अर्ब ४९ करोड, जडीबुटी एक अर्ब एक करोड रुपैयाँको निर्यात भएको छ। यस्तै, जुटका कपडा एक अर्ब ९८ करोड, कुकुर-बिरालोको खाना एक अर्ब १९ करोड, पिना एक अर्ब १३ करोड, ऊनी, सुती, टेरिकटनबाहेकका कपडा एक अर्ब तीन करोड, जुटका बोरा-झोला ९८ करोडको निर्यात भएको देखिन्छ।

मौद्रिक नीति समीक्षापछि चार खर्ब बढ्यो पुँजीकरण

दशमध्येमा आठ दिन लगातार सेयर बजारमा हरियाली

नयाँ पत्रिका

मौद्रिक नीतिपछि सेयर लगानीकर्ताको बजार पुँजीकरण बढेको छ। गत कात्तिक २२ मा राष्ट्र बैंकले गरेको मौद्रिक नीतिको समीक्षापछि लगानीकर्ताको बजार पुँजीकरण चार खर्ब रुपैयाँले बढेको हो।

मौद्रिक नीति जारी हुनु एक दिनअघि कात्तिक २१ मा बजार पुँजीकरण २८ खर्ब ६२ अर्ब २५ करोड रुपैयाँ रहेको थियो। तर, मौद्रिक नीतिपछि सेयर बजार दुई सय ६८ दशमलव शून्य तीन अंकले बढ्दा लगानीकर्ताको लगानी पनि बढेको हो। लगानी बढेसँगै बजार पुँजीकरण बढेर ३२ खर्ब ७६ अर्ब ३३ करोड रुपैयाँ पुगेको छ।

मौद्रिक नीतिपछि १० दिन खुलेको सेयर कारोबारमा आठ दिन नेप्से सूचक बढेको छ भने दुई दिन घटेको छ। यसबीचमा करिब एक वर्षयताकै सर्वाधिक कारोबारसमेत हुन पुगेको थियो।

लामो समयदेखि नेप्से सूचक र कारोबार दुवै बढ्न नसकेको अवस्थामा मौद्रिक नीतिको बलमा नेप्से एक हजार आठ सयको मनोवैज्ञानिक विन्दुबाट उक्लिएर दुई हजार एक सय नौ दशमलव १० विन्दुमा आइपुगेको छ। यस साता पाँच दिन भएको कारोबारमा नेप्से सूचक चार दिनसम्म लगातार बढेको थियो भने अन्तिम दिन बिहीबार नेप्से सूचक ३२ दशमलव ७७ अंकले घटेको थियो।

मौद्रिक नीतिपछि सेयर कारोबार १० दिनमा ५० अर्ब ७५ करोड रुपैयाँको भएको छ। जसमा औसत दैनिक कारोबार चार अर्ब ६१ करोड रुपैयाँको भएको छ।

मौद्रिक नीतिको समीक्षामा सेयर बजारका लागि नीतिगत केही सुधार भएको थियो, जसले महिनौँसम्मको सुस्त कारोबारलाई उत्साहमा बदल्न पुगेको थियो। मौद्रिक नीतिको पहिलो समीक्षामा सेयर धितो कर्जाको जोखिमभार एक सय ५० प्रतिशतबाट घटाएर एक सय २५ बनाएको थियो।

यसपछि लगानीकर्तामा सकारात्मक सन्देश प्रवाह भएको बताउँदै आएका छन्। लगानीकर्ता तथा नेपाल इन्भेस्टर्स फोरमका अध्यक्ष तुलसीराम ढकाललले बजारले एउटा बहाना खोजिरहेको अवस्थामा मौद्रिक नीति समीक्षाले निराश लगानीकर्तालाई उत्साहित बनाएको बताए। उनले भने, 'महिनौँसम्म बजारको एउटै गतिले लगानीकर्ता निराश बनेका थिए, वर्षौँसम्मको निराशा अहिलेको बजारमा देखिएको मात्र हो।'

लगानीकर्ता छोटेलाल रौनियारले बैंकको ब्याजदर मौद्रिक नीतिको समीक्षालगायत सेयर बजारका लागि आवश्यक पक्ष सकारात्मक बन्न पुगेको अवस्थामा बजार सकारात्मक भएको बताए। उनले भने, 'लामो समयसम्म लगानीकर्ताको निराशा र बजार बढेसँगै लगानीकर्तामा थपिएको उत्साहले बजार थप अर्को विन्दुमा प्रवेश गर्न सक्छ।'

चार अर्ब लगानीमा बन्यो दोस्रो ठूलो सबस्टेसन

इनरुवा सबस्टेसनबाट चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिने



नयाँ पत्रिका

नेपालकै दोस्रो ठूलो चार सय केभी क्षमताको सबस्टेसन तयार भएको छ। सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-४ मा निर्माण गरिएको चार सय केभी क्षमताको इनरुवा सबस्टेसनको शुक्रबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले उद्घाटन गरेका हुन्।

०७५ सालदेखि निर्माण सुरु गरिएको यो सबस्टेसन झन्डै चार अर्ब रुपैयाँ लागतमा तयार भएको हो। यो ग्यास इन्सुलेटेड प्रणाली (जिआइएस)मा आधारित स्वचालित सबस्टेसन हो।

इनरुवामा चार सय र दुई सय २० केभीका दुईवटा सबस्टेसन निर्माण गरिएको छ। राष्ट्रिय विद्युत् विकास दशक कार्यक्रमअन्तर्गत नेपाल सरकार र नेपाल विद्युत् प्राधिकरणको संयुक्त लगानीमा हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत यो सबस्टेसन निर्माण गरिएको हो। सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलियतपूर्ण ऋणमा नेपाल-भारत विद्युत् प्रसारण तथा व्यापार आयोजनाबाट २२०/१३२/३३ केभीको सबस्टेसन निर्माण गरिएको थियो। चार सय र दुई सय केभी सबस्टेसनको लागत करिब तीन अर्ब ८३ करोड रुपैयाँ छ। यसबाट झन्डै चार हजार मेगावाट विद्युत् प्रवाह गर्न सकिनेछ। उद्घाटनसँगै प्रधानमन्त्री दाहालले यस क्षेत्रको विद्युत् प्रसारण र वितरणको गुणस्तर तथा विश्वसनीयता बढाउने पृष्ठभूमि तयार भई सरकारको उज्यालो र समृद्ध नेपाल कार्यक्रम सफलताको यात्रामा नयाँ अध्याय पनि थपिएको बताए। उनले भने, 'प्रसारणलाइन निर्माणमा वन क्षेत्रको प्रयोग, रूख कटान तथा जग्गा अधिग्रहणमा रहेको समस्या समाधानका लागि छिट्टै महत्त्वपूर्ण निर्णय गर्दै छौँ, केही दिनभित्र सुकमवासीलाई जग्गा वितरण गर्न र वन विकासविरोधी भएको मान्यतालाई अन्त्य गर्न केही ऐतिहासिक र महत्त्वपूर्ण निर्णय गर्दै छौँ। मेरो कार्यकालको एक वर्ष पूरा भएको छ, अब विकासका र सुशासनका लागि धक्का दिएर काम गरिनेछ।' आगामी एकदेखि डेढ वर्षभित्र देशलाई पूर्ण रूपमा विद्युतीकरण घोषणा गर्ने सुनौलो दिन आउने उनको भनाइ थियो।

यस्तै, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले नेपालको जलविद्युत् विकासको विगतको ७८ वर्षे इतिहासमा अढाई सय मेगावाट मात्र विद्युत् उत्पादन भएकोमा हाल एक वर्षमा पाँच सय मेगावाट विद्युत् थपिनुले देश बर्बादीतर्फ नभएर प्रगतितर्फ बढेको तथ्य र तथ्यांकले पुष्टि गरेको बताए। आगामी दश वर्षभित्र करिब ३० हजार मेगावाट विद्युत् उत्पादन गर्न सक्ने विश्वसनीय आधार देखिएको उल्लेख गर्दै मन्त्री बस्नेतले प्रसारणलाइन निर्माणमा देखिएको मार्गाधिकारको समस्या र स्थानीयका मागलाई सम्बोधन गर्न कानुनी रूपमा थप व्यवस्था गर्न लागिएको बताए।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले कोशी प्रदेशका विभिन्न जिल्लाहरूमा पर्ने जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण गर्न, स्थानीय रूपमा खपत गर्न र देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारततर्फ निर्यातका लागि इनरुवा सबस्टेसन मेरुदण्डका रूपमा रहेको बताए। 'सबस्टेसनमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् प्रवाहका अतिरिक्त स्थानीय रूपमा आपूर्तिसमेत गरिनेछ, यसबाट त्यस क्षेत्रको भोल्टेज सुधार भई विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुनेछ, यही सबस्टेसनबाट भारतसँगको विद्युत् व्यापारका लागि इनरुवा-पूर्णिया चार सय केभी अन्तरदेशीय र नेपाल, भारत तथा बंगलादेशबीचको व्यापारका लागि इनरुवा-अनारमनी चार सय केभी प्रसारणलाइन प्रस्ताव गरिएको छ,' उनले भने, 'पूर्व-पश्चिम विद्युत् आपूर्ति गर्न र भारतमा थप विद्युत् प्रवाह तथा क्षेत्रीय विद्युत् व्यापारका लागि इनरुवा सबस्टेसन अर्को ठूलो हब बनेको छ।'

■ यस्ता छन् सबस्टेसनका ट्रान्सफर्मर

हेटौँडा-ढल्केबर-इनरुवा चार सय केभी सबस्टेसन विस्तार आयोजनाअन्तर्गत निर्माण गरिएको ४००/२२० केभी इनरुवा सबस्टेसनमा तीन सय १५ एमभिए क्षमताका तीन थान पावर ट्रान्सफर्मर छन्। जसको क्षमता नौ सय ४५ एमभिए छ। त्यस्तै, २२०/१३२ केभी एक सय ६० एमभिए क्षमताका दुई थान र २२०/३३ केभी, ६३ एमभिए क्षमताका दुई थान पावर ट्रान्सफर्मर छन्। इनरुवा-ढल्केबर प्रसारणलाइनको अहिले तार तान्ने काम भइरहेको छ।

साथै, १३२ र ३३ केभी प्रसारण तथा वितरण लाइनमार्फत सबस्टेसनबाट स्थानीय रूपमा विद्युत् आपूर्तिको व्यवस्था गरिएको छ। सबस्टेसनलाई भविष्यमा आवश्यकताअनुसार थप विस्तार गर्न मिल्ने गरी निर्माण गरिएको छ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को उन्तिसौं वार्षिक साधारणसभा बस्ने सूचना

(प्रथम पटक प्रकाशित मिति २०८०/०५/०७)

यस श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि. को मिति २०८० पौष ६ गते शुक्रवारका दिन बसेको सञ्चालक समितिको ३३७औं बैठकको निर्णय अनुसार निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागी कम्पनीको २९औं वार्षिक साधारणसभा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

१. साधारणसभा बस्ने :

मिति : वि.स. २०८० साल पौष २९ गते आइतवार (तदनुसार जनवरी १४, २०२४ ई.सं.)।
स्थान : श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं लि.को रजिष्टर्ड कार्यालय, डिल्लीबजार, काठमाडौं
समय : बिहान १०.०० बजे।

२. छलफलका बिषयहरु :

(क) साधारण प्रस्ताव

१. अध्यक्षज्यूको मन्तव्य तथा सञ्चालक समितिको आ.व. २०७९/८० को प्रतिवेदन छलफल गरि पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/८० आषाढ मसान्तको वासलात तथा सोही आ.व.सम्मको नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायत वार्षिक वित्तीय विवरणसंग सम्वन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०८०/८१ को लागी लेखापरीक्षकको नियुक्ती तथा निजको पारिश्रमिक अनुमोदन गर्ने।
४. सञ्चालक समितिले प्रस्ताव गरे अनुरुप कम्पनीको चुक्ता पूँजीको ५.०५% ले हुन आउने रु. ४,९५,७५,००१/६० (अक्षरेपी चार करोड पन्चान्नब्बे लाख पचहत्तर हजार एक पैसा ६०/१०० मात्र) बराबरको नगद लाभांश (कर प्रयोजनार्थ समेत) वितरण गर्न स्वीकृति प्रदान गर्ने।

ख. विशेष प्रस्ताव

१. श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि र अन्य कुनै बैक/वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने र गाभिने (मर्ज गर्ने) वा प्राप्ति (एक्विजिसन) गर्ने कम्पनीको चल-अचल सम्पत्ति र दायित्व तथा कारोवारको मूल्याङ्कन गर्न मान्यता प्राप्त मूल्याङ्नकर्ता नियुक्ति गर्ने तथा गाभ्ने वा गाभिने वा प्राप्ति गर्ने सम्वन्धी प्रारम्भिक तथा अन्तिम सम्झौता गर्ने र सो प्रक्रिया पुरा गर्न आवश्यक पर्ने सम्पूर्ण कार्य गर्नको लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।
२. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा नियमनकारी निकायवाट कुनै फेरवदलको सुझाव भएमा तदनुसार समावेस गरि संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने।

(ग) विविध ।

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारणसभा सम्वन्धि सामान्य जानकारी :

१. कम्पनीको उन्तिसौं वार्षिक साधारणसभा प्रयोजनकालागि मिति २०८०/०९/२० गते शुक्रवार एक दिन कम्पनीको शेयर दाखिल खारेजको काम बन्द (Book Closure) रहने व्यहोरा यसै सूचनाबाट जानकारी गराईन्छ। उक्त दिन भन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीले सभामा सहभागि हुन तथा कम्पनीबाट वितरित लाभाँश पाउनु हुनेछ।
२. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ। शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका विहान ९:०० वजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ।
३. साधारणसभामा भाग लिन र मतदान गर्नकालागी प्रोक्सी ल्याउने व्यक्ति यस कम्पनीको शेयरधनी मध्येबाटै हुनु पर्नेछ। प्रोक्सी (प्रतिनिधीपत्र) साधारणसभा हुनुभन्दा ७२ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालयमा दाखिल भई सकेको हुनु पर्नेछ।
४. कुनै व्यक्तिले एक भन्दा बढी व्यक्तिलाई प्रोक्सी दिएको भए रितपूर्वकको पहिलो दर्ता हुन आएको प्रोक्सी सदर गरी अरु प्रोक्सी रद्द हुनेछ, साथै प्रतिनिधी नियुक्त गरी सक्नु भएको शेयरधनी साधारणसभामा आफै उपस्थित भए निजले दिएको प्रोक्सी (प्रतिनिधीपत्र) स्वत: बदर हुनेछ।
५. छलफलको विषय अन्तर्गत विविध शिर्षक सम्वन्धमा शेयरधनी महानुभावहरुले छलफल गर्न चाहनु भएको विषयवारे साधारणसभा हुनुभन्दा कम्तिमा सात दिन पहिले कम्पनीको केन्द्रीय कार्यालय, कम्पनी सचिव मार्फत लिखित रुपमा जानकारी दिनु पर्नेछ।
६. शेयरधनीहरुवाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्वन्धमा सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यू वा उहाँवाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ।
७. अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको केन्द्रीय कार्यालय, डिल्लीबजार काठमाडौंमा सम्पर्क राख्न हुन अनुरोध गरिन्छ।

द्रष्टव्य : कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन शेयरधनीहरुले निरीक्षण गर्न वा प्राप्त गर्न चाहनु भएमा कम्पनीको केन्द्रीय कार्यालयवाट उपलव्ध गराउन सकिने लगायत कम्पनीको वेभसाइट www.shreefinance.com.np मा समेत राखिएको जानकारी गराईन्छ।

श्री इन्भेष्टमेन्ट एण्ड फाइनान्स कं. लि.
डिल्लीबजार, गुरुजुको चौर, पो.ब.नं.:- १०७१७, काठमाडौं ।
फोनः ४४२२०३८, ४४२६१४६, ४४१५३४४, फ्याक्सः ९७७-१-४४२१७७९, E-mail: info@shreefinance.com.np

गरिमा सेक्युरिटिज् लिमिटेड
(नेप्से ब्रोकर नं. ७८/निक्षेप सदस्य)
फोन नं. ०१-५९१६३५१, ०१५९१८३५१
कमलपोखरी, काठमाडौं

प्रथम बार्षिक साधारणसभाको सूचना

मिति २०८०/०९/०६ (तदनुसार २२ डिसेम्बर २०२३) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको प्रथमवार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

साधारणसभा हुने मिति, स्थान र समय.:
मिति : २०८० पौष २८ गते शनिवार
(तदनुसार जनवरी १३,२०२४)
समय : बिहान १० बजे।
स्थान : कम्पनीको कार्यालय, कमलपोखरी, काठमाडौं

छलफलका विषयहरु :
१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९।८० को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने।
३. आ.व. २०८०।८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. नयाँ संचालक समिति गठन गर्ने।
५. विविध।

संचालक समितिको निर्णयअनुसार

सर्वाङ्गीण समृद्धिका लागि सहकारी !

ब्राइट बचत तथा ऋण सहकारी संस्था लि.
बागबजार-२८, काठमाडौं

२४औं वार्षिक साधारण सभासम्बन्धी सूचना

मिति २०८० मंसिर २७ गतेको संचालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको २४औं वार्षिक साधारणसभा तपसिलमा उल्लेखित विषयहरूमा छलफल गरी निर्णय गर्नका लागि संस्थाको विनियम २०५६ (विभिन्न मितिको संसोधन) बमोजिम देहायका कार्यक्रमसहित संचालन हुने हुँदा यस संस्थाका सम्पूर्ण सदस्य महानुभावहरूलाई निम्न मिति र समयमा सहभागी भइदिनुहुन अनुरोध गरिन्छ।

साधारणसभाका प्रस्तावहरू

१) संचालक समितिको तर्फबाट अध्यक्षमार्फत् प्रस्तुत हुने आ.ब. २०७९।०८० को प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
२) आ.ब. २०७९।०८० को आन्तरिक लेखा परिक्षण प्रतिवेदनसहितको लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन छलफल गरी पारित गर्ने सम्बन्धमा।
३) आ.व. २०८०।०८१ को लागि प्रस्तावित कार्ययोजना तथा बजेट सम्बन्धमा।
४) आ.ब. २०८०।८१ को लागि लेखा परिक्षक नियुक्ती तथा पारिश्रमिक तोक्ने सम्बन्धमा।
५) आ.व.२०७९।०८० मा संचालक समिति, लेखा सुपरिवेक्षण समिति, ऋण उप–समिति तथा व्यवस्थापनबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
६) साधारणसभाको बैठकको निर्णय प्रमाणित गर्ने प्रतिनिधिहरू चयन गर्ने सम्बन्धमा।
७) विविध।

साधारण सभा हुने मिति समय र स्थान
मिति २०८०।०९।२८ शनिवार
समय : बिहान ११:०० बजे
स्थान : होटल हार्दिक, बागबजार, काठमाडौं

आज्ञाले
डा. घनश्याम खतिवडा
सचिव

घर बहालमा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मिति: २०८०/०९/०७ गते नयाँ पत्रिका दैनिक

यस वित्तीय संस्थाको शाखा कार्यालय स्थानान्तरणको लागि बांके जिल्ला, नेपालगञ्ज उ.प.म नगरपालिक, वडा नं.२ धम्बोजि चोकमा, घर/फ्ल्याटहरु आवश्यक भएकोले निम्न शर्त बन्देजको अधीनमा रहने गरी घरजग्गा भाडामा दिन ईच्छुक घर धनीहरुबाट बोलपत्र प्रस्ताव आव्हान गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र देहायका विवरणहरु स्पष्ट खुलाई बोलपत्र यस संस्थाको केन्द्रिय कार्यालयको सामान्य सेवा विभाग वा नजिकको शाखामा आई पुग्ने गरी पेश गर्नुहुन गर्नुपर्नेछ ।

बोलपत्रसँग पेश गर्नुपर्ने कागजातहरु:

१. भाडामा दिने प्रस्तावित घरको फोटो सहितका स्वीकृत नक्सा निर्माण एवं सम्पन्न प्रमाणपत्रको प्रतिलिपि, घर जग्गाको नापी नक्साको (Blue Print) प्रतिलिपि, घर जग्गाको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि, घरजग्गाको राजस्व तथा तिरो तिरेको रसिद, चारकिल्लाको प्रमाणीत प्रतिलिपि तथा घरधनीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, घर जग्गा बाहालको प्रस्तावित भाडा दर, घरधनी संस्था भएमा बोर्ड मान्युट, अख्तियानामा तथा अख्यिार प्राप्त व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रतिलिपि समेत ।

अन्य शर्तहरु:

१. प्रस्तावित घरमा कुनै किसिमको स्वामित्व सम्बन्धी विवाद नभएको हुनुपर्ने ।
२. प्रस्तावित वहालमा दिने स्थानमा घरको भुई तल्ला वा पहिलो तल्ला न्यूनतम १००० वर्ग फिटमा निर्माण सम्पन्न भएको हुनुपर्नेछ ।
३. प्रस्तावित घर सडकसँग जोडिएको तथा सो घरको मोहडा सडक तर्फ भएको हुनुपर्नेछ ।
४. प्रस्तावित घर आर.सि.सि. एवं पिलर सिस्टममा निर्माण भएको हुनुपर्नेछ ।
५. प्रस्तावित घर नेपाल सरकारको स्वीकृत मापदण्ड अनुसार सार्वजनिक बाटोको क्षेत्रमा नपर्ने गरी निर्माण भएको हुनुपर्नेछ ।
६. प्रस्तावित घर परिसरमा बिजुली, टेलिफोन तथा पानी आदीको सुविधा भएको हुनुपर्नेछ ।
७. घर बहालमा दिने अवधि कम्तीमा १० वर्षको हुनुपर्नेछ ।
८. बहालमा लिन प्रस्ताव गरेको घरमा अन्य बैंक वा वित्तीय संस्था नरहेको हुनुपर्नेछ ।
९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकारी यस वित्तीय संस्थामा नै निहित हुनेछ ।

थप जानकारीका लागि यस संस्थाको केन्द्रीय कार्यालय कमलादी, काठमाण्डौमा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

BEST FINANCE COMPANY LTD. बेष्ट फाइनान्स कम्पनी लि.
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त वित्तीय संस्था
BFC
प्रधान कार्यालय
बेष्ट भवन, कमलादी, काठमाण्डौं
फोन: ०१-४५४२४६१/६२/६३

जीवन विकास लघुवित्त वित्तीय संस्था लि.

JEEVAN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त राष्ट्रिय स्तरको संस्था)
केन्द्रीय कार्यालय, कटहरी-०२, मोरङ्ग
सम्पर्क: ५८०२७४६१५६

पाँचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८० पुस ७ गते)

यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०९/०६ गते शुक्रबार बसेको ८९ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्थाको पाँचौ वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पुर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

साधारण सभा हुने मिति, समय र स्थान :

मिति : २०८०/०५/२५ गते आइतवार (तदनुसार १४ जनवरी, २०२४)
समय : बिहान १०:३० बजे ।
स्थान : वित्तीय संस्थाको केन्द्रीय कार्यालय, कटहरी २, मोरङ्ग ।

छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक बर्ष २०७९/०८० को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
(२) लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७९/०८० को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा सोसँग सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक वर्ष २०८०/०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरीक्षक पुनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ।)
(४) सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,१८,२०,३४,२००/- को १४ प्रतिशत (दशमलब पछिको निकटतम दुई अंक) ले हुन आउने रु. १६,५४,८४,७००/- (अक्षरमा सोह्र करोड चौवन्न लाख चौरासी हजार सात सय रुपैया मात्र) बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।

(ख) विशेष प्रस्ताव

(१) सञ्चालक समितिले सिफारिश गरे बमोजिम आर्थिक वर्ष २०७९/०८० को वितरण योग्य मुनाफाबाट २०८० आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजी रु. १,१८,२०,३४,२००/- को १४ प्रतिशत (दशमलब पछिको निकटतम दुई अंक) ले हुन आउने रु. १६,५४,८४,७००/- (अक्षरमा सोह्र करोड चौवन्न लाख चौरासी हजार सात सय रुपैया मात्र) बोनस शेयर वितरण गर्ने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।
(२) बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम जारी तथा चुक्ता पूँजी गरी रु. १,३४,७५,१८,९००।- (अक्षरेपी एक अर्ब चौंतीस करोड पचहत्तर लाख अठार हजार नौ सय रुपैया मात्र) पुऱ्याउने सम्बन्धी प्रस्ताव स्विकृत गर्ने ।
(३) बोनस शेयर जारी गरे पश्चात वित्तीय संस्थाको जारी तथा चुक्ता पूँजी वृद्धि हुने भएकाले सोही बमोजिम वित्तीय संस्थाको प्रवन्धपत्रको दफा ६(ख) र ६(ग) मा संशोधन गर्ने ।
(४) अध्यक्ष तथा सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु बृद्धि/परिमार्जन गर्ने र सोही बमोजिम वित्तीय संस्थाको नियमावलीको सम्बन्धित नियम संशोधन गर्ने ।
(५) यस वित्तीय संस्थाले अन्य ईजाजतपत्रप्राप्त कुनै एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त वित्तीय संस्थाहरु एक आपसमा गाभ्ने गाभिने (Merger) वा प्राप्ति (Acquisition) गर्ने, समझदारी पत्र (Memorandum of Understanding) मा हस्ताक्षर गर्ने, सम्पत्ति तथा दायित्वको मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit Report) तयार गर्न मूल्याङ्कनकर्ताको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने तथा गाभ्ने/गाभिने एवम् प्राप्तिसँग सम्बन्धित प्रचलित कानून तथा निर्देशनहरु अनुरुप अपनाउनुपर्ने तथा गर्नुपर्ने सम्पूर्ण आवश्यक कार्यहरु गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।
(६) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा गरिएको संशोधनका सम्बन्धमा नियमनकारी निकायबाट कुनै संशोधन वा फेरबदल वा परिमार्जन वा थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न गराउन तथा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत वित्तीय संस्थाको सञ्चालक समिति वा समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धमा अन्य थप जानकारी :

१. पाँचौ वार्षिक साधारण सभा प्रयोजनकालागि वित्तीय संस्थाको शेयर दाखिल खारेजीको कार्य मिति २०८०/०९/१८ गतेदेखि मिति २०८०/०९/२९ गतेसम्म बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८०/०९/१७ गतेसम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधि भित्रमा यस वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो सभामा भाग लिन तथा बोनस शेयर पाउन योग्य हुनेछन् ।
२. वार्षिक साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले आफ्नो हितग्राही परिचय नं. वा आफ्नो परिचय खुल्ने कुनै आधिकारिक परिचयपत्र साथमा लिएर आईदिनुहुन अनुरोध छ । संगठित संस्थाबाट प्रतिनिधित्व गर्ने भएमा संगठित संस्थाबाट प्रतिनिधि नियुक्त गरिएको आधिकारीक पत्र लिई आउनुपर्नेछ ।
३. पाँचौ वार्षिक साधारण सभाको प्रतिवेदन वित्तीय संस्थाको वेवसाईटमा राखिने छ र सो बाट प्राप्त गर्न तथा अध्ययन गर्न सकिनेछ । साथै वित्तीय संस्थाको शेयर रजिष्ट्रार श्री एनएमबि क्यापिटल लिमिटेड, बालुवाटार, काठमाण्डौबाट समेत प्राप्त गर्न सकिनेछ । कुनै कारणवस उपरोक्त प्रतिवेदन प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले सभा हुने दिन सभास्थलबाट समेत प्राप्त गर्न सक्नुहुनेछ ।
४. सभामा भाग लिने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा रहेको उपस्थिति पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । शेयरधनी उपस्थिति पुस्तिका सभा हुने दिन बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ । साधारण सभामा भाग लिन आउने शेयरधनीहरुले साधारण सभासँग सम्बन्धित कागजात बाहेक कुनै झोला, पोका वा अन्य सामाग्री नलिई आउनु हुन अनुरोध गरिएको छ ।
५. नाबालक शेयरधनीहरुको तर्फबाट संरक्षक (शेयरधनीको दर्ता किताबमा उल्लेखित) ले सभामा भाग लिन, छलफल गर्न, प्रतिनिधि नियुक्ती गर्न र मत दिन समेत सक्नेछन ।
६. साधारण सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा यस वित्तीय संस्थाको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन् । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको निवेदन सभा शुरु हुने समय भन्दा कम्तिमा ४८ घण्टा अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालय कटहरी-२, मोरङ्गमा दर्ता गराई सक्नुपर्नेछ ।
७. शेयरधनीहरुबाट उठेका प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा निजबाट अनुमति प्राप्त व्यक्तिले सम्बोधन गर्न सक्नेछन् ।
८. कुनै शेयरधनी महानुभावहरुलाई वित्तीय संस्थाको सम्वन्धमा केही जिज्ञासा भए त्यस्तो व्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ (सात) दिन अगावै वित्तीय संस्थाको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गर्दछौं । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
९. पाँचौ वार्षिक साधारण सभा सम्बन्धमा अन्य थप जानकारी आवश्यक भएमा यस वित्तीय संस्थाको फोन नं. ९८०२७९६१९६ मा कार्यालय समय भित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।

न्यादी हाइड्रोपावर लिमिटेड

बुद्धनगर, बानेश्वर, काठमाण्डौ

आ.व. २०७९/८० को संक्षिप्त आर्थिक प्रतिवेदन

यस कम्पनीको मिति २०७९/०९/२७ गते सम्पन्न हुने १६औं वार्षिक साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरुको जानकारीका लागि प्रकाशित गरिएको छ ।

कम्पनीले आर्थिक बर्ष २०७९/८० मा न्यादी जलविद्युत गृहबाट कुल १०५.३० गिगावाट आवर विद्युत उत्पादन गर्न सफल भयो । तर, यो उत्पादन वार्षिक Contract Energy १६८.५५ गिगावाट आवरको हिसावमा ६२.६२५ प्रतिशत हुन आउँछ । नेपाल विद्युत प्राधिकरणले निजको खुदी सवस्टेसनको निर्माण सम्पन्न गरि नसकेका कारणले गर्दा बैकल्पिक प्रशारण लाईन मार्फत विद्युत आपूर्ति गरिलिने क्रममा कम आपूर्ति गरिलिएका हुनाले विद्युत बिक्री कम भएको हो । यस आ.व.मा कम्पनीले उत्पादन गर्न सक्ने अवस्था रहँदा रहँदैपनि Contract Energy अनुसारको विद्युत विक्री गर्न पाएन ।

कम्पनीले न्यून विद्युत आपूर्ति गर्न बाध्य भएका कारण आ.व. २०७९।८० मा रु. ५९,१६,४३,८८८/- मात्र विद्युत विक्री आम्दानी भएको छ । यदी Contract Energy अनुसार विद्युत बिक्री गर्न पाएको भए कम्पनीले करीव रु. ९१,१४,८२,५८७/- आम्दानी गर्न सक्ने अवस्थामा हुने थियो । यसवाट कम्पनीले करीव रु. ३२ करोड आम्दानी गुमाउनु परेको छ । जसको कारण कम्पनीलाई आ.व. २०७९/८० मा खुद नोक्सानी रु. १९,८४,०६,६३७/- हुन गएको छ ।

कम्पनीको संक्षिप्त वित्तिय अवस्था निम्न अनुसार रहेको छः

विवरण	आ.व. २०७९/८० (रु. मा.)	आ.व. २०७८/७९ (रु. मा.)
सम्पत्ति, प्लान्ट, तथा उपकरणहरु	७,६८९,७०७	८७,९९,४३२
अमुर्त सम्पत्ति	५,९९६,१६६,३१३	६,०७०,७०७,६५१
अन्य गैह्र चालु सम्पत्ति	४६,४०४	६१०,८४१
वित्तिय सम्पत्ति	१४५,६२५,७०२	१२१,१३९,३७८
अन्य चालु सम्पत्ति	१९,६०४,१७८	२,४५,१५,२८०
शेयर पूँजी	१,५०,००,००,०००	१,५०,००,००,०००
अन्य इक्विटी	(३४३,०५६,३४८)	(१४६,८१२,१७६)
वित्तिय दाईत्व	५,००८,७१४,५७२	४,८६६,९१७,९१९
अन्य दायित्व	३,५७४,०८०	५,६६६,८३९
विद्युत बिक्री (ने.वि.प्रा.)	५९१,६४३,८८८	११,०६,७७,२२३
आयोजना संचालन खर्च	(२६३,३९४,९३९)	(४१,८८७,२१३)
अन्य आम्दानी	-	१७७,५२१
प्रशासनिक तथा अन्य संचालन खर्च	६१,४१३,७४४)	(३९,१३८,७३८)
ब्याज खर्च	(४६५,५३८,०२८)	(७,५४,२७,२१७)
ब्याज आम्दानी	२९६,१८६	४५,२६७
ब्यवस्था (मर्मत तथा ऋण)	-	(२१,६२,४६५)
यस वर्षको नाफा नोक्सान	(१९८,४०६,६३७)	(४७७१५६२२)
प्रति शेयर आम्दानी	(१३.२३)	(३.४१)

कम्पनीको अवको योजना मूलतः विद्युतको उत्पादन तथा आपूर्तिलाई बढाउने र हाल बैकल्पिक योजना अनुसार भईरहेकोलाई टेक अर पे कायम गराई निरन्तररुपमा नेपाल विद्युत प्राधिकरणलाई विद्युत आपूर्ति गर्ने रहेको छ । हाल सम्म प्राप्त जानकारी अनुसार खुदी सबस्टेशन निर्माणको कार्य आउँदो श्रावण १५ गते भित्र सम्पन्न हुने देखिएको हुँदा सो सबस्टेशनमा जडानका लागि कम्पनीले गर्नपर्ने आवश्यक कार्यहरु समेत तदारुक्ताकासाथ गरिनेछ । हाल विद्युत गृह चुस्त दुरुस्त अवस्थामा छ । स्थानीय तथा अन्य सरोकारवालाहरुसंग असल सम्बन्धमा कायम गरिएको छ । प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको लेखापरिक्षण भएको वार्षिक वित्तिय विवरणहरु र संचालक समितिको प्रतिवेदनबाट संक्षेपीकरण गरिएको हो । उल्लेखित वित्तिय विवरणहरु तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.nhl.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

.....
उत्तम अमात्य
प्रमुख कार्यकारी अधिकृत

.....
सि.ए. केशव प्रशाद न्यौपाने
के.पि.एन एण्ड एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्टस्

सिनर्जी पावर डेभलपमेन्ट लिमिटेड

बालुवाटार, काठमाडौं

१७औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०५/०७ गते)

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८०/०९/०६ गते शुक्रबार दिउँसो १४:३० बजे बसेको सञ्चालक समितिको १४२औं बैठकको निर्णय बमोजिम आ.व.२०७९/०८० को १७औं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न लिखित प्रस्तावहरु उपर छलफल गरी निर्णय गर्नुपर्ने भएको हुँदा शेयरधनी स्वयं उपस्थित हुन वा रीत पूर्वक प्रतिनिधि मुकरर गरी पठाईदिनुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ ।

सभा हुने मिति, समय र स्थान:

मिति : २०८० साल पौष २९ गते आइतबार (तदअनुसार १४ जनवरी, २०२४)
समय : बिहान ९:०० बजे ।
स्थान : डेलिस ओपेरा रेष्ट्रो एण्ड व्याङ्क्वेट, बालुवाटार, काठमाडौं ।

वार्षिक साधारण सभाको विषयसूची

१. सञ्चालक समितिकोतर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने आ.व. २०७९।०८० को वार्षिक आर्थिक विवरण सहितको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा ।
२. आ.व. २०७९।०८० को लेखापरीक्षकको प्रतिवेदन र सोही आ.व.को वार्षिक वित्तीय विवरण अन्तर्गत वासलात, नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण, इक्वीटीमा भएको परिवर्तन र सोसँग सम्बन्धित सम्पूर्ण अनुसूचिहरु स्वीकृति गर्ने सम्बन्धमा ।
३. आ.व. २०८०।०८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारीश्रमिक तोक्ने सम्बन्धमा । (वर्तमान लेखापरीक्षक पिवाईसि एण्ड एसोसियट्सका साझेदार यज्ञराज भट्ट, चाटर्ड एकाउन्टेन्स पुनः नियुक्तीका लागि योग्य हुनुहुन्छ ।)
४. विविध ।

साधारणसभा सम्बन्धी अन्य जानकारी :

१) सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले आ-आफ्नो D-MAT खाताको विवरण वा शेयरधनी प्रमाण पत्रको प्रतिलिपिको साथमा स्पष्ट परिचय खुल्ने परिचयपत्र अनिवार्य रुपमा लिई आउनुहुन अनुरोध गरिन्छ ।
२) कम्पनीको शेयर दाखेल खारेज गर्ने कार्य (Book Close) मिति २०८०।०९।१९ गते एक दिन बन्द रहने छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा २०८०/०९/१८ गतेसम्म कारोबार भई प्रचलित कानून बमोजिम यस कम्पनीको शेयर रजिष्ट्रार श्री ग्लोवल आइएमई क्यापिटल लि. नक्साल, काठमाडौंबाट प्राप्त शेयर दाखिल खारेजको आधारमा शेयरधनी दर्ता कितावमा कायम रहेका शेयरधनीहरुले मात्र यस सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन् ।
३) सभामा भाग लिन प्रतिनिधि (प्रोक्सि) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समय भन्दा ४८ घण्टा अगाडी कम्पनीको रजिष्टर्ड कार्यालयमा प्रतिनिधी पत्र दर्ता गराउनु पर्नेछ । प्रतिनिधी भएको व्यक्ति शेयरधनी हुनु पर्नेछ । तर सभामा प्रतिनिधि दिने व्यक्ति स्वयं आफू उपस्थित भएको खण्डमा प्रतिनिधि पत्र स्वतः बदर हुनेछ । एकै शेयरधनीको एक भन्दा बढी प्रतिनिधि पत्रलाई मान्यता दिइने छैन, सबै बदर गरिनेछन् । प्रतिनिधि नियुक्त गर्ने फारम कम्पनीको रजिष्टर्ड कार्यालय वा वेबसाइट www.synergyhydro.com बाट प्राप्त गर्न सकिनेछ ।
४) संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ । संयुक्त रुपमा शेयर लिएको शेयरधनीको हकमा सर्वसम्मत एक व्यक्ति मात्र सभामा भाग लिन पाउनेछ ।
५) साधारणसभामा भाग लिन आउनुहुने शेयरधनीहरुको हस्ताक्षरको लागि उपस्थिति पुस्तिका बिहान ८:०० बजेबाट खुल्ला गरिनेछ ।
६) विविध शीर्षकमा छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगाडि छलफलको विषय सहितको निवेदन कम्पनीको रजिष्टर्ड कार्यालयमा दर्ता गराएको हुनुपर्नेछ । उक्त प्रस्ताव उपर सभामा छलफल गर्ने वा नगर्ने अधिकार सञ्चालक समितिमा निहित रहने छ ।
७) कम्पनीको वार्षिक साधारण सभाको सूचना, वार्षिक प्रतिवेदन, वित्तीय विवरण आदि शेयरधनी महानुभावहरुलाई यथा समयमा उपलब्ध गराइनेछ । सो हुन नसकेको खण्डमा कम्पनीको वेबसाइट www.synergyhydro.com वा रजिष्टर्ड कार्यालयको फोन नं. ०१-४५१३२१२ मा सम्पर्क गरी प्राप्त गर्न सकिनेछ ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

५०औं वार्षिकोत्सवमा लक्ष्मी ग्रुपको सामाजिक कार्य



काठमाडौं/ लक्ष्मी ग्रुपले स्थापनाको ५०औं वार्षिकोत्सवको अवसर पारेर बालबालिकालाई स्टेसनरी र अन्य सामग्रीहरू सहयोग गरेको छ । ग्रुपअन्तर्गतको कम्पनी तथा हुन्डाई गाडीको आधिकारिक वितरण लक्ष्मी इन्टरकन्टिनेन्टलले ललितपुरको धापाखेलमा रहेको सेरेब्रल पल्सी सेन्टरमा ५० जनाभन्दा बढी बालबालिकालाई स्टेसनरी र अन्य सामग्री सहयोग गरेको हो ।

सेन्टरको मागअनुसार सहयोग गरिएको कम्पनीले जनाएको छ । हुन्डाई नेपालले हुन्डाई मोटर कम्पनीको मोबिलिटीसँग सबैलाई जोड्ने उद्देश्यप्रति ऐक्यबद्धता जनाउँदै लामो समयदेखि सेरेब्रल पल्सी नेपाललाई सहयोग गर्दै आएको जनाइएको छ । 'मोबिलिटी' सबैको आधारभूत आवश्यकता भन्ने मान्यतासहित कम्पनीले मस्तिष्कघात भएका बालबालिकालाई गतिशीलतामा सहज पहुँच सुनिश्चित गर्ने उद्देश्यले सामाजिक उत्तरदायित्वका काम गर्दै आएको जनाइएको छ ।

लक्ष्मी ग्रुप र यसअन्तर्गतका विभिन्न संस्थाले यो अवसर पारेर विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम गरेको उल्लेख छ । जसअन्तर्गत आयोजना गरिएको रक्तदान कार्यक्रममा एक सयभन्दा बढी कर्मचारीले सहभागिता जनाएको कम्पनीले जनाएको छ ।

त्यस्तै, लक्ष्मी ग्रुपअन्तर्गतको हुन्डाई काठमाडौंले नक्सालको भाटभटेनी मन्दिर र वरपर सफाइ अभियान सञ्चालन गरेको जनाइएको छ । ग्रुपअन्तर्गतको सुजल डेरीले काठमाडौंको गैरीधारमा रहेको 'होम हेरिटेज एल्डर केयर'मा दिवा खाजा प्रायोजन गरेको उल्लेख छ ।

त्यस्तै, सुजल फुड्सले पनि 'चाइल्ड प्रोटेक्सन होम' र 'डिसेबल्ड सर्भिस एसोसिएसन'का व्यक्तिलाई आफ्नो उत्पादनका चकलेट, स्टेसनरी र खेलकुदका सामान वितरण गरेको जनाइएको छ । समाजसेवाकै क्रममा सफल फुड्सको ब्रान्ड लभबर्ड आइसक्रिमले जोपाटीको अत्तरखेलमा रहेको 'सिडब्लुइएएफ'मा खाजासहित विभिन्न कार्यक्रम गरी आइसक्रिम, खीर, पनिर तरकारी, स्टेसनरी सामान र खेलकुदलगायतका सामग्री प्रदान गर्दै मनोरञ्जन गराएको ग्रुपले उल्लेख गरेको छ ।

ग्लोबल आइएमईले ल्यायो १०% भन्दा कमको घरकर्जा योजना



काठमाडौं/ ग्लोबल आइएमई बैंक लिमिटेडले एकल अंकमा आधारित न्यूनतम ब्याजदरमा घरकर्जा दिने भएको छ । बैंकले सस्तो तथा सरल किस्ताबन्दीमा घर निर्माण तथा खरिदलाई लक्षित गरी १२ करोड रुपैयाँसम्म कर्जा सीमा भएको विशेष घरकर्जा योजना सार्वजनिक गरेको हो ।

उक्त विशेष घरकर्जा योजनाअन्तर्गत अन्य बैंक वित्तीय संस्थाबाट कर्जा उपभोग गरिरहेका व्यक्तिले पनि सहज रूपमा कर्जा सार्न सक्ने बैंकले जनाएको छ । योजनाअन्तर्गत सेवाग्राहीले पाँच वर्षसम्मको अवधिका लागि ९.९९ देखि १०.९९ प्रतिशत, पाँचदेखि १० वर्षसम्मका लागि १०.९९ देखि ११.४९ प्रतिशत र १० वर्षभन्दा बढीको अवधिका लागि ११.४९ देखि ११.९९ प्रतिशत निश्चित तथा स्थिर ब्याजदरमा कर्जा पाउने जनाइएको छ । बैंकले ग्राहकलाई छिटो-छरितो एवं सहज रूपमा कर्जा प्रवाह गर्ने उद्देश्यमा आवश्यक कागजात पेस गरेको तीन कार्य दिनभित्र विनाझन्झट कर्जा प्रवाह गर्ने दाबी गरेको छ ।

हाल बैंकले देशका ७७ वटै जिल्लामा तीन सय ५५ शाखाबाट यो सुविधा प्रदान गरिरहेको जनाएको छ ।

दृष्टिविहीन बालबालिकालाई सिटिजन्स बैंकको सहयोग



काठमाडौं/ सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले चितवनका दृष्टिविहीन बालबालिकालाई ब्रेल शैक्षिक सामग्री प्रदान गरेको छ । बैंकले चितवनको रत्ननगरमा रहेको श्री भुवानी माध्यमिक विद्यालयका बालबालिकालाई ब्रेल शैक्षिक सामग्री प्रदान गरेको हो ।

बैंकले विभिन्न किसिमका अपांगता भएका बालबालिका र युवाका लागि काम गर्दै आएको मैत्री समाज नेपालसँगको सहकार्यमा सहयोग प्रदान गरेको जनाएको छ । विद्यालयमा आयोजित कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गणेशराज पोखरेलले सहयोगस्वरूप एक लाख रुपैयाँबराबरको शैक्षिक सामग्री हस्तान्तरण गरेको जनाइएको छ । सहयोग हस्तान्तरणपछि प्रमुख कार्यकारी अधिकृत पोखरेलले दृष्टिविहीन तथा अन्य अपांगता भएका बालबालिकासँग पर्याप्त शैक्षिक सामग्री उपलब्ध नहुने र आवश्यक शैक्षिक सुविधाबाट वञ्चित हुने भएकाले ब्रेल पेपर र अन्य ब्रेल शैक्षिक सामग्री प्रदान गर्न पाउँदा सानै भए पनि सांकेतिक रूपमा समाजप्रतिको उत्तरदायित्वलाई आत्मसात् गरेको अनुभव भएको बताए ।

बैंकले हाल देशभरमा एक सय ९० शाखा, एक सय ५१ एटिएम, तीन विस्तारित काउन्टर र ९७ वटा शाखारहित बैंकिङ इकाइ मार्फत सेवा दिँदै आएको जनाएको छ ।

एनआइसी एसिया लघुवित्तको लाभांश पारित

काठमाडौं/ एनआइसी एसिया लघुवित्त वित्तीय संस्था लिमिटेडको १५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव पारित भएको छ । संस्थाको छैटौं साधारणसभाले २६ करोड नौ लाख १६ हजार रुपैयाँबराबरको कर प्रयोजनसहित नगद लाभांश वितरण गर्ने प्रस्ताव पारित गरेको हो ।

धरानमा आयोजना भएको साधारणसभाले विभिन्न एजेन्डासहित संस्थाको आर्थिक वर्ष ०७९/८० को सञ्चालक समितिको प्रतिवेदन, असार मसान्त ०८० को वासलात, नाफा-नोक्सान हिसाब र नगद प्रवाह विवरणलगायत वार्षिक आर्थिक विवरणसँग सम्बन्धित अनुसूचीहरूसमेत वार्षिक आर्थिक विवरण पारित गरेको जनाइएको छ ।

त्यस्तै, साधारणसभाले संस्थापक एनआइसी एसिया बैंक लिमिटेडको तर्फबाट मनोनीत भई प्रतिनिधित्व गरेका दीपक ढकाललाई निर्विरोध सञ्चालकमा चयन गरेको जनाइएको छ ।

नवनियुक्त सञ्चालक ढकालले संस्थाका अध्यक्ष सन्तोषकुमार राठीसमक्ष शपथग्रहण गरी आफ्नो पदबहाल गरेको संस्थाले जनाएको छ ।

राष्ट्रिय टोलीबाट एक खेल खेलेका विशालले लिए सन्न्यास

नयाँ पत्रिका

राष्ट्रिय फुटबल टोलीबाट एक मात्र खेल खेलेका गोलरक्षक विशाल श्रेष्ठले अन्तर्राष्ट्रिय खेलबाट सन्न्यास घोषणा गरेका छन्। दोस्रो संस्करणको नेपाल सुपर लिगमा शुक्रबार श्रेष्ठले अचानक राष्ट्रिय टोलीबाट सन्न्यास लिएको घोषणा गरेका हुन्। चितवनलाई अन्तिम खेलमा जित दिलाउन उत्कृष्ट खेल प्रदर्शन गरेका श्रेष्ठले म्यान अफ दी म्याच पुरस्कार थाप्दै पत्रकारसँग बोल्दै अन्तर्राष्ट्रिय फुटबलबाट सन्न्यास लिएको बताए। 'मैले आजको दिनबाट अन्तर्राष्ट्रिय खेलबाट सन्न्यासको घोषणा गरेको छु,' झापा एफसीलाई २-० ले हराउँदा क्लिन सिट राखेका चितवनका गोलरक्षक श्रेष्ठले पत्रकारलाई स्तब्ध बनाउँदै आफ्नो निर्णय सुनाए।

उनले यसै वर्ष भारतमा भएको साफ च्याम्पियनसिप फुटबल प्रतियोगितामै सन्न्यास लिने तयारी गरेका थिए। तर, तत्काल उनलाई सन्न्यास नलिन परिवार र साथीहरूले सल्लाह दिए। 'त्यसवेला सन्न्यास नलिन सुझाव आएको थियो, अब नयाँलाई अवसर दिनुपर्छजस्तो लाग्छ,' उनले भने, 'भारतको बेंग्लोरमा भएको साफ च्याम्पियनसिपमा नेपाल समूह चरणबाटै बाहिरियो।' त्यसयता विशाल टोलीबाहिर रहँदै आएका छन्।



सन् २०११ मा पहिलोपटक लामो पर्खाइपछि टोलीबाट प्रशिक्षक दशरथ थिए। इलिसाले टोलीबाट खेल्ने प्रशिक्षक प्रकट गरिन्। खेलाडीको बताए। 'नयाँ छन्, त्यहाँमाथि पनि नयाँलाई फुटबलमा भने प्रशिक्षक ग्राहम रोबर्टले विशाललाई राष्ट्रिय टोलीमा बोलाएका थिए। ०७८ को भदौमा उनले राष्ट्रिय डेब्यु गर्ने अवसर पाए। कुवेती अब्दुल्लाह अल्मुताइरीले रंगशालामा भारतविरुद्ध किरणकुमार लिम्बूको स्थानमा विशाललाई डेब्यु गराएका थिए। राष्ट्रिय टोलीबाट उनले खेलेको त्यही एक मात्र खेल नै अन्तिम रह्यो। उनले सन्न्यास लिने वेला रंगशालामा छोरी बेदांक्षी र श्रीमती इलिसा सँगै आफ्ना श्रीमान्‌को राष्ट्रिय योजना सफल बनाएकोमा अब्दुल्लाहलाई आभार विशालले नयाँ क्षमतावान् आगमनसँगै आफू बाहिरिएको क्षमतावान् गोलरक्षक आइरहेका किरण पनि छ, अब आफैँ रहनेभन्दा अवसर दिनुपर्छ,' विशालले भने। घरेलु उनको निरन्तरता हुनेछ।

घरेलु फुटबलमा सफल

विशाल घरेलु फुटबलमा सर्वाधिक सफल गोलरक्षक हुन्। उनले सहिद स्मारक 'ए' डिभिजन लिग मात्रै चारपटक जितेका छन्। मनाङ मर्स्याङ्दी र मच्छिन्द्र फुटबल क्लबका लागि उनले समान दुई लिग उपाधि जिते। ०५९ मा एन्फा एकेडेमीमा आबद्ध भएका विशालले त्यसपछि घरेलु फुटबलमा कहिल्यै फर्केर हेरेनन्। सात वर्ष एन्फा एकेडेमीमा रहेका विशाललाई मनाङले सुरुमै अनुबन्ध गरेको थियो। उनले मनाङमा एक दशक बिताउँदा दुईपटक लिग उपाधि जिते। मनाङलाई ०७५ मा दोस्रोपटक उपाधि जिताएपछि उनी अर्को वर्ष मच्छिन्द्रमा पुगे। उनले मच्छिन्द्रलाई पनि दुईपटक उपाधि दिलाए।

पोखरा र धनगढीको बराबरी

प्ले अफमा स्थान बनाइसकेका पोखरा थन्डर्स र धनगढी एफसीले लिग चरणको अन्तिम खेलमा १-१ गोलको बराबरी खेल्दै अंक बाँडेका छन्। अन्तिम समयमा सम्हालिन नसक्दा धनगढी अंक बाँड्न बाध्य भएको हो। बराबरीले धनगढी शीर्ष स्थानमा उक्लन सकेन। धनगढीले सात खेलमा १३ अंक जोडेको छ। पोखरा समान खेलबाट १५ अंकका साथ शीर्ष स्थानमै रह्यो। धनगढीका लागि मिलन राईको तथा पोखराका लागि घानाका मोसेस ग्याबाले गोल गरेका थिए। मोसेस प्रतियोगितामा ६ गोल गर्दै सबैभन्दा धेरै गोल गर्ने खेलाडीको सूचीमा शीर्ष स्थानमा रहेका छन्।

एथ्लेटिक्स ट्र्याक निर्माण समयमै नसकिने



विश्वराज पछल्डङ्ग्या/नयाँ पत्रिका

नेपालगन्ज रंगशालामा निर्माणाधीन सेन्थेटिक एथ्लेटिक्स ट्र्याक निर्धारित समयमा पूरा नहुने भएको छ। एथ्लेटिक्स ट्र्याक २८ पुससम्म निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता छ। निर्माणकार्य अहिलेसम्म ६० प्रतिशत काम पूरा भएको पञ्चकन्या र स्यांकोट्स जेभीका प्रमुख इन्जिनियर मनीष साहले बताए। 'मसिना र लामो समय लाग्ने काम सकिएको छ, अब ठूलो काम मात्र बाँकी छ,' साहले भने।

ट्र्याक कालोपत्रेका लागि जमिन सम्याउन सुरु भए पनि नाला निर्माणको कामसमेत भएको छैन। तर, निर्माण कम्पनी जाडोमा कालोपत्रे गर्न र सेन्थेटिक बिछ्याउन नमिल्ने जनाउँदै सम्झौता अवधि ६ महिना थप्नुपर्ने पक्षमा छ। 'तोकिएको समयमा काम सम्पन्न गर्ने लक्ष्य छ, तर जाडोयाममा कालोपत्रे गर्न र सेन्थेटिक बिछ्याउन मिल्दैन। निर्धारित समयभन्दा चार महिना बढी समय लाग्ने निश्चित छ,' साहले भने। निर्माण कम्पनीले समय थपका लागि खेलकुदमन्त्री डिगबहादुर लिम्बूसँग अनुरोध गरेको छ। तर, मन्त्री लिम्बूले समय थप नहुने स्पष्ट पारेको मध्यपश्चिमाञ्चल क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख महेश चन्दले जानकारी दिए।

> चिसो मौसममा कालोपत्रे गर्न र एथ्लेटिक्स ट्र्याकमा सेन्थेटिक बिछ्याउन नमिल्ने जनाउँदै पञ्चकन्या एन्ड स्यांकोट्स जेभीले ६ महिना समय थप गर्न खेलकुद मन्त्रालयसँग आग्रह गरेको छ

गुणस्तरीय संरचनामा जोड

निर्माणाधीन ट्र्याक अनुगमनका लागि आएका मन्त्री लिम्बूले गुणस्तरीय संरचना समयमा निर्माण गर्न निर्देशन दिएका छन्। 'सेन्थेटिक ट्र्याक तोकिएको समयमा सम्पन्न गर्न र गुणस्तरीय संरचना निर्माण गर्न निर्माण कम्पनीलाई मन्त्रीज्यूले निर्देशन दिएर जानुभएको छ,' चन्दले भने।

भ्याटबाहेक नौ करोड ८६ लाख ४० हजार आठ सय ३२ रुपैयाँमा सेन्थेटिक ट्र्याक निर्माण भइरहेको छ। ट्र्याक निर्माणसँगै नालाको पनि व्यवस्था गरिएको छ। रंगशालाको पानी निकासका लागि निर्माण गरिएको नालाले थप समस्या निम्त्याउने भन्दै स्थानीयले विरोध जनाएका छन्। निकासका लागि नाला नबनाउँदासम्म रंगशालाको पानी बाहिर आउन नदिने स्थानीयले चेतावनीसमेत दिएका छन्।

नेपालगन्ज रंगशालामा एथ्लेटिक्स ट्र्याक नहुँदा यहाँका खेलाडीलाई अभ्यास खेल खेल्न र प्रतियोगिता गर्न समस्या भएको छ। यहाँ एथ्लेटिक्स ट्र्याक नभएकै कारण आठौँ राष्ट्रिय प्रतियोगिताअन्तर्गत एथ्लेटिक्स प्रतियोगिता दाङको बेलझुन्डीमा भएको थियो।

कोशीले हरायो बागमतीलाई



काठमाडौं/ प्रधानमन्त्री कप महिला टी-२० राष्ट्रिय क्रिकेट प्रतियोगितामा शुक्रबार कोशी प्रदेशले बागमतीलाई आठ विकेटले पराजित गरेको छ। बागमतीले पहिलो ब्याटिङ गरी २० ओभरमा आठ विकेट गुमाएर ८७ रन बनाएको थियो। कोशीले १८.११ ओभरमा दुई विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो। कोशीको जितमा काजल श्रेष्ठले सर्वाधिक ४१ रनको योगदान दिन ५१ बलमा तीन चौका र एक छक्का प्रहार गरिन्। कोशीकी अप्सरी बेगमले ४१ रन बनाइन्। उनले ५४ बलमा चार चौका र एक छक्का प्रहार गरेकी थिइन्। कोशीले प्रतियोगितामा लगातार दोस्रो जित निकालेको छ। कोशीले पहिलो खेलमा कर्णाली प्रदेशलाई १० विकेटले हराएको थियो। बागमतीको यो पहिलो हार हो। बागमतीले मधेश प्रदेशलाई पराजित गरेको थियो।

यसैगरी, अर्को खेलमा सुदूरपश्चिमले पहिलो जित निकालेको छ। सुदूरपश्चिमले लुम्बिनीलाई नौ विकेटले हरायो। मूलपानी क्रिकेट मैदानमा ७२ रनको सहज लक्ष्य सुदूरपश्चिम प्रदेशले ९.५ ओभरमा एक विकेट गुमाएर भेट्टायो। सुदूरपश्चिमलाई जिताउन कविता जोशीले २४ रन तथा रेवती धामीले १७ रन बनाए। लुम्बिनी २० ओभरमा सात विकेट गुमाएर ७१ रन मात्र बनाउन सकेको थियो। लुम्बिनीका लागि सरस्वती पुनले १९ र आश्मा पुनमगरले १६ रन बनाए।

प्रतियोगितामा पहिलो जित हात पारेको सुदूरपश्चिम आफ्नो पहिलो खेलमा एपिएफसँग पराजित भएको थियो। लुम्बिनीले पहिलो खेलमा गण्डकी प्रदेशलाई हराएको थियो। एपिएफ र कोशीले समान चार अंक बटुलेका छन्। सुदूरपश्चिम, गण्डकी, बागमती र लुम्बिनीले समान दुई अंक बटुलेका छन्।

एआइएको मिश्रित प्रदर्शन

काठमाडौं/ अवारनेस इन्टरनेसनल एकेडेमी (एआइए)ले १२औँ प्याब्सन मध्य-क्षेत्रीय बास्केटबल प्रतियोगितामा शुक्रबार मिश्रित प्रदर्शन गरेको छ। सिनियर पुरुषमा जित निकालेको एआइए जुनियर पुरुषमा पराजित भयो। सिनियर पुरुषमा एआइएले लिभरपुललाई २२-१० ले पाखा लगायो। जुनियर पुरुषमा स्वप्नवाटिकाले एआइएलाई १८-११ ले पराजित गऱ्यो। सिनियर पुरुषमा स्पांगलले एसियन पब्लिकलाई २४-११ तथा काठमाडौं जेभियरले स्वप्नवाटिकालाई १९-१४ ले पाखा लगाए।

यसैगरी, जुनियर पुरुषमा सूर्योदयले लिभरपुललाई २४-४ ले हरायो। काठमाडौं जेभियरले लिटिल फ्लावरमाथि २८-१४ र भद्रघलेलाई १८-८ ले हरायो। इनोभेटिभले हेम्सलाई १६-१० ले निराश बनायो। सनसाइनले केइएसलाई २०-६ र चैतन्यले अक्षरलाई २०-१५ ले हराएका छन्। स्पांगलले अल्बर्टलाई १७-२ ले पन्छायो। यसैगरी, सिनियर महिलामा भद्रघलेले केइएसलाई ११-७ ले निराश बनाएको छ। सिर्जनशीलले स्पांगललाई ६-३ र सनसाइनले अल्बर्टलाई १९-२ ले निराश पारे। आयोजक समितिमा आबद्ध विभिन्न १८ विद्यालयका ५० टोली सहभागिता रहेको आयोजक समितिका अध्यक्ष दिनेशकुमार पाण्डेले जनाएका छन्। सिनियर पुरुष र महिलामा समान १६ टोलीले भाग लिइरहेका छन्।

ओब्जोर इन्भेष्टमेन्ट कम्पनी लिमिटेड

(कम्पनी ऐन, २०६३ बमोजिम स्थापित संस्था)
का. म. न. पा. वडा नं. २, काठमाण्डौ

सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

श्री शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८० साल पुस ६ गते बसेको सञ्चालक समतिको बैठकको निर्णयानुसार यस ओब्जोर इन्भेष्टमेन्ट कम्पनी लिमिटेडको सातौं वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरु उपर छलफल गरी निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८० साल पुस २८ गते (तदनुसार १३ जनवरी, २०२४), शनिबार ।
समय : १०:०० बजे ।
स्थान : अकामा होटेल, का.म.न.पा. ४, काठमाण्डौ ।

साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरु :

१. सातौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० साल आषाढ मसान्त सम्मको वासलात, आ. व. २०७९/८० को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वार्षिक वित्तीय विवरणसँग सम्बद्ध अनुसूचीहरु समेत छलफल गरी पारित गर्ने।
३. आ. व. २०८०/८१ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने तथा निजको पारिश्रमिक निर्धारण गर्ने।
४. विविध

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

न्यादी हाइड्रोपावर लिमिटेड

NYADI HYDRO
बुद्धनगर, बानेश्वर, काठमाण्डौ

१६ औं वार्षिक साधारण सभाको सूचना

मिति २०८०/०९/०५ (तद्नुसार डिसेम्बर २१, २०२३) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको १६औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

क. साधारण सभा हुने मिति, स्थान र समय :

मिति : पुस २७, २०८०, शुक्रबार (तद्नुसार जनवरी १२, २०२४)।
समय : बिहान ११:०० बजे।
स्थान : क्वालिटी ब्याङक्वेट बुद्धनगर, काठमाण्डौं।

ख. प्रस्तावहरु:

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७९/८० को वित्तिय विवरणहरु उपर छलफल गरी पारित गर्ने।
३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०८०/८१ का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकहरुको निर्वाचन गर्ने।
५. विविध।

साधारण सभा सम्बन्धी जानकारीहरु:

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०८०/०९/१७ देखी मिति २०८०/०९/२७ सम्म बन्द रहने छ।
२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरु कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.nhl.com.np मा हेर्न सकिने छ।
३. सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, बानेश्वरमा रहनेछ। निर्वाचन अधिकृतले मिति २०८०।०९।२२ गते निर्वाचनको कार्यक्रम कम्पनीको सूचनापाटीमा प्रकाशित गर्नु हुनेछ।
४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ। शेयरवालाको नाम र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधि (प्रोक्सी) फाराम भरी पठाउनु पर्ने छ। कुनै व्यक्तिले एक भन्दा बढी शेयरधनीहरुको तर्फवाट प्रतिनिधि (प्रोक्सी) प्राप्त गरेको भए निजले प्रोक्सी दर्ता गर्न ल्याउँदा प्रोक्सी दिने शेयरधनीको नाम, निजको शेयरधनी नं. वा विओआईडी नं., शेयर संख्यासमेत खुलेको सूची बनाई सूचीमा उल्लेख भए वमोजिमको प्रोक्सी फारम क्रमशः संलग्न गरी निर्वाचन कार्यक्रममा उल्लेख भए वमोजिम निर्वाचन अधिकृतको कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ। एक जना व्यक्तिले आफूले प्राप्त गरेको प्रोक्सी एकै पटक दर्ता गर्नु पर्नेछ।
६. शेयरधनीको नाम थर र शेयरधनी नं. वा विओआईडी नं फरक परेमा, शेयरधनीको नाममा कायम रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या प्रोक्सी फारममा उल्लेख भएमा, प्रोक्सी दिने शेयरधनीको हस्ताक्षर कम्पनीमा रहेको निजको हस्ताक्षरसंग मेल नखाएमा वा फरक परेमा, प्रोक्सी दिने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा, मतदानको प्रक्रिया प्रारम्भ हुनु अगावै प्रोक्सी दिने शेयरधनीको मृत्यु भएको जानकारी प्राप्त भएमा, संगठित संस्थाले दिएको प्रतिनिधि नियुक्ति पत्र रितपूर्वकको नभएमा त्यस्तो प्रोक्सी वा प्रतिनिधिपत्र बदर हुनेछ। तर कम शेयर संख्या उल्लेख भएकोमा सोही शेयर संख्या कायम हुनेछ।
७. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ।
८. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान १०:०० वजे देखि खुल्ला रहने छ। हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरु जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रुपमा प्रस्तुत गर्नु पर्नेछ।
९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ।
१०. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ।
११. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री एनएमवी क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ।

आज्ञाले
कम्पनी सचिव

घर भाडामा लिने सम्बन्धी

सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०७)

हाल कुपण्डोल, ललितपुरस्थित राष्ट्रिय दलित आयोगलाई जावलाखेल, पुल्चोक, शंखमुल, बानेश्वर, अनामनगर, लगनखेल, सानेपा वा आसपासको क्षेत्रमा घटीमा बीस (२०) फुटे बाटोसँगै जोडिएको पानी, बिजुली, ढल व्यवस्था भएको कम्तीमा १० वटा चारपाङ्ग्रे सवारी र दश (१०) वटा मोटरसाइकल पार्किङ्ग गर्न मिल्ने घटीमा २० वटा कोठा भएको वा कम्तिमा ३५०० वर्ग फिट क्षेत्रफल र कम्तीमा ६० जना बस्न मिल्ने हल भएको घर कार्यालय प्रयोजनका लागि आवश्यक भएको हुँदा इच्छुक घरधनी व्यक्ति वा संस्थाले प्रस्तावित घरभाडा (कर सहित मासिक) दर, उपभोग योग्य क्षेत्रफल, प्रस्तावित अवधि लगायतका विस्तृत विवरण खुलाई व्यक्तिका हकमा नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा, घरको नक्सा, घरको निर्माण सम्पन्न प्रमाणपत्र, कर तथा तिरो तिरेको आ.व. २०७९/०८० का प्रमाणहरुको प्रमाणित प्रतिलिपि संलग्न गरी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आयोगको कार्यालयमा कार्यालय समय भित्र रितपूर्वकका शिलबन्दी प्रस्ताव पेस गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ। यसरी प्राप्त भएका प्रस्ताव स्वीकृत वा अस्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार आयोगको कार्यालयमा निहित रहने तथा घरभाडाको हकमा घरभाडा निर्धारण समितिको निर्णयानुसार घर भाडा निर्धारण हुनेछ। विस्तृत जानकारीको लागि कार्यालय समयभित्र आयोगको कार्यालयमा सम्पर्क गर्न सकिनेछ।

राष्ट्रिय दलित आयोग
कुपण्डोल, ललितपुर

गणपति लघुवित्त वित्तीय संस्था लि.

दुलेगौंडा, तनहुँ

सातौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०९/०७)

आदरणीय शेयरधनी महानुभावहरु,
यस वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८०/०९/०६ गते शुक्रबारका दिन बसेको ११२ औं बैठकको निर्णय बमोजिम वित्तीय संस्थाको सातौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गर्न देहाय बमोजिमको मिति, स्थान र समयमा बस्ने भएको हुँदा शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति, समय र स्थान
मिति : २०८० साल पौष २९ गते आइतबार।
समय : विहानको ११.०० बजे
स्थान : केन्द्रीय कार्यालय शुक्लागण्डकी न.पा. -४, दुलेगौंडा, तनहुँ।

छलफलका विषयहरु :

क) सामान्य प्रस्तावहरु
१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने वार्षिक प्रतिवेदन पारित गर्ने।
२. २०८० साल आषाढ मसान्त सम्मको लेखापरीक्षकको प्रतिवेदन र वासलात सहित आ.ब.२०७९/२०८० को नाफा नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्बन्धित अनुसूचीहरु पारित गर्ने।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व. २०८०/२०८१ को कारोवारको लेखापरीक्षण गर्नको लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।
४. सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालकहरुको निर्वाचन गर्ने।

ख) विशेष प्रस्तावहरु
१. संस्थाले एक वा एक भन्दा बढी उपयुक्त लघुवित्त संस्थाहरु गाभ्ने/गाभिने तथा प्राप्ती गर्ने वा प्राप्ती हुन जाने प्रयोजनका लागि उपयुक्त लघुवित्त संस्थाहरु पहिचान गर्ने, समभदारीपत्रमा हस्ताक्षर गर्ने सोको आधारमा सैद्धान्तीक स्वीकृतीका लागि नेपाल राष्ट्र बैंक समक्ष निवेदन दिने, सम्पत्ती तथा दायित्वहरुको मुल्याङ्कन गर्न परामर्शदाता, मुल्याङ्कनकर्ता, लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने तथा Acquisition/Merger सँग सम्बन्धीत अन्य आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी दिने प्रस्ताव गर्ने।

ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

साधारण सभा सम्बन्धी जानकारी :

१. यस सातौं वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका तथा साधारण शेयर दाखिल खारेजीको कार्य मिति २०८०/०९/२० गते देखि मिति २०८०/०९/२९ गते सम्म बन्द रहनेछ। मिति २०८०/०९/१९ गते सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा कारोवार भई दाखिल खारेज हुन बाँकी रहेका कारोवारहरु मिति २०८०/०९/२४ गते भित्र यस कम्पनीको शेयर रजिष्ट्रार एनआइविएल एस क्यापिटल लिमिटेड काठमाडौंमा नामसारीको लागी प्राप्त हुन आउने अभिलेखका आधारमा कायम हुने शेयरधनीहरु मात्र सभामा भाग लिन तथा मतदान गर्न योग्य हुनेछन्।
२. बार्षिक साधारण सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले आफ्नो परिचय खुल्ने प्रमाणपत्र वा सोको प्रतिलिपि अनिवार्य रुपमा साथमा लिई आउनु हुन अनुरोध छ।
३. शेयरधनी महानुभावहरुले उपस्थिति पुस्तिकामा दस्तखत गर्न शेयरधनी उपस्थिति पुस्तिका विहान ९.०० बजे नै खुल्ला गरिने छ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले तोकिएको ढाँचामा कम्पनीको शेयरधनीलाई मात्र प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछन्। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको निवेदन मिति २०८०/०९/२७ गते विहानको ११:०० बजे (अर्थात् सभा सुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै) कम्पनीको रजिष्टर्ड कार्यालय, दुलेगौंडा तनहुँमा दर्ता गराई सक्नुपर्नेछ। प्रतिनिधि (प्रोक्सी) दर्ता सम्बन्धमा कम्पनीले उपलब्ध गराएको प्रोक्सी फारममा तोकिए वमोजिमको प्रमाणीकरण गरी गराई सक्कलै प्रोक्सी प्राप्त हुनुपर्नेछ। यस सम्बन्धमा फोटोकपी/फ्याक्स/इमेल इत्यादीबाट प्राप्त हुने/भएको कुनैपनि प्रोक्सी फारम मान्य हुने छैन।
५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेको अवस्थामा नियुक्त प्रतिनिधि (प्रोक्सी) ले उपस्थिति पुस्तिकामा दस्तखत गरि नसकेको अवस्था एवं सभाको कामकारवाही शुरु हुनुभन्दा अगावै शेयरधनी आफैं सभामा उपस्थित भई उपस्थिति पुस्तिकामा दस्तखत गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः रद्द भएको मानिनेछ। तर एकपटक तोकिएको प्रतिनिधि (प्रोक्सी) लाई बदर गरी आर्को प्रतिनिधि (प्रोक्सी) मुकर्रर गर्नुपरेमा सो को लिखित निवेदन सहित नयाँ प्रतिनिधि (प्रोक्सी) मुकर्र गरेको प्रमाणित प्रोक्सी फारम मिति २०८०/०९/२७ गते विहान ११:०० वजे भित्र कम्पनीको केन्द्रीय कार्यालयमा दर्ता भइसक्नु पर्ने छ। अन्यथा पहिलो मुकर्रर भएको प्रतिनिधि (प्रोक्सी) लाइने मान्यता दिइने छ।
६. कुनै शेयरधनीले प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण साधारण शेयरको प्रतिनिधि (प्रोक्सी) एकजना व्यक्तिलाई मात्र मुकर्रर गर्नुपर्नेछ। एक प्रतिनिधि (प्रोक्सी) फारममा एकभन्दा बढि व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएमा त्यस्तो नियुक्ति बदर हुनेछ। एक शेयरधनीले एक भन्दा बढि प्रतिनिधि (प्रोक्सी) फारम मार्फत् एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी) मुकर्रर गरेमा कम्पनीमा पहिले दर्ता भएको प्रतिनिधि (प्रोक्सी) लाई मात्र मान्यता दिईनेछ। संगठित संस्था शेयरधनीको हकमा संस्थाले तोकी खटाएको वा मनोनीत गरेको प्रतिनिधिले साधारण सभामा भाग लिन तथा मतदान गर्न पाउने छ।
७. नाबालक वा विक्षिप्त शेयरधनीको हकमा कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नेछ। संयुक्त रुपमा सधारण शेयर लिने शेयरधनीहरुको हकमा त्यस्तो शेयरधनीहरु मध्येबाट सर्वसम्मत रुपमा मनोनित प्रतिनिधिले वा सो बामोजिम कुनै प्रतिनिधि नियुक्त नभएमा शेयरधनीहरुको दर्ता किताबमा पहिले नाम उल्लेख भएको शेयरधनीले मात्र साधारण सभामा भाग लिन पाउने छ।
८. सर्वसाधारण शेयरधनी महानुभावहरु मध्येबाट सञ्चालक पदमा उमेद्वार हुनको लागि यस कम्पनीको न्युनतम १०० कित्ता शेयर आफ्नै नाममा लिएको हुनुपर्दछ र उमेद्वार हुन चाहने शेयरधनीले तोकिएको समयावधि भित्र १ (एक) जना यस कम्पनीको शेयरधनी प्रस्तावक र अर्को एक जना कम्पनीकै शेयरधनी समर्थक सहित आफ्नो उमेद्वारी तोकिएको ढाँचा बमोजिम यस कम्पनीको केन्द्रीय कार्यालय दुलेगौडा तनहुँमा दरखास्त मार्फत दर्ता गराउनुपर्नेछ। सञ्चालक निर्वाचन सम्बन्धि कार्यक्रम एंव तत् सम्बन्धी क्रियाकलापका जानकारी यस कम्पनीको प्रधान कार्यालयको सूचनापाटिमा सभा हुने मिति भन्दा कम्तीमा ७ (सात) दिन अगाडि टाँस गरिने छ।
९. प्रत्येक शेयरधनीलाई निजले लिएको शेयरको हदसम्म मतदान गर्ने अधिकार हुनेछ। तर त्यस्तो मताधिकारको अधिकतम हद वा सीमा त्यस्तो शेयरधनीले लिन पाउने यस कम्पनीको अधिकतम शेयर संख्याको सीमा भन्दा बढी हुने छैन।
१०. शेयरधनीहरुबाट उठेका प्रश्न जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनेछन्।
११. विविध विषय अन्तर्गत कुनै शेयरधनी महानुभावलाई कम्पनी सम्बन्धमा केहि जिज्ञासा भए त्यस्तो ब्यहोरा लिखित रुपमा सभा हुनुभन्दा कम्तिमा ७ दिन अगावै कम्पनीको केन्द्रीय कार्यालयमा पठाउनुहुन अनुरोध गरिन्छ। तर, यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
१२. शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा छाता, झोला वा अन्य कुनै बस्तु नलिई आउनुहुन अनुरोध गरिन्छ। सभा अवधिभर सभा स्थलमा रहेको सुरक्षाकर्मीले आवश्यक देखेमा सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा निजहरुलाई सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ।
१३. शेयरधनी महानुभावहरुको जनकारीको लागि कम्पनीको संक्षिप्त बार्षिक आर्थिक विवरण यस वित्तीय संस्थाको वेवसाइट www.ganapatimicro.com.np मा साथै राष्ट्रिय दैनिक पत्रिकाहरुमा समेत प्रकाशित गरिने छ। कथमकदाचित उक्त विवरण प्राप्त हुन नसकेमा कम्पनीको दुलेगौडा स्थित केन्द्रीय कार्यालयबाट सो विवरण प्राप्त गर्नहुन अनुरोध छ।
१४. अन्य जानकारीका लागि कम्पनीको केन्द्रीय कार्यालयमा सम्पर्क गर्नहुन अनुरोध छ।

Ganapati Laghubitta Bittiya Sanstha Limited
("D" Class Financial Institution Licensed by Nepal Rastra Bank)
Ward No.4, Suklagandaki Municipality, Dulegauda, Tanahun
Phone No: 065-414247,414297, Email: info@ganapatimicro.com.np

का.जि.द.नं.१२८/०६३/६४, म.से.हु.नि.द.न. १७/०६९/०७०
शनिबार ७ पुस ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका

मेरो फ्रिकिकले विपक्षी खेलाडी दुई दिन होसमै आएनन्

धीरेन्द्र प्रधान नेपाली फुटबलमा निकै नाम चलेका खेलाडी हुन् । उनलाई फ्रिकिक सुटिङ 'किङ' भनिन्छ । प्रधानको फ्रिकिक यस्तो अचुक थियो, फ्रेममा परेका वेला सीधै गोलपोस्टभित्र बल छिर्थ्यो । बक्सअगाडि उनले प्रहार गरेको फ्रिकिक बल विपक्षी गोलरक्षकलाई रोक्न हम्मे-हम्मे हुन्थ्यो । डिफेन्डर भूमिका निर्वाहमा पोख्त प्रधानले आफ्नो फुटबल करिअरमा धेरै फ्रिकिक गोल गरे । सफल खेलाडी प्रधानले अखिल नेपाल फुटबल संघ (एन्फा)को प्रशासन क्षेत्रमा पनि १२ वर्ष बिताए । सन् १९८३ मा दार्जिलिङमा भएको ब्रिगेड गोल्डकपमा भाग लिँदा उनको एक फ्रिकिक प्रहारले कोलकाताका खेलाडी तीन दिनसम्म अचेत भएका थिए । त्यो खेलको संस्मरण उनले नयाँ पत्रिकाकर्मी **रमेश सुवेदी**लाई यसरी सुनाए :



सन् १९८३ मलेसियामा भएको मर्डेका कपमा प्रतिस्पर्धा गर्नुअघि धीरेन्द्र प्रधान ।

त्रिभुवन विमानस्थलबाट सीधै दार्जिलिङतिर

हामी भर्खर मलेसियाको चर्चित फुटबल प्रतियोगिता मर्डेका कप खेलेर नेपाल फर्किएका थियौं । घर भने जान पाएनौं । त्यसैवेला दार्जिलिङमा आयोजना हुने ब्रिगेड गोल्डकप खेल्ने सेड्युल बनेको थियो । क्वालालम्पुरबाट सीधै त्रिभुवन विमानस्थललाई ट्रान्जिट बनाएर दार्जिलिङतर्फ लाग्यौं । घर नगएर र मर्डेका कपको थकान नमेटाउँदै सोझै दार्जिलिङ जानुपरेको थियो । त्यसपछि हवाईजहाजबाट विराटनगर पुग्यौं । त्यहाँबाट सबै नेपाली खेलाडी गाडीमा बसेर दार्जिलिङतर्फ हुइँकियौं । यो कुरा सन् १९८३ को हो ।

ब्रिगेड गोल्डकप खेल्न हामी नेपाली राष्ट्रिय फुटबल टोली तयारी अवस्थामै थियौं । किनभने, हामीसँग सम्भवतः एसियाकै प्रतिष्ठित फुटबल खेलेको अनुभव थियो । दार्जिलिङमा नेपालले सीधै क्वार्टरफाइनलमा बाई पाएको थियो । क्वार्टरफाइनलमा कुन टोली हो, अहिले त्यति याद भएन । तर, त्यो प्रतियोगितामा भएका रमाइला पक्षहरू भने केही दिमागमा छन् । मलाई लाग्छ, क्वार्टरफाइनलमा हामीसँग पराजित भएको त्यो स्थानीय टोली नै हुनुपर्छ । अहिले त्यतिवेलाका घटना राम्रोसँग सम्झना छैन । क्वार्टरफाइनलमा हामीले सहज जित निकाल्यौं । क्वार्टरफाइनलबाट सहज पार लाग्यौं ।

पोस्टभन्दा ३० यार्ड टाढाबाट फ्रिकिक

केही दिनको रेस्टपछि सेमिफाइनल खेल भयो । हाम्रो प्रतिद्वन्द्वी कोलकाता थियो । फेरि कोलकाता टोली निकै राम्रो थियो । उनीहरूका खेलाडीहरू भारतको 'ए' डिभिजन लिग खेल्थे । भारतको लिग भनेपछि कुरै छाडौं । किनभने, उनीहरूको लिग हाम्रोभन्दा पनि तगडा थियो । ब्रिगेड गोल्डकपको मज्जा के रह्यो भने फुटबल खेल डाँडामा भएको थियो । दार्जिलिङ आफैंमा एक पहाडी क्षेत्र थियो । रमणीय र लोभलाग्दो हरियो प्रकृतिबीच फुटबल मैदान हेर्दा आनन्द लाग्थ्यो । मैदानको चारैतिर पहाडैपहाड थिए । बीचको खाली भागमा मैदान र चारैतिर भुइँमै फुटबल समर्थक आएका थिए । दार्जिलिङमा नेपालीभाषी नेपाली धेरै थिए । उनीहरू हामी नेपाली खेलाडीको खेल हेर्न दर्शक बनेर आएका थिए । क्वार्टरफाइनल खेलमा यस पक्षलाई त्यति याद गरिनँ । सेमिफाइनलमा कोलकाताविरुद्ध खेल्नेक्रममा भुइँमै हजारौं दार्जिलिङका नेपाली दर्शकले हामीलाई चर्को स्वरमा समर्थन गरेका थिए ।

विपक्षीको स्तरअनुसार हामीले पहिलो हाफमा रणनीति बनायौं । भलै कोलकाताका खेलाडी त्यहाँको 'ए' डिभिजन लिग खेल्ने भए पनि हामी पनि कम थिएनौं । सिंगो नेपालको राष्ट्रिय टोलीका खेलाडीले भाग लिइरहेका थियौं । पहिलो हाफमा त्यति मुभ भएन । मध्यान्तरपछि खेल फरक भयो । यति नै समय भनेर थाहा भएन । तर, दोस्रो हाफ नै हुनुपर्छ । नेपालले पोस्टभन्दा ३० यार्ड टाढामा फ्रिकिक पाएको थियो । फ्रिकिक प्रहार गर्ने स्थान ठयाक्कै गोलै हुने फ्रेममा थियो ।

त्यतिवेला मलाई धेरैले राम्रोसँग चिनेका थिए । म आफूले सुनेको थिएँ, 'नेपालका धीरेन्द्रले अचम्म र शक्तिशाली फ्रिकिक प्रहार गर्छन् ।' मप्रति आमदर्शकबाट बोल्दा मन नै प्रफुल्ल हुन्थ्यो । अक्सर त्यस किसिमको फ्रेममा मैले नै फ्रिकिक प्रहार गर्थें । हुन त टोलीमा अरू पनि राम्रा फ्रिकिक हान्न सक्ने खेलाडी थिए । त्यस किसिमको फ्रेममा प्राप्त फ्रिकिकमा मेरो राम्रो दखल थियो । फ्रिकिक प्रहार गर्न मैले मैदानमा बल मिलाइराखेको थिएँ । त्यतिकैमा कोलकाताका एक खेलाडी मेरो अगाडि उभिए । अर्कोतिर रेफ्रीले मानवीय पर्खाल बनाइरहेका थिए । ती विपक्षी खेलाडीको उद्देश्य नै मेरो ध्यान भंग गर्ने नै थियो । उनले ममाथि मनोवैज्ञानिक रणनीति अपनाए । तर, म विचलित भइनँ ।

तीन दिनपछि होस

सायद उनलाई थाहा भएन कि मेरो प्रहार कति शक्तिशाली थियो भनेर । यति थाहा भएको भए, यस्तो हर्कत गर्दैनथे होला । यसबीचमा मैले धेरैपटक सम्झाएँ । 'भाइ साहव थोरा पिछे जाओ,' यस्तै भनेको थिएँ । तर, उनी मान्दै मानेनन् । युवा जोस नै हो, म पनि सनकी थिएँ । मेरो लक्ष्य अब त्यसवेला तिनैलाई लाग्ने गरी फ्रिकिक प्रहार गर्ने भयो । मैले भएभरको बल निकालेर अति नै शक्तिशाली किक प्रहार गरें । वास्तवमै त्यो बल यति स्पिडमा गयो कि उनै कोलकाताका खेलाडीलाई नै लाग्यो । ती खेलाडीको निधारमा बल लाग्यो । अहिले पनि झलझली सम्झना आउँछ । मेरो बलकै कारण तीन खेलाडी त्यहीं झ्याम्मै ढले । सबैजना टाउकोमा बल नराम्रोसँग लाग्यो भनी दौडिन थाले । त्यस मैदानमा दुबो थिएन । उनी सीधै खाली भुइँमै लड्न पुगे ।

झन् पछारिँदा ती खेलाडी त्यहीं बेहोस भए । चिकित्सकले केही समय उपचार गरे । तर, होसमै आएनन् । कता-कता मलाई डर पनि लाग्यो । साँच्चै अब भारतीय खेलाडीमा के होला ? यदि होसै आएन भने के गर्ने ? यस्तै किसिमका सयौं प्रश्नहरू मेरा मनमा उब्जिरहेका थिए । केही समयपछि घाइते खेलाडीलाई अस्पताल पुऱ्याए । रोकिएको खेल केही छिनपछि सुचारु भयो । हामीले सेमिफाइलन खेल २-० ले जित्यौं ।

खेलपछि पनि मेरो ध्यान तिनै खेलाडीको स्वास्थ्य अवस्थामै थियो । हामी बसेको होटेलमा एउटा खबर आयो, 'धीरेन्द्रले फ्रिकिक प्रहार गरेका खेलाडीलाई थप उपचारका लागि कोलकाता लगेको छ ।' बल्ल अलि सास माथि आएको जस्तो भयो । उनलाई दार्जिलिङबाट तत्कालै कोलकाता लगेको थियो । मलाई पछि मात्र थाहा भयो, ती खेलाडीको होस दुई वा तीन दिनपछि मात्र आएको थियो । वास्तवमा त्यसवेला अहिलेको जस्तो फिफाको कडा कानुन थिएन । यदि त्यो समयमा अहिलेको जस्तो नियम बनेको भए, पक्कै पनि म कारबाहीमा पर्थें । सुरुमा त रातो कार्ड खान्थें । त्यसपछि थप कारबाही हुन सक्थ्यो । नियम नभएका कारण ममाथि केही कारबाही भएन । तैपनि, घटनाले मनभित्र डर भने रहिरह्यो ।

> ब्रिगेड गोल्डकपको सेमिफाइनलमा कोलकाताका एक खेलाडी मलाई जिस्क्याइरहेका थिए, फ्रिकिक छेक्न बार लगाएका उनै खेलाडीको निधारमा बल लाग्यो । तीन दिनपछि उनलाई होस आएको रहेछ ।

मोहन बगानलाई हराउँदा भागेर घर आएँ

ब्रिगेड गोल्डकपमा हामी राष्ट्रिय टोली थियौं । क्वार्टरफाइनल र सेमिफाइनल सहजै जित्यौं । अब उपाधि भिडन्तमा भारतको निकै चर्चित क्लब मोहन बगान थियो । त्यसवेला मोहन बगान भारतकै मात्र नभएर एसियाकै बलियो टोली थियो । इमानदारपूर्वक भन्नुपर्दा त्यसवेलाका मोहन बगान र इस्ट बगान तथा वेस्ट बगान हाम्रो राष्ट्रिय टोलीभन्दा बलिया थिए । एसियनस्तरका खेलाडीले भरिएको मोहन बगान हाम्रो प्रतिद्वन्द्वी थियो । अब कल्पना गर्नुस्, हाम्रो हालत के भयो होला ? धेरैले फाइनलमा नेपाललाई सहजै हराउँछ भनी घोषणासमेत गरिसकेका थिए । दार्जिलिङको मैदानबारे हामीलाई राम्रोसँग थाहा थियो, त्यहाँ कसरी खेल्ने भनेर ?



मैदानमा जानुअघि जस्तोसुकै बोले पनि खेलाडीले खेलेपछि नतिजा आउँछ । नभन्दै हामीले यस्तो राम्रो खेल्यौं कि मोहन बगानलाई फाइनलमा सहज रूपमा पराजित गर्‍यौं । त्यो प्रतियोगितामा मैले उत्कृष्ट खेलाडीको पुरस्कार पाएँ । दार्जिलिङमा एउटा गज्जबको कल्चर छ । फाइनल खेलपछिका विजेतालाई घर-घरमा पाहुनाका रूपमा खुवाउने । फेरि यसपटक नेपाली खेलाडीले नै उपाधि जित्दा दार्जिलिङका नेपाली निकै दंग परेका थिए । दार्जिलिङेले हामी खेलाडीलाई अतिथिजस्तै सत्कार गरी खुवाउने योजना बनाए । हरेक घरमा हामी दुई वा तीनजना खेलाडी हुन्थ्यौं । यस्तो गर्दा महिनौंमा पनि नसकिने भयो । फेरि के होला भन्ने डर पनि भयो । त्यसैकारण हामी कसैलाई पनि थाहा नदिएर राति नै काठमाडौं भागेर आयौं ।


दुईजनाको हात फ्याक्चर

मेरो खेल करिअरमा बल प्रहारकै सम्झना भएसम्म थप दुईजना नराम्रोसँगै घाइते भएका थिए । पहिलो त दार्जिलिङको केस नै भयो । सन् १९८७ मा ओलम्पिक छनोटअन्तर्गत फुटबलको पहिलो खेल नेपालमै भएको थियो । नेपालमा बंगलादेशले प्रतिस्पर्धा गर्न आएको थियो । खेलका क्रममा हामीले एउटा कर्नर पायौं । दशरथ रंगशालाको कुन भागमा भनेर अहिले ठ्याक्कै भन्न सकिन्न । संयोगवश मैले नै कर्नर प्रहार गरें । मैले बल सीधै पोस्टतिर हानें । बल यति क्रप भएर गएको थियो, बंगलादेशी गोलरक्षकको हातमा लाग्यो । बल सीधै स्विङ हुँदै गोल भयो । पछि मात्र थाहा भयो कि मेरो कर्नरकिक क्लियर गर्न हातले बल छेकेका ती बंगाली गोलरक्षकका हात नै फ्याक्चर भएका रहेछन् । एक कर्नरकिक क्लियर गर्न हातले रोक्दा हात नै फ्याक्चर हुने घटना संसारमै विरलै हुने गर्छ होला ।

यसैगरी, नेपाली राष्ट्रिय टोलीको प्रशिक्षण क्रममा मेरो प्रहारकै कारण साथीकै हात फ्याक्चर भएको थियो । हामी सबै क्लोज क्याम्पका लागि बसेका थियौं । कुन प्रतियोगिताका लागि बसेको भन्ने याद छैन । प्रशिक्षकले हामी सबै खेलाडीलाई फ्रिकिकमा पोख्त बनाउन पालैपालो प्रहार गर्न लगाएका थिए । मेरो पालो आयो । मैले प्रहार गरेको फ्रिकिकलाई गोलरक्षक सुरेश बस्नेतले छेकेका थिए । अति नै कडा फ्रिकिक छेक्न उनको हात बारमा लागेको थियो । त्यही पोलमा हात ठोक्किँदा सुरेशको हात फ्याक्चर भएको हो । मेरो फुटबल करिअरमा यस्ता घटना धेरै भएका छन् ।

नाल्बाडियनमाथि प्रेमिकाको आरोप

पूर्वप्रेमी नाल्बाडियनले खराब नियत राखी सिसिक्यामराबाट सबै गतिविधि हेरेको मोडल अरासेलीको दाबी



टेनिसका खेलाडी डेभिड नाल्बाडियनले खेल छाडेको धेरै वर्ष भइसकेको छ । एक दशकअघि उनले सन्न्यास लिएका थिए । यसबीच उनीसँग सम्बन्धित खासै चर्चा भएन । तर, अहिले उनले एउटा विवादको सामना गरिरहेका छन् । नाल्बाडियनले आफ्नी पूर्वप्रेमिका अरासेलीको दैनिक गतिविधि सिसिक्यामराबाट हेरेको आरोपको सामना गरेका छन् । अर्जेन्टिनी मोडल अरासेलीले पूर्वप्रेमी नाल्बाडियनमाथि यस्तो आरोप लगाएकी हुन् । यो अहिले अदालतसम्म पुगेको छ । अरासेलीको घरमा सिसिक्यामरा जडान छ ।

उच्च प्रविधिको सहयोगमा नाल्बाडियनले सिसिक्यामराका माध्यमबाट गतिविधि नियालेको अरासेलीको भनाइ छ । अरासेलीले अदालतबाट आफूले न्याय पाउने बताएकी छिन् । एक व्यक्तिको स्वतन्त्रता हनन गरेको र अनुमति नलिई सिसिक्यामराको सफ्टवेयर पूर्वप्रेमीले चोरेको दाबी अरासेलीले गरेकी छिन् । 'धेरैपछि पूर्वप्रेमीले मेरो घरको सिसिक्यामराबाट सबै गतिविधि हेरेको थाहा पाएँ,' उनले भनिन्, 'यतिवेला मेरो मात्र नभएर एक व्यक्तिको मानव अधिकार हनन भएको छ, यस्तो नराम्रो नियत राख्ने व्यक्तिलाई कडा कारबाही हुनुपर्छ ।'

मोर्डल अरासेलीले गत जुनमा अर्जेन्टिनामा किनेको नयाँ घरमा सिसिक्यामरा जडान गरेकी थिइन् । उनले घरको मुख्य गेटदेखि बाथरुमसम्म सिसिक्यामरा राखेकी छिन् । ६ महिनासम्म सिसिक्यामरा दुरुपयोग भइरहेको अरासेलीलाई मेसो नै भएन । केही समयअगाडि उनका भाइले एयर कन्डिसनको कर्भर हटाउने क्रममा सिसिक्यामरा बिग्रेको थाहा पाए । सिसिक्यामराको सफ्टवेयर परीक्षण गर्दा नाल्बाडियनले प्रयोग गरेको प्रस्ट भयो । यो थाहा पाउँदा अरासेली स्तब्ध भइन् ।

नाल्बाडियनले स्विकारे प्रेमिकाको आरोप

उनले पूर्वप्रेमीसँग कुराकनीसमेत गरिन् । नाल्बाडियनले सिसिक्यामराबाट सबै गतिविधि हेरेको स्वीकार गरे । यद्यपि, सुरुवाती क्रममा घटनालाई सामान्य रूपमै लिइएको थियो । तर, टेनिस खेलाडी नाल्बाडियनले पूर्वप्रेमिकालाई मानसिक रूपमा यातना दिन थाले ।

मानसिक यातनाबाट मुक्त पाउन र फोहोरी विचार भएका व्यक्तिलाई सजाय दिन नै अरासेलीले घटना सार्वजनिक गरेकी हुन् । यसै साता मात्र अरासेलीले स्थानीय अदालतमा मुद्दा दर्ता गरेकी थिइन् । प्रारम्भिक अदालतमा उनको मुद्दा कमजोर परेको थियो ।

पुनरावेदन अदालतले अरासेलीलाई घटनाका सबै प्रमाण जुटाउन अन्तरिम आदेश दिएको छ । 'पूर्वप्रेमिकाले म बाथरुममा नुहाइरहेकोलगायत अन्य फोटो देखाउँदै ब्ल्याकमेलको कोसिस गरेका थिए,' उनले भनिन्, 'अदालतबाट बाहिरिने क्रममा समेत फोनमा यस्तै फोटो देखाए ।' नाल्बाडियनको मोबाइलमा अरासेलीका सयौं नग्न फोटा समावेश छन् । उनले आफ्नी पूर्वप्रेमिकाका परिवारसँगै नातेदारलाई पनि यो फोटो सेयर गरेका छन् ।

अनौपचारिक



गफमा मस्त

राष्ट्रिय खेलकुद परिषद्को मेडिकल तथा रिसर्च सेन्टरबाट फिजियोथेरापी गरी बाहिरिँदै १९औं एसियाली खेलकुदमा कराँतेतर्फ रजत पदक विजेता एरिका गुरुङ (बायाँ) र प्रशिक्षक कुशल श्रेष्ठ ।
तस्बिर : **ज्ञानेन्द्र कार्की**/नयाँ पत्रिका

विश्वकपमा धेरै रातो कार्ड दिने रेफ्री




फुटबल खेलाडीले मैदानमा खेल भावनाविपरीत प्रदर्शन गर्दा रातो वा पहेँलो कार्ड पाउने गर्छन् । विपक्षी खेलाडीलाई खराब ट्याक गर्दा सीधै रातो कार्डसमेत पाउँछन् । यहाँ फरक प्रसंगका रूपमा विश्वकप फुटबल इतिहासमा मेक्सिकोका रेफ्री मार्को रोड्रिगुइजले एक रेकर्ड आफ्नो नाममा राखेका छन् । उनले तीन विश्वकपमा समग्रमा सात खेल खेलाउँदा पाँचपटक रातो कार्ड देखाएका थिए । सन् २००६ को जर्मनीमा भएको विश्वकपमा उनले एकै खेलमा दुई रातो कार्ड देखाए । सर्बिया र आइभरी कोस्टबीचको खेलमा उनले दुई खेलाडीलाई सीधै रातो कार्ड देखाएका थिए । यसैगरी, फ्रेन्च रेफ्री जोइल क्विनिओले विश्वकपका आठ खेलमा पाँच खेलाडीलाई रातो कार्ड देखाउँदै मैदानबाहिर पठाए । सन् १९८६ को विश्वकपमा उनले उरुग्वेका जोसे बास्टिटालाई खेलको पहिलो मिनेटमै रातो कार्ड देखाए ।

मियामीको समुद्री किनारमा रमाउँदै बाउचार्ड



टेनिसको नयाँ सिजन सुरु हुन दुई-तीन साता बाँकी छ । यसबीच खेलाडीले राम्रो ब्रेक पाएका छन् । वर्षभरि टेनिस कोर्टमा दौडधुप गरेका खेलाडी विन्टर ब्रेक समयमा घरपरिवार वा एकल यात्रामा निस्केका छन् । यसैक्रममा टेनिस सुन्दरी इगेनिए बाउचार्डले अमेरिकाको मियामी बिचलाई 'होलिडे' प्याकेज बनाएकी छिन् । लगातार खराब प्रदर्शन गरेकै कारण उनी अहिले महिला एटिपी वरीयताको दुई सय ७७औं स्थानमा छिन् । टेनिस कोर्टमा बाउचार्डको खासै चर्चा नभए पनि यसबाहिर हुने गतिविधिले उनी चर्चामा रहेकी छिन् । मियामीमा होलिडे मनाइरहेकी बाउचार्ड आफ्ना केही साथीसँगै बिकिनी पोजमा देखिइन् । बाउचार्डले मियामीको बिचमा रमाइलो गरिरहेको क्षण कैद मात्र गरिनन्, सोसल मिडियामा समेत पोस्ट गरेकी छिन् ।





नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित । **कार्यकारी निर्देशक** : सुशील थापा । **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा । **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com